राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh




## समाजवादी सरकारबाट नबाहिरिने



काठमाडौं । समाजवादी पार्टीका संघीय अध्यक्ष बाबुराम भट्टराईले नेपाललाई ११ प्रदेशसहितको पुनर्संरचना गर्नुपर्ने आफ्नो पुरानो अडान दोहोऱ्याएका छन् । समाजवादी पार्टीको काठमाडौंमा सुरू भएको संघीय परिषद् बैठकमा राजनीतिक प्रस्ताव प्रस्तुत गर्दै अध्यक्ष भट्टराईले ११ प्रदेशको पुनसंरचना मोडेल उपयुक्त भएको तर्क गरे ।

'उत्पीडित राष्ट्रियताहरूको मुक्ति तथा शासन सत्तामा साझेदारीका लागि राज्यको एकात्मक तथा केन्द्रीकृत चरित्र तथा संरचना अन्त्य गरी पहिचान, अधिकार, स्वायत्तता र स्वशासनमा आधारित संघीयता निर्माण गर्नुपर्दछ,' उनले प्रस्तुत गरेको दस्तावेजमा भनिएको छ, 'त्यसनिम्ति पहिचानमा आधारित ११ प्रदेशको मोडेलमा जानु आवश्यक छ ।'

अहिलेको राज्यलाई संघीयकरण गर्ने प्रक्रियालाई अधुरो र अपूर्णको संज्ञा दिँदै आफ्नो पार्टीले मधेशी, आदिवासी जनजाति, मुस्लिम, खस, थारू, शिल्पी दलित, अल्पसंख्यक तथा लोपोन्मुख जाति समुदायको मुक्तिआन्दोलनलाई सदैव अगाडि बढाउने भट्टराईको प्रस्तावमा भनिएको छ ।

उनले विकास, सुशासन र समृद्धिको लागि सोहिअनुसारको प्रणाली, विधि, पद्धति र संस्थागत प्रक्रिया हुनुपर्नेमा त्यसो नहुँदा अहिले मुलुकमा राम्रो विकास हुन नसकेको पनि दाबी गरेका छन् ।

राजनीतिक प्रस्तावमा भट्टराईले पार्टी तत्काल सरकारकाबाट फिर्ता हुन नहुने संकेत पनि दिएका छन् । सरकारमा सहभागी हुनुपूर्व सरकारसँग भएको दुई बुँदे सहमति कार्यान्वयनका लागि दबाब सिर्जना गर्नुपर्ने उनले बताएका छन् । 'सरकार र सरकार सम्बद्ध पार्टीसँग वार्ता अगाडि बढाउने, २ बुँदे सहमती अनुरूप संविधान संशोधनका लागि संशोधनको प्रक्रिया अगाडि बढाउन पहल गर्ने र त्यसलाई कार्यान्वयन गर्ने प्रक्रिया अगाडि नबढाएमा सरकारबाट वर्हिगमनका लागि पार्टीको कार्यकारिणी समितिले निर्णय गर्ने गरी पार्टी अगाडि बढ्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ । यद्यपि उनले संघीय सरकारमा पार्टीको सहभागिताबारे गम्भीर समीक्षा गर्न जरूरी रहेको बताएका छन् ।

## 'आदिवासीको अधिकारलाई प्राथमिकता दिन्छौं'



कपिलवस्तु । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले आफ्नो पार्टी आदिवासी जनजातिको अधिकार कायम गर्ने बताएका छन् । दाङको लमहीमा थारू कल्याणकारिणी सभाले आयोजना गरेको भेट्घाट कार्यक्रममा बोल्दै अध्यक्ष डा. राउतले अहिले पनि आदिवासी जनजातिका अधिकार पूरा नभएको बताए । उनले भने, 'हाम्रो पार्टी आदिवासी जनजातिको अधिकार कायम गर्न काममा तत्परका साथ लागि परेको छ । आइएलओ १६९ मा उल्लेख भएको वनजंगल र जमिनमा आदिवासी जनजातिको अधिकार कार्यान्वयनको आवश्यकता रहेको छ ।' त्यसैगरी, संयुक्त राष्ट्रसंघमा नेपालले गरेको प्रतिबद्धताअनुसार नै नेपालका आदिवासी जनजातिले अधिकार पाउनु पर्ने तर्क उनको थियो ।

## संसारव्यापी हस्ताक्षर अभियान




काठमाडौं । 'मातृभूमिका लागि नेपाली'ले कार्तिक ३० गते शनिबारदेखि संसारव्यापी हस्ताक्षर अभियान सुरू गर्न लागेको छ । स्वधर्म, स्वसंस्कृति, राष्ट्रियता, राष्ट्रिय एकता र जनताका दैनिक समस्या समाधानका निम्ति दबाब पैदा गर्न जनस्तरमा गठित नागरिक सङ्गठन मातृभूमिका लागि नेपालीले हस्ताक्षर अभियान गर्न लागेको जनाइएको छ । किराँत, बौद्ध, शिख, जैन, बोन र नेपाली मुसलमानहरूले परापूर्वदेखि मान्दै आएका इस्लामलगायतको धर्म-संस्कृति संरक्षण गर्ने वैदिक सनातन हिन्दूराष्ट्र स्थापनाका निम्ति मातृभूमिका लागि नेपालीले हस्ताक्षर अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । अभियानको थालनी वसन्तपुरबाट हुने र सो दिन बिहान ११:०० बजे वसन्तपुरमा शुभारम्भ समारोह आयोजना गरिएको मातृभूमिका लागि नेपालीले जनाएको छ । संसारभरि जहाँसुकै रहेका नेपालीले हस्ताक्षर गर्न सक्ने भन्दै उक्त सङ्गठनले सबै देशभक्त राष्ट्रप्रेमी नेपालीलाई हस्ताक्षर अभियानमा सहभागी हुन आह्वान गरेको छ । समारोहमा बौद्ध, किराँत, जैन, शिख र सनातनी वैदिक धर्मका प्रतिनिधि तथा सातजना किशोरकिशोरीले पहिलो हस्ताक्षर गरेपछि अभियान तीन महिनासम्म निरन्तर चल्ने बताइएको छ । कम्तीमा एक करोड हस्ताक्षर सङ्कलन गरी त्यसको 'प्रतीकपत्र' राष्ट्रपति र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय कार्यालयमा बुझाइने भएको जनाइएको छ ।

## मधेशवाणी पुनः 'क' वर्गमा

काठमाडौं । राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित रही १५ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको राष्ट्रिय साप्ताहिक मधेशवाणी पुन: राष्ट्रिय 'क' वर्गमा पर्न सफल भएको छ । विभिन्न आरोह/अवरोह पार गर्दै राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति कटिबद्ध यस मधेशवाणीले सफलतापूर्वक आफ्नो कार्य सम्पादन गर्दै आएको छ । कसैप्रति पूर्वाग्रह/आग्रह नराखी निष्पक्षरूपमा मधेश र समग्र राष्ट्रका समसामयिक मुद्दा उठान गर्दै आएको छ । यस सफलतासँगै मधेशवाणीले आगामी दिनमा पनि राष्ट्र र जनताप्रति समर्पित रहने प्रतिबद्धतासमेत व्यक्त गर्न चाहन्छ ।

## सीमा विवादको अन्तर्य

# कुटनीतिक र राजनीतिक माध्यम नै समाधानको उपाय

**मधेशवाणी डेस्क**

काठमाडौं । सरकारले हालै नयाँ राजनीतिक नक्सा जारी गरेसँगै नेपाल-भारतबीच रहेको सीमा विवादको विषय फेरि सतहमा आएको छ । भारतले जम्मु तथा कश्मीरलाई दिँदै आएको विषेश राज्यको मान्यता खारेज गरेर नयाँ राजनीतिक संरचना निर्माण गरेपछि नयाँ नक्सा जारी गरेको हो । जसमा भारतले नेपालसँग विवादित क्षेत्र कालापानीलाई आफ्नो भनेको छ । भारतले जारी गरेको नयाँ नक्सामा नेपाल, भारत र चीनको त्रिदेशीय विन्दुमा अवस्थित कालापानी क्षेत्रलाई भारतीय भूभागको रूपमा समावेश गरेपछि त्यस विषयमा बहस सुरू भएको हो ।

कालापानी क्षेत्रमा भारतले गरेको भनिएको 'कब्जा'को विषयमा सरकारले यस विषयमा आफ्नो धारणा के हो स्पष्टसँग राख्नु पर्छ । तर अहिलेसम्म औपचारिक रूपमा सरकारले केही भनेको छैन ।

यद्यपी यस विषयमा नापी विभागले पनि अध्ययन सुरू गरेको छ । विज्ञहरूकाअनुसार सुस्ता र कालापानीको विषयमा विवाद छ । यो विषय दुवै देशका सचिवस्तरीय कमिटीमा छलफलमा पनि छ । नापी विभागले त्यसलाई प्राविधिक रूपमा सहयोग गरिरहेको छ ।

सन् १९६२ मा भारत-चीन युद्धको समयमा कालापानीमा भारतले सैनिक ब्यारेक निर्माण गरेको थियो । भारतीय पक्षले कृत्रिम नदी निर्माण गरेको छ । भारत त्यसैलाई काली नदीको उत्पत्तिस्थल दाबी गर्छ र कालापानी नियन्त्रणमा राखेको छ भने नेपालले कालापानी आफ्नो भूभाग भएको बताउँदै आएको छ ।

यसअघि भारत र चीनबीच सन् २०१४ लिपुलेक हुँदै व्यापारिक मार्ग खोल्ने विषयमा भएको सहमतिको नेपालले विरोध गरेको थियो । नेपालले सन् १८१६ भएको सुगौधी सन्धि विपरित भन्दै आपत्ति जनाएको छ । नेपालको विषयमा नेपाल सहभागी नभएको बैठकमा छलफल भएको प्रति पनि नेपालको आपत्ति रहेको थियो ।




नेपालका अधिकारी र राजनीतिक नेताहरूले कालापानी र लिपुलेक नेपालको अविभाज्य भूमि रहको भन्दै आएका छन् । भारतले सो भूभाग अनधिकृतरूपमा कब्जा गरेको थिए । तर सीमा विवाद समाधान गर्नेतर्फ दुवै देशले खासै चासो दिएको देखिँदैन ।

नेपालको दार्चुला जिल्लामा पर्ने लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई भारतले आफ्नो

- नेपाल भारतबीच १ हजार ८ सय ८० किलोमिटर सीमारेखा
- ७७ जिल्लामध्ये २७ जिल्ला भारतको सीमासँग गाँसिएको
- यसमध्ये २४ जिल्ला (धनुषा, बैतडी र डडेलधुराबोहक) मा सीमा विवाद
- नेपाल र चीनबीच १,४३९ किलोमिटर लामो सीमारेखा
- २०१८-१९ सालमा सीमांकन गर्दा ३२ स्थानमा विवाद

उनीहरूको दावी छ । महाकाली एकीकृत सन्धि २०५३ संसदबाट पारित हुँदा पनि यो विषय उठेको थियो । नदीको उद्गमस्थलको पहिचानबिनै त्यो सन्धि पारित गरिएको थियो । तत्कालीन भारतीय राजदूत केभी राजनले नेपालको भूभाग भए त्यो फिर्ता गर्छौं भनेका

नयाँ राजनीतिक नक्सामा औपचारिकरूपमै राखेर प्रकाशित गरेपछि यो गम्भीर बहसको विषय बनेको छ । भारतले सार्वजनिक गरेको नक्सामा नेपालको ३७२ वर्गकिलोमिटर भूमि भारततर्फ पर्न गएको नेपालको दाबी छ । लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई नेपालले गएको फागुनमा सार्वजनिक गरेको नक्सामा पनि राखेको छ । नेपाली स्वामित्वको उक्त भू-भागलाई भारतले आफ्नो दाबी गर्दै आएको छ र सो क्षेत्रलाई विवादित क्षेत्रकोरूपमा मानिएको थियो । सोही विवाद अन्त्य गर्न दुई देशबीच सचिवस्तरीय संयन्त्रसमेत गठन भएको थियो ।

### भारत सकारात्मक

नेपाल-भारतका बीच उत्पन्न सीमा विवाद समाधान गर्न भारत सकारात्मक बन्ने संकेत देखिएको छ । नेपाल सरकारले कूटनीतिक र राजनीतिक पहल थाल्ने बताइरहेको बेला भारतले वार्तामार्फत सीमा विवाद समाधान गर्न सकिने बताएको छ । तर औपचारिक रूपमा भारतले वार्तामार्फत सीमा विवाद समाधान गर्ने विषयलाई सार्वजनिक भने गरेको छैन । भारतले आफ्नो नक्सा पुरानै रहेको र सीमा नमिचिएको बताउँदै आएको छ ।

भारतले कालापानी सीमा विवाद समाधानको विषयमा विदेश सचिवस्तरी संयन्त्रको बैठकमा छलफल गर्ने सक्ने संकेत दिएको छ । सो बैठक बंगलादेशका राष्ट्रपति अब्दुल हमिदको नेपाल भ्रमणपछि मात्र हुने अवस्था छ ।

सीमा व्यवस्थापनका सम्बन्धमा नेपाल र भारतबीच खुला सीमा व्यवस्था छ । खुला सीमा दुरूपयोग गर्नाले दुवै देशलाई समस्या पर्छ । खुला सीमाका कारण आतंककारी गतिविधिको चलखेल तथा अन्तर-सीमा अपराध पनि बढेको छ । चेलिबेटी बेचबिखन, लागु पदार्थ तस्करी, व्यक्ति अपहरण, मालसामान तस्करी, भारतीय नक्कली नोट ओसार पसार भएको छ ।

### के गर्ने ?

नेपाल-भारत उच्चस्तरीय विज्ञ तथा सीमा कूटनीतिक मिसन परिचालन गरी सहज वातावरण सिर्जना गर्नुपर्छ । भारतीय समकक्षी रिसाउलान् र आफ्नो पदीय कुर्सी ढलमल गर्ला भन्ने डर र भय नेपाली पदाधिकारीहरूले आफ्नो

बाँकी अन्तिम पृष्ठमा

## मुख्मन्त्री राउत अमेरिकामा




काठमाडौं । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत अमेरिका पुगेका छन् । एशोसिएशन अफ नेपाली तराईयन इन अमेरिका (एन्टा)को साधारण सभामा प्रमुख अतिथिको रूपमा सहभागी हुन मुख्यमन्त्री राउत अमेरिका पुगेका हुन् । कार्तिक ३० गते शनिबार एनटाको साधारण सभामा सहभागी हुन मुख्यमन्त्रीको साथमा प्रदेश २ का मुख्य न्यायाधिवक्ता दिपेन्द्र झासमेत बुधबार अमेरिका प्रस्थान गरेका थिए ।




समय-सन्दर्भ

उपेन्द्र यादव



# सुदृढ समाजवाद नै लोकतन्त्रको आधार

**विभेदसहितको समाजवाद सम्भव छैन । विभेद र असमानतालाई बोकेर लोकतन्त्रको कुनै भविष्य हुँदैन । सामाजिक लोकतन्त्रबिना राजनीतिक लोकतन्त्रको कुनै अर्थ छैन ।**

जब म सानो थिएँ, जातजाति, धर्मबीचको फरक छुट्याउन सक्दिन थिएँ । अलिक ठूलो भएपछि जब काठमाडौं आएँ, यहाँका सरकारी कार्यालयहरूमा जाँदा यो त मधेशी पो रहेछ भनेर इंगित गर्दा पो थाहा भयो मधेशी भनेर मलाई नै भनिरहेका रहेका छन् । विस्तारै चेतना वृद्धि हुँदै जाँदाखेरी म कतै जाँदै थिए त्यहाँ दलितहरूको बस्ती थियो । उनीहरूलाई यिनीहरू तल्लो जातका हुन्, यिनीहरूले छोएको खानु हुँदैन भनिदै थियो । तर मैले त त्यही खाईसकेको थिएँ । ती दलितहरू समानता, सम्मान र अवसरबाट बञ्चित पारिएका समुदायहरू रहेछन् । कोही मधेशी समुदायमा जन्मियो मधेशी भएकै कारणले उसले अपमान सहनुपर्ने ? कलेज पढ्न जाँदा केही लिट्रेचरहरू पढ्दाखेरी खासगरी मार्सिस्ट लिट्रेचरहरूमा विपन्न वर्गका भएकै करणले सारा सेवा र सुविधाबाट बञ्चित हुनुपर्ने, शिक्षाबाट बञ्चित हुनुपर्ने ज्ञान भयो । गरिबी भएकै कारणले शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता हरेक अवसरबाट बञ्चित हुनुपर्ने, मानवीय विकासका अवसरहरू नपाउने र साधन स्रोतबाट अधिपत्य जमाएर लामो समयदेखि बसिरहेका एउटै वर्गले हरेक सुविधाको उपभोग गरिरहेको देखियो । यो कसरी घट्छ त भन्ने मलाई सोच आयो । कम्युनिष्ट आन्दोलनमा लागेपछि कम्युनिष्टहरूले यो विभेद घटाउँछ र साम्यवादमा गइसकेपछि घट्छ भन्ने लागेर कम्युनिष्ट आन्दोलनमा लागियो । अगाडि बढ्दै जाँदा त्यसमा पनि एउटा भ्रम पाएँ । त्यसले पनि यो वर्ग विभेदलाई अन्त्य गर्न सकेन र एउटा नयाँ त्रास जन्मियो । राजनीतिमा लागेर, पावरको नजिक भएकाहरू सधैं माथि हुने भए तर पछाडि परेको वर्ग सधैं पछाडि नै भइराख्ने भयो । अझ अगाडि बढ्दा, महिलाले समान हक अधिकार नपाएको, मुस्लिमहरूले त्यस्तै अपमान सहनु परेको अवस्था देखियो । अहिले पनि मुस्लिमहरूको मदरसा दर्ता हुँदैन । नेपालीमा एउटै भाषालाई सरकारी कामकाजको भाषा मानिएको छ । अरू भाषीहरूलाई भाषिक रूपमा विभेदमा पारिदै आइएको छ । मुस्लिम, दलित, महिला, मधेशी सबै विभेदमा हुने, अल्पसंख्यक समुदाय पनि विभेदमा हुने, आदिवासी जनजातिहरूको संख्या ठूलो भएपनि प्रतिनिधित्व नहुने, उनीहरूको पहिचानले कुनै मान्यता नपाउने यस्तो अवस्था भएको शासन प्रणाली लोकतान्त्रिक कसरी हुन्छ ?

लोकतन्त्र, समानता र स्वतन्त्रता दुईवटा महत्वपूर्ण पक्ष हो । संविधान र कानुनमा सबै बराबर छन् भनेर लेखेर समानता हुँदैन । अधिकार र अवसरमा हुनुपर्छ । अहिले अवसर प्राप्त भएको ब्युरोक्रेसीदेखि अन्य क्षेत्रहरूमा हेर्ने हो भने नेपालको दुई तिहाई जनसंख्या भएको समुदायले ३/४% प्रतिशत मात्र प्रतिनिधित्व पाउँछ । त्यसलाई समानता कसरी भन्ने ? महिला, मधेशी, दलित, जनजातिको उपस्थिति एकदमै न्यून भएको अवस्थालाई समानता भन्न सकिदैन । अवसरमा समानता भएन भने अधिकारमा समानता छ भनेर कागजमा लेखेर भातृत्व कसरी पैदा हुन्छ ? सम्पन्नता र विपन्नताबीचको भातृत्व धेरै कठिन कुरा हो ।

कार्ल मार्क्सले वर्ग संघर्षको कुरा गरे तर हाम्रो समाजमा वर्ग संघर्ष छँदैछ । एउटा उच्च समुदायको दलितको र एउटा पछाडि पारिएको समुदायका दलितबीचको स्तर कहाँ मिल्छ र ? नेपालको सबैभन्दा धनी व्यक्तिको घरमा जाँदा त्यो घरमा बुहारीको स्थान धेरै तल हुन्छ त्यहाँ समानता हुँदैन । खासगरी वर्णमा आधारित ब्राहमण, क्षेत्री, वैश्य, सुद्र भनी गरिएको विभाजन छ । त्यसमा सुद्रहरूले भोगेको दुर्दशा र उत्पीडनहरू चरम सीमामा छ । त्यो पश्चिमी दुनियाँले अनुभूति नै गर्न पाएनन् । पूर्वीय दुनियाँ र पश्चिमी दुनियाँमा धेरै फरकपना छन् ।

जातीका आधारमा हुने विभेद र असमानताहरू, वर्णमा आधारित समाजले उत्पन्न गरेको हो जसमा सबभन्दा प्रताडीत दलित, महिला लगायतका छन् । त्यो प्रथा र वर्णले गर्दा भइरहेको हुने खाने र हुँदा खानेबीचको अन्तरलाई अन्त्य नगरेसम्म समानता कहाँबाट हुन्छ ? र त्यसको अन्त्य नगरेसम्म समाजवाद पनि हुन सक्दैन । जातीय आधारमा, वर्गीय आधारमा हुने शोषणा, उत्पीडन र लैगिंक असमानता र विभेदलाई अन्त्य गरी त्यस सँगसँगै सबैलाई बराबरी

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# सीमाको समाधान

भारतले जारी गरेको आफ्नो नक्साभित्र नेपाली भूभाग परेको भन्दै अहिले नेपालको राजनीति तातेको छ। नेपाल र भारतबीत उत्पन्न पछिल्लो सीमा विवादको विषयमा छलफल गर्न प्रधानमन्त्रीले सर्वदलीय बैठक पनि बोलाए। सर्वदलीय बैठकमा मुलुकको सार्वभौमिकता र अखण्डताप्रति सबै दल र नेताहरू एक भए। सरकारले राष्ट्रियताका विषयको यो चिन्तामा नागरिक, नेता र दल सबैको समर्थन पाएको छ। सरकारले समग्र मुलुकको समर्थन पाएको छ। नेपाली नागरिकको यो जनमतले भारतलाई पनि राम्रै सन्देश दिएको हुनुपर्छ। भारतले यसलाई सन्देशका रूपमा ग्रहण गरे वा नगरे पनि नेपाल सरकारले छिमेकीसँग त्यही तहमा वार्ता गर्ने सार्वभौम अधिकार प्राप्त गरेको छ।

उता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारद्वारा सिमानामा कुनै परिवर्तन नगरिएको र भारतकै सम्प्रभु क्षेत्रलाई मात्र समेटेको भनिएको छ। यस्तो गम्भीर विषयलाई संसद्भित्रै घनिभूत छलफल भई विज्ञ टोलीद्वारा सत्य प्रमाणका आधारमा समाधान खोजिनुपर्छ। प्रधानमन्त्रीस्तरबाट समाधान खोजिनुपर्छ। नयाँदिल्ली र काठमाडौंका बीचमा सीमा विवादलाई लिएर वार्ता हुनुपर्छ।

सीमाको विषय प्राविधिक पक्ष हो। यो विषयमा यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनेर हुँदैन। दुवै सरकारले बनाएको प्राविधिक समिति पछि छ। अब दुवै देशका सरकारले उक्त समितिलाई क्रियाशील बनाएर सीमा विवादको स्थायी समाधान खोज्नुपर्छ। नेपाललाई न त भारतको भूभाग चाहिएको छ न त भारतलाई नै नेपाली भूभाज चाहिन्छ। अहिले जे परिस्थिति उत्पन्न भएको हो त्यसमा कतै न कतै भ्रम पनि

> संवाद र वार्तामार्फत नेपाल-भारत र चीनको त्रिदेशीय सम्बन्ध रहनेगरी सीमा विवादलाई टुङ्ग्याउने निर्णायक भूमिकामा नेपालका सरोकारवाला सबै लाग्नु आवश्यक छ।

हुनुपर्छ वा केही गल्ती पनि हुन सक्छ। त्यसैले यो गम्भीर विषय आवेशमा आएरमात्रै समाधान हुँदैन। तसर्थ नेपालले भारतीय पक्षसँग कूटनीतिक पहलका आधारमा नेपाल-भारत विवाद समाधान गर्न गठित कार्यदलमार्फत नै दुवै देशको हित हुने दीर्घकालिक समाधान खोजिनुपर्छ। संवाद र वार्तामार्फत नेपाल-भारत र चीनको त्रिदेशीय सम्बन्ध रहनेगरी सीमा विवादलाई टुङ्ग्याउने निर्णायक भूमिकामा नेपालका सरोकारवाला सबै लाग्नु आवश्यक छ।

नेपाल र भारतबीचको सम्बन्ध धेरै पुरानो छ। नेपाल र भारत एकअर्कोको छिमेकी मात्र होइन, असल मित्र पनि हो। नेपाल र भारतले एअर्कालाई मित्रवत् व्यवहार गर्दा कसैलाई हानि हुँदैन। भारतसँग नेपालको मित्रवत् सम्बन्ध नरहँदा नेपालले मात्र हानि बेहोर्नुपर्दैन। प्रकारान्तरमा भारतले बेहोर्नुपर्ने घाटा नेपालको भन्दा ठूलो हुन सक्छ। पछिल्लो दिनमा नेपाल-भारत सम्बन्ध सुधारमा थप आयामहरू देखिएका छन्। भारतीय पक्षले पनि सकारात्मक हात अघि बढाएको अनुभव नेपाली नागरिकले गरेका छन्। प्रधानमन्त्रीका रूपमा नरेन्द्र मोदीले पटक-पटक गरेको नेपाल भ्रमणले दुई देशको मित्रतामा मधुरता थपिएको छ। भारत नेपालको स्थिरता र विकासप्रति सकारात्मक छ।

पछिल्लो सीमा विवाद नयाँ घटना होइन। न त यो बीज आज रोपिएको हो। नेपालका तथाकथित राष्ट्रवादीहरूलाई नै भारत-चीन युद्धका समय १९६२ मा आएर बसेको भारतीय सेनालाई फर्काउन नसक्नुमा भारतको गल्ती हो र ? राजा महेन्द्रले तात्कालीन वीपी कोइराला नेतृत्वको पहिलो जननिर्वाचित सत्तालाई कुल्चिएर सुरू गरेको सामन्ती व्यवस्थालाई जोगाउनकै लागि भारतीय सेनालाई नेपालमा बस्न दिए। राजा महेन्द्रकै कारण आज यस्ता प्रकारका सीमा विवादहरू उब्जिएका हुन्। नेपालमा राष्ट्रवादको अनौठो परिभाषा छ। एकथरी अर्कोलाई अराष्ट्रिय देखाएर आफू राष्ट्रवादीको पगरी लगाउँछन्। राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्ममा पनि यो प्रवृत्ति थियो। आफ्ना हरेक कुकर्ममा भारतको सहयोग खोज्ने तर ती कुकर्मबाट सुरक्षित हुन भारत पुग्नुलाई अपराध ठानेर अराष्ट्रिय घोषणा गरेर आफू राष्ट्रवादी हुने गरियो। यो प्रवृत्तिका रूपमा फेरिएको छ। तर, सारमा अहिले पनि यो प्रवृत्ति कायमै छ। नेपालमा भारतको विरोध गर्नुलाई राष्ट्रवादी हुनु हो भन्ने ठान्छन् र त्यसो गरेबापत कोही चीनबाट र कोही पाकिस्तानबाट आशिर्वादको अपेक्षा गर्छन्। वस्तुतः कसैको विरोध र कसैको समर्थन गरेर राष्ट्रवाद हुन सक्दैन।

विगतमा जे जस्तो भएपनि अहिले केपी ओली सरकारलाई भारतसँग आवश्यक सबैखालका प्रक्रियामार्फत आफ्नो अधिकार स्थापित गर्ने जनादेश छ। सरकारका लागि यो चुनौतीमात्र होइन, अवसर पनि हो।

## सातको सात बात


नेपालको जलस्रोत र बंगलादेशको प्राकृतिक ग्याँस दुवै देशको आर्थिक समृद्धिको बाहक बन्न सक्छ। दुवै मुलुकसँग आर्थिक विकासमा अपार सम्भावना छ। दुई देशबीचको घनिष्ठ र परम्परागत सम्बन्धलाई आर्थिक साझेदारीमा रूपान्तरण गर्न सकिन्छ। **विद्यादेवी भण्डारी, राष्ट्रपति**


स्थिर सरकार भएको बेलामा प्रतिपक्षको समेत साथ पाएको वर्तमान सरकारलाई सीमासम्बन्धी सबै समस्या समाधान गर्न सबैभन्दा उत्तम समय यही हो। दक्षिणतिर मात्र होइन नेपालको उत्तरी भागमा पनि सीमा विवाद छन्। आफ्नो देशको सीमा सुरक्षाका लागि हामी एक छौं। **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**


कम्युनिष्ट विचार बोकेर काँग्रेसले कम्युनिष्टलाई हराउन सक्दैन त्यसैले कांग्रेस र कम्युनिष्टको विकल्प राप्रपा हो। विधिको शासन, बेरोजगारी समस्या र भ्रष्टाचारको अन्त्य, स्वाधिनताको रक्षा र सिमाको सुरक्षा चाहनेले राप्रपाजस्तो राष्ट्रबादी शक्ति रोज्नुपर्छ। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**


आफ्नो भूमिको लागि जनता सडकमा आउनु नागरिक अधिकारको कुरा हो, त्यसमा हामीलाई केही भन्नु छैन। जनताले पनि सडकमा आएर सरकारलाई ध्यानाकर्षण गराउका हुन्। सडकमा उठेका भावनाहरूलाई सरकारले सम्बोधन गर्नुपर्छ। **महेन्द्र राय यादव, नेता राजपा नेपाल**


लागुऔषध, मानव बेचबिखन, अवैध सम्पत्ति र साइबर क्राइमजस्ता संगठित अपराध देशलाई कमजोर बनाउने चुनौतीपूर्ण तत्वका रूपमा देखापरेको छ। अपराध अनुसन्धान तथा शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी शारीरिक रूपमा स्वस्थय र मानसिक रूपमा सबल हुनुपर्छ। **रामबहादुर थापा, गृहमन्त्री**


सरकारले संविधान र संघीयताको मर्मअनुसार काम गरोस्। सरकारको कार्यशैली हेर्दा एकदलीय तानाशाही लाद्ने खतरा बढ्दै गएको छ। कांग्रेस पार्टीलाई बलियो बनाउन कार्यकर्तामा वैचारिक स्पष्टता र प्रतिबद्धता आवश्यक हुन्छ। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**


उच्चस्तरीय राजनीतिक लेभलबाट कुटनीति वार्ता गरी समस्याको निकासा आउने हो कि कुनै दूतावासको गेटमा गएर आगो बालेर आउँछ ? भारत र नेपालको सम्बन्धलाई केही काठमाडौंमा बसेका संस्थाहरूले यस्तो बिगारिरहेका छन्, जसप्रति बोल्नै नसकिने वातावरण भएको छ। **मनिष सुमन, नेता, राजपा नेपाल**

# भारतीय नक्सा सन्दर्भको आन्दोलन

**विचार-विश्लेषण** भाग-४७


उपेन्द्र झा

ठूला-ठूला आन्दोलनले नेपालको यावत् समस्यालाई समाधन गर्न स्थापना गरिएको संविधानसभालाई तीन ठूला राजनीतिक दल (नेपाली कांग्रेस, एमाले र माओवादी) ले कब्जा गरी आफ्नो मनोकांक्षा अनुरूप संविधान घोषणा गरे। नेपालको धरातलीय समस्या सम्बोधनबाट बञ्चित रहेको अवस्थामा नेपाली राजनीतिको ठूलो हिस्सा असन्तुष्टिको पीडाबाट मुक्त हुन सकेन। त्यो समुदायले पुनश्च: द्वन्द्वको आवश्यकता महसुश गऱ्यो र अहिले भिन्नभिन्न माग लिएर द्वन्द्व सतहमा अवतरित हुन लागेको छ।

शक्तिशाली सरकार विरूद्ध कहिले सरकारको स्वेच्छाचारिता विरूद्ध, चरम भ्रष्टाचार विरूद्ध, अपराध विरूद्धका आन्दोलनहरूले विगत केही महिनादेखि नेपाली राजनीतिलाई तताएको छ भने अहिले ३ नोभेम्बर २०१९ मा भारतले प्रकाशित गरेको नयाँ नक्साको सन्दर्भमा भारतीय विस्तारवाद विरूद्धको आन्दोलन देशभरी चर्किदैं गएको छ। यसमा आश्चर्यको कुरा के छ भने सत्तापक्षका भातृ संगठनहरू पनि आन्दोलनरत भएका छन्।

भारतले नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायत कतिपय ठाउँमा अतिक्रमण गरेको आरोपका साथ भारतीय विस्तारवाद विरूद्ध देशव्यापी आन्दोलन चर्किदैं गएको छ। सार्वसौभसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रको सीमा अतिक्रमण कानुन विपरित रहेको कुरामा दुई मत छैन। तर भारतले सीमामा कति भू-भाग र कहाँ कहाँ अतिक्रमण गरेको छ त्यस विषयमा नेपाल सरकारको आधिकारिक धारणा बाहिर नआएको र भारतका विदेश मन्त्रालयले आफ्नो सफाईमा नेपाली भू-भाग कहि अतिक्रमण भएको छ भने हामी बसेर छलफल गर्न तयार छौं भनेको अवस्था छ।

जनअपेक्षा पुरा गर्न नसकेर शक्तिशाली सरकार असफल भएकाले सरकार विरूद्धको प्रदर्शन त छँदैछ। सरकारको क्रियाकलाप सन्तोषजनक नरहेको, असहयोग व्याप्त रहेको, सरकारलाई बदनाम गर्ने उद्देश्यले सरकारी संयन्त्र संचालित रहेको सरकार प्रमुखको आशंका निवारण गर्न तथा आफ्नो सत्तलाई अक्षुण राख्न भारतीय विस्तारवाद- मूर्दावादको नारा आफ्नो बचाउमा ल्याएको बुद्धिजीवीहरूको विश्लेषण छ। भारतसँग मिलेर वा विरोध गरेर जहिले पनि राजनीतिक फाईदा लिने नेपाली शासक वर्गको चरित्र रहेकाले अहिलेको भारत विरोध पनि राजनीतिक लाभबाट नै प्रेरित हो कि विश्लेषकहरूको आंकलन छ।

भारतले कश्मिरलाई आफ्नो नक्सामा राखेका कारण नेपाली राजनीतिलाई तरंगित गर्न सत्तापक्ष र विपक्ष आफ्नो स्वार्थ अनुसार लागि परेका छन्। दुवै पक्षले शासक वर्गीय राष्ट्रवादलाई फेरी एकपल्ट भारतीय अतिक्रमणको नाउँमा जगाउन खोजी रहेको छ।

स्मरण रहोस् मधेशले गरेको नाकाबन्दीलाई भारतको टाउकोमा राखेर जसरी नेपाली राष्ट्रवादलाई संगठित पारि केपी शर्मा ओलीले दुई तिहाईको शक्तिशाली सरकार बनाउन सफल भए त्यस्तै सोही फर्मुला प्रयोग गरी सत्ता टिकाउन भारत विरोधी नारा उचालिएको हुनसक्छ। तर सरकारले संगठित पार्न खोजेको राष्ट्रवाद अहिले विभाजित अवस्थामा छ। विपक्षले पनि भारतको विरोधमा राष्ट्रवादीलाई संगठित पार्न खोजी रहेको छ।

भारतसँगको सीमा विवाद धेरै पुरानो हो। भारतसँग बार्गेनिङको लागि उठ्दै आएको सीमा विवाद नेपाली शासकले समाधान गर्न कहिल्यै पनि चासो राखेन। कुनैबेला गिरिजा प्रसाद कोईरालाको सरकारको विरोधमा तत्कालीन एमालेले कालापानीबाट भारतीय सेना हटाउन र सीमा विवाद सुल्झाउन भारतमाथि दबाब बनाउन ६९ दिनसम्म संसदलाई अबरूद्ध गऱ्यो तर त्यो पनि बार्गेनिङमा तुहियो।

स्वार्थ पूरा गर्न देश बेचेको महारथीहरूमा गिरिजाप्रसाद कोईराला, शेरबहादुर देउवा, केपी शर्मा ओली, माधव नेपाल, झलनाथ खनालको नाम शीर्ष स्थानमा रहेको सार्वजनिक हुँदै आएको छ। सत्ताका लागि भिन्न भिन्न मितिमा सम्झौता गरिएको दस्तावेज हुँदा हुँदै पनि अनावश्यक भारत विरोधी भावना भड्काएर राजनीति गर्नु निश्चय पनि स्वस्थकर हुँदैन।

सत्ता स्वार्थका लागि भिन्न भिन्न शासकहरूले भारतसँग सहयोगको नाममा तथा कृपादृष्टि पाउन पटक-पटक गरिएको सम्झौता आज राष्ट्रघाती सम्झौताको रूपमा परिभाषित हुँदैछ। २०११ सालमा मातृका प्रसाद कोईरालाले कोशी सम्झौता गरे। २०१६ सालमा गण्डक र कालापानी सम्झौता भयो। यी दुई लगायत अन्य धेरै सम्झौता राजाको पालमा भएको थियो। राष्ट्रघाती सम्झौताको रूपमा प्रख्यात महाकाली सन्धी नेपाली कांग्रेसका शेरबहादुर देउवा, प्रतिपक्षका एमाले नेता माधब नेपाल, केपी ओली, झलनाथ खनाल आदिले गरेका थिए। यस सन्धीमा मनमोहन अधिकारी अनुपस्थित रहे। यो २०५३ असोज ४ गते भएको हो र यस्तै २०४८ सालमा गिरिजा प्रसाद कोइरालाले टनकपुर सन्धी गरे।

> चीनले हड्पेको नेपाली भूमिको कुनै चर्चा नहुनु र भारतको अतिक्रमणलाई नियतवश प्रचार गरि अनावश्यक आन्दोलनको थालनीले केही राजनीतिक खेलाडीहरूको स्वार्थ पुरा होला तर भारत विरोधी भावना भड्काएर राजनीति गर्नु देशको लागि स्वास्थकर भने छैन।

चीनले हडपेको नेपाली भूमीको कुनै चर्चा नहुनु र भारतको अतिक्रमणलाई नियतवश प्रचार गरि अनावश्यक आन्दोलनको थालनीले केही राजनीतिक खेलाडीहरूको स्वार्थ पुरा होला तर भारत विरोधी भावना भड्काएर राजनीति गर्नु देशको लागि स्वास्थकर भने छैन। सरकारले पहिला भारतको नक्शाबारे आधिकारिक धारणा सार्वजनिक गर्नुपऱ्यो। कहाँ कति जग्गा मिचिएको हो। समस्या समाधानका लागि नेपाली जनतालाई आह्वान गनुपऱ्यो। त्यसपछि नेपाली जनताको आन्दोलनले वैधता पाउँछ र सीमा विवाद सुल्झाउन भारत पनि बाध्य हुन्छ। तर त्यसो गर्न कोही चाहँदैन। आफ्नो स्वार्थको लागि गरिएको सम्झौता विरूद्ध यी शासकहरूको बोल्ने हिम्मत त छैन, आन्दोलन कसरी गरोस्।

भारत विरोधी भावना फैलाएर अरू शक्तिराष्ट्रलाई खुसी पार्ने, कथित राष्ट्रवादीहरूलाई भारत विरूद्ध संगठित पारि सत्ता स्वार्थ पुरा गर्ने अर्को राष्ट्रघाती कदम हुने कुरालाई बिर्सिनु हुँदैन। भारतको विकल्प भारत नै हुन्छ, चीन हुन सक्दैन।

कश्मिरमाथि भारतले गरेको सैन्य कारवाही भारत र पाकिस्तानको आन्तरिक मामिला भनेर चीनले विश्वासपात्र मित्र पाकिस्तानलाई छोड्न बेर लगाएन। काश्मिर मामिलामा नेपाल सरकारको प्रष्ट विचार सार्वजनिक हुन नसक्नु कातर मानसिकताको लक्षण हो भन्ने त्यसै प्रष्ट हुन्छ। आन्तरिक रूपमा जन्मिएको आक्रोशलाई भातृ संगठनमार्फत प्रष्ट्याउनु अर्को भुल हुने कुरा प्रष्ट छ। एकपल्ट विजय प्राप्त गर्न प्रयोग गरिएको फर्मुला अर्को पल्ट काम लाग्छ कि लाग्दैन, भविष्यले नै बताउँला।

*janukjha24@gmail.com*

# विकल्प के त ? के सधैं सडकमै हुने त हामी ?


डा.मनोज मुक्ति विवेक

दामवाद, भयवाद, लम्पसारवाद,
खामवाद, कमाऊनिष्टहरूद्वारा शासित
राष्ट्रका भेडा जनता हामी !!
होइन हउ, सिंहदरबार-बालुवाटार घेर्नु
पर्ने बेला लैनचौरमा के गर्या होउ ?
चिनियाँ दूतावास थाहा छैन, कि औकाद
न पुगेको ?
कि फेरि राष्ट्रवादको भुत लाग्या हो कि
?
होस् गर है, पहिलाको भारत होइन नी !
सक्छौ भने चिनियाँ दूतावास पनि घेरन
होउ !
कि चुनावका बेला जनता बेबकुफ
बनाउन भ्यागुता झैं बुरूकबुरूक
सडकमा !
कि अन्तैबाट दाम पो पायौ कि,
राष्ट्रवाद झल्काउन ?
भारतले भाउ नदिएर भारत
तर्साउन खोज्दै छौ कि ?
होस् गर, बिगत सम्झेर वर्तमान
केलाउ !
राष्ट्रवाद भनेको भारतको बिरोध
होईन है !
उप निर्वाचन कै लागि राष्ट्रवाद
जाग्या हो भने, ख्याल गर तिम्रो
संविधानमा छिद्र होईन ठुलै ह्वाङ
छ, एक पाना खाली छ, संघीयता(
गणतन्त्र(धर्म निर्पेक्षता अहिले लार्भा
अवस्था मै छन् , गर्भ तुहिन सक्छ,
न हुर्की आर्यघाट पुग्न सक्छ, पाप
लाग्ला है, ज्ञठण्ण भन्दा बढीको
सहादत तिम्रो कुर्सीको खेलमा खेर
जाला है।
होईन हउ, चुचुन्द्रे कता हरायो ?
थुथुनो हल्लाएको सुनिदैन त ?
ऊखानटुक्का पनि सक्या हो कि ?
बोल न हउ रोगी आत्मा !
वास्तविकता आखिरमा के हो ? जनता
जान्न चाहन्छन् !
फेरि चिपन्तरू पनि कता हो कता ?
चिप्लिने डरले दुलोमा पस्यो कि ?
छेपारे ! अब त छेपारे भन्न नि लाज
लाग्छ, छेपारोलाई गाली लाग्ला कि
भन्ने पीर ! होईन हउ पाखण्डीको
सुरूङ्ग युद्ध लड्ने भाडाका टट्टुहरू
कता हराए ? भुस्याहाका भरौटेहरू !
कि प्रम बन्न प्राय निश्चित भएकोले
मुखमा गुजो हाल्या ? तिम्रा ती ध्वास,
थुक्क मुर्गा चोर !
लाजै लाग्यो बा, राष्ट्रवाद नि कस्तो ?
लैनचौरसम्म को !
स्वाधीनता नि कस्तो ? लम्पसार परेर !
स्वाभिमान नि कस्तो ? मागी खाने
भाँडो !
कम्युनिष्ट नि कस्तो ? कमाऊनिष्ट
जस्तो !
माओवाद नि कस्तो ? दामवादमा
विसर्जन !
समाजवाद नि कस्तो ? कुर्सीको गणेश
परिक्रमा जस्तो !
गणतन्त्र नि कस्तो ? ठ्वास्स ठ्वास्स
गन्हाउने जस्तो !
लोकतन्त्र नि कस्तो ? लूटतन्त्र जस्तो
!
भै गो जे भनेनी लाज(मरूवाहरूलाई
के को ........!
पानी मरूवाहरू थुक्क !
नेपालमा सेना नि छ रे, कता हो कता
सुने जस्तो लाग्यो है ! जनताको करले
उठेको पैसा खाने अनि ब्यारेकमा
मोज गर्ने .............? जनताले
आवाज लगाउदा न सुन्ने बहिरा सेना,
हार(गुहार माग्दा न निस्किने
कातरहरूको फौज, अरू केही भन्दिन
आफै लाज लागेर आयो ! बरू अहिले
सेनामा “मधेश ब्रीगेड“ भईदिएको
भए दृश्य अर्कै हुन्थ्यो, पक्कै हुन्थ्यो,
ठोकुवा साथ भन्छु “आर कि पार“
हुन्थ्यो ॥
हे पशुपतिनाथ ज्ञानेन्द्रेलाई सु(बुद्धि
देऊ !!
हे माता जानकी ज्ञानेको ज्ञान(चक्छु
खोली देऊ !!

# मधेशका जनतालाई शोषण गर्ने मधेशकै सामन्तहरू हुन्

देशी विदेशी प्रतिक्रियावादीहरूसँग मिलेर हिजोसम्म हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ भन्नेहरू रातारात मधेशका मसिहा भए । त्यसकारण मूल रूपमा मधेशका जनतालाई शोषण गर्ने मधेशकै शोषक सामन्तहरू नै हुन ।



**सत्यनारायण मण्डल**

**स्थायी कमिटी सदस्य, नेपाल कम्युनिष्ट पार्टी**

**० प्रदेश २ को नामाकरण कहिलेसम्म हुन्छ ?**

– प्रदेश २ लाई दुई नम्बरीको जुन ट्याग लागेको छ यो कहिलेसम्म हट्छ भन्ने सम्पूर्ण जिम्मा प्रदेश २ सरकारसँग छ । नेकपा र नेपाली कांग्रेस सरकारभन्दा बाहिर रहेका दल हो । हामीले प्रदेशको नामाकरणका विषयमा संसदमा पटक-पटक कुरा उठायौं । सरकारले नाम र राजधानीको बारेमा प्रस्ताव दर्ता गराएको छ तर त्यसमाथि कुनै छलफल भएको छैन । संसद बैठक स्थगन भइरहेको छ । प्रदेशसभा अनिर्णयको बन्दी हुनुको प्रमुख कारण प्रदेश सरकार नै हो ।

**० प्रदेश सरकारले मधेश प्रदेशको नाम सिफारिस गरेकोमा कांग्रेस र नेकपाको छुट्टा-छुट्टै प्रस्ताव पनि आएको छ, त्यसले गर्दा पनि सत्तापक्षले निर्णय गर्न नसकेको हो कि ?**

– त्यस्तो पनि हुन सक्छ । कसरी सहमतिमा पुग्न सकिन्छ त्यसको लागि प्रयास त गर्नुपर्‍यो नि । छलफल नगरी अनिर्णयको बन्दी भएर बसिराख्न त भएन । प्रदेश २ को सरकारले मधेश प्रदेश, नेपाली कांग्रेसले मिथिला, भोजपुरा प्रदेशको प्रस्ताव राखेको छ हामीले जानकी प्रदेश भनेका छौं । सबै आ-आफ्नो अडानमा रहने हो भने समाधान निस्किदैंन । जनताले कुनै दललाई पनि दुई तिहाइको म्यान्डेट दिएको छैन । छलफल गरेर मिलन बिन्दु खोज्नुको विकल्प छैन । मधेश प्रदेशमा त हाम्रो सहमति हुनै सक्दैन । त्यसको अलवा अरू कुनै एउटा साझा नाम सबैलाई मान्य हुनेगरी प्रस्ताव आयो भने त्यसमा हामी सहमत हुन सक्छौं ।

**० प्रदेशको नामको विषयमा सरकारले खुल्ला रूपमा असिहलेसम्म छलफल चलाएकै छैन ?**

– छैन । प्रस्ताव मात्र गरेको छ, सूचना मार्फत । हामीले पनि प्रस्ताव दर्ता गराएका छौं र त्यो भन्दा अगाडि कुनै प्रक्रिया बढेको छैन ।

**० तपाईहरूलाई मधेश प्रदेश किन स्वीकार हुँदैन ?**

– मधेश कहिँ प्रदेश हुन्छ ? प्रदेशको नाम त कुनै ऐतिहासिक, सांस्कृतिक नामबाट हुनुपर्ने हो । अहिले मधेशी दलहरूको प्रदेश २ मा सरकार छ तर मधेश आन्दोलन हुनुभन्दा अगाडि कुन मधेशी दल थियो ? गजेन्द्रनारायण सिंहको नेतृत्वमा २०४५/४६ सालमा गठन भएको सद्भावना मञ्चबाट सद्भावना पार्टी बनेको थियो । गजेन्द्रनारायण सिंहको अवसान पछि त्यो पनि ५/६ टुक्रामा विभाजित भयो । रातारात मधेशी जनता माथि शोषण, उत्पीडन भइरहेकै थियो । त्यही बीचमा लाहन घटना भयो र त्यसपछि स्वर्तस्फूर्त रूपमा मधेश आन्दोलन उठ्यो । जो मधेशी जहाँ थिए त्यहीँबाट आन्दोलनलाई नैतिक समर्थन गरे । जुनसुकै पार्टीमा लागेको भएपनि सबैले मधेश आन्दोलनलाई नैतिक समर्थन गरे । त्यसपछि केही अवसरवादी चरित्रका, जो सबभन्दा ठूलो प्रजातान्त्रिक पार्टीको रूपमा रहेको नेपाली कांग्रेसमा आबद्ध थिए, उनीहरूले मधेश आन्दोलनको यश आफूलाई दिन थाले । त्यतिबेला सत्तामा पनि त्यही पार्टी थियो तर उनीहरू मधेशमा समस्या छ भनेर किन देखेनन ? महन्थ ठाकुर त कांग्रेसको कोषाध्यक्ष हुनुहुन्थ्यो, नेपाली कांग्रेसबाट मन्त्री समेत भइसक्नुभएको थियो । विजय गच्छदार, प्रकाश गुप्ता लगायत ५/६ पटक मन्त्री भइसकेका नेताहरू पार्टी छोडेर आएर एउटा मधेशी दल गठन गरेका हुन् । पहिला मधेश आन्दोलनको जन्म हुन्छ, त्यसको स्वामित्व कांग्रेस छाडेर आएका व्यक्तिहरूबाट गठन भएको दलले लिन्छ । उपेन्द्र यादवको पार्टी त थिएन त्यतिबेला, मधेशी फोरम भन्ने एउटा एनजिओ थियो । त्यसपछि संविधानसभा बिथोल्नकै लागि विभिन्न किसिमले तत्कालीन राजासँग मिलेर गौर घटना गराए । एक मधेशीले अर्को मधेशीलाई जसरी पनि हत्या गराउने नियतले त्यो घटना गराइयो । त्यो मधेश आन्दोलन नै होइन त्यो त मानवता विरोधी आन्दोलन हो । मधेशी जनताको भित्रैदेखि त्यो लाहनको घटनामा समर्थन थियो तर जब त्यसको स्वामित्व मधे ीभनेका दलहरूले लिए, देशी विदेशी प्रतिक्रियावादीहरूसँग मिलेर हिजोसम्म हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ भन्नेहरू रातारात मधेशका मसिहा भए । त्यसकारण मूल रूपमा मधेशका जनतालाई शोषण गर्ने मधेशकै शोषक सामन्तहरू नै हुन ।

**० मधेशी दलले उठाएका मुद्दा सही छैन भन्न खोज्नुभएको ?**

– उनीहरूले आफ्नो मुद्दालाई अगाडि बढाउनपर्छ र त्यहाँसम्म ठिक छ । राज्यले दिएका सबै सुख सुविधा उपभोग गरेकै हुन्, संघीय सरकारमा पनि सहभागी छन्, प्रदेश २ मा पनि उनीहरूकै सरकार छ । संविधानले प्रत्यायोजित गरेको अधिकार प्रयोग गरैकै हुन् । उनीहरूले नैतिकता खोज्न कहाँ जाने हो ? यही संविधानलाई मानेर सपथ खाएका छन् । ३६४ दिन यही संविधानलाई मानेर तलब, भत्ता थाप्ने अनि ३६५ औं दिन संविधान दिवसको दिनलाई कालो दिवस भन्ने ? मधेशका कत्ति जनताको घर छैन अब चिसोको मौसममा शीतलहरबाट कत्तिको मृत्यु हुन्छ त्यततर्फ ध्यान छैन । उनीहरूको लागि संघीयता त ठगी खाने भाँडोझै भएको छ भन्ने मलाई लाग्छ ।

**० नामको टुंगो लगाउने सन्दर्भमा नेकपाको भूमिका के हुन्छ ?**

- कि हामी इतिहासमा जाऔं कि जनक प्रदेश राखौं अथवा जानकी प्रदेश राखौं । हाम्रो मुलुक पूर्वी सभ्यताको जननी हो । हामी तीन करोड नेपालीहरूको र भारतका पनि हिन्दु धर्ममा आस्था राख्नेहरूले जप्ने नाम जानकी, सीता हो । मधेश नाममा उजीहरूको जुन अडान छ आखिर मधेशलाई संसारभर चिनाउने मधेशको गौरव भनेकै जानकीजी हो नि त । जानकी छैन भने मधेशको कुनै औचित्य र अस्तित्व नै छैन अनि किन यो नाम राख्न कन्जुस्याई गर्ने ।

**० प्रदेश २ मा नेकपा सबैभन्दा ठूलो दल हो, अहिले प्रदेश प्रमुख पनि नेकपा समर्थित नै आउनुभएको छ, त्यहाँ सत्ता समीकरण हुने सम्भावना कत्तिको देख्नुहुन्छ ?**

– राजनीतिमा कुनै चिज असम्भव हुँदैन । अहिलेसम्म हामीले यो विषयमा छलफल गरेका छैनौं । म प्रदेश २ को इन्चार्ज पनि हो । अहिलेको सत्तापक्षसँग पनि कुराकानी भएको छैन । सुरूमा त्यहाँ प्रदेश सरकार बन्दा हामीसँग विश्वासको मत माग्नुभएको थियो । हामीले पार्टीभित्र छलफल गरेर विश्वासको मत दिएका हौं । हामी नयाँ राजनीतिक प्रणालीमा गएका छौं । हामीले संघीय व्यवस्थाको अभ्यास गरेका थिएनौं । त्यसकारण अहिले नै सत्ताको, पदको लोभ गरेर तुरून्तै अगाडि बढिहाल्न हुँदैन । यसले जनतामा यो व्यवस्थाप्रति नै निराशा पैदा गर्छ । त्यसकारण धैर्यतापूर्वक अगाडि बढ्नुपर्छ । जतिपनि बजेटहरू आएका छन् विधेयकहरू आएका छन् हामीले पास गरिदिएका छौं । प्रदेश प्रहरी सम्बन्धी विधेयकमा हाम्रो असहमति रहेको थियो । तर, लोकतान्त्रिक मान्यता अनुरूप प्रदेश सरकारले विपक्षी दलहरूसँग छलफल र व्यवहार गरेको छैन । हामीलाई पनि महसुस हुन थालेको छ उनीहरूलाई आवश्यक छैन हामीले उल्टै सहयोग पुर्‍याइदिएका छौं । बजेटहरू निर्माण गर्दाखेरी हामीसँग सल्लाह हुँदैन । हामीले सांसदको भूमिकामा रहेर आफ्नो योजना राख्छौं त्यो कतिपय स्वीकृत हुन्छ कति हुँदैन । पछि स्वीकृत भएको पनि काट्छन् । मन्त्रीहरूले सिधैं आदेश गर्छन् २०% ल्याउ भनेर, अनि योजना अगाडि बढाइन्छ । कुन व्यक्तिले उनीहरूले भनेअनुरूप प्रतिशत दिन्छन् त्यसलाई योजनाको जिम्मा लगाइन्छ र कर्मचारी र प्राविधिक खटाइन्छ ।

**० मन्त्रीहरू नै कमिसन लिन्छन् ?**

– खुल्लमखुल्ला कमिशनको चलखेल हुन्छ । राजपाका दुईजना केन्द्रीय सदस्यले सप्तरीको मेरै निर्वाचन क्षेत्रमा बदमासी गर्‍यो । अहिले राजकुमार गोइत भन्ने इन्जिनियर र राजपाको दुईजना केन्द्रीय सदस्य जेलमा छन् । म ५२ वर्षदेखि राजनीतिमा सक्रिय छु । यस्तो नांगो भ्रष्टाचार मैले अहिलेसम्म देखेको थिइन ।

**० सरकारले पहिले नियुक्त भएका प्रदेश प्रमुखहरू एकैचोटि हटाएर नयाँ प्रदेश प्रमुखहरू नियुक्त गर्‍यो । प्रदेश प्रमुखहरूको केही असहयोग थियो कि अथवा किन यस्तो निर्णय भयो ?**

– किन हटायो भन्ने त संघीय सरकारले भन्ने विषय हो । हामी त प्रदेशसभामा छौं । हाम्रो प्रदेशमा जुन पार्टीको सरकार थियो त्यही पार्टीको प्रदेश प्रमुख थियो त्यहाँ त सहयोग र असहयोगको त अनुभूति नै गर्न सकिदैंन । तत्कालीन शेरबहादुर देउवाको सरकारले हाम्रो पार्टीको विरोधका बाबजुत किन प्रदेश प्रमुख नियुक्त गरे ? यिनीहरूको पुरानो सामन्ती संस्कार छ । अरूलाई थिचोमिचो गर्ने र आफूलाई जे मन लाग्यो त्यही नै लोकतन्त्र हो भन्ने उनीहरूको सोचाई हुन्छ । यो ठूलो विषय होइन । कानुन र संविधानले संघीय सरकारको अधिकार क्षेत्रभित्र पर्छ कसलाई राख्ने कसलाई हटाउने भन्ने कुरा । त्यसकारण यो विषयमा मलाई खासै जानकारी छैन ।

---

# सीमा विवाद कुटनीतिकस्तरमै समाधान गर्ने विषय हो

भारत र चीन दुवै देशको सीमामा समस्या देखिएको छ । चीनले पनि नेपालका धेरै भूभाग मिचेको कुराहरू आइरहेका छन् । भनेपछि समस्या समाधानका लागि सरकारको ठोस पहल देखिएन ।



**अनिल महासेठ**

**सदस्य, नेपाल-भारत खुल्ला सीमा सम्वाद समूह**

**० अहिले नेपाल र भारतबीच सीमा विवाद देखिएको छ, यसलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– पक्कै पनि हामी नेपाली हो, हाम्रो सीमा रक्षा हामीले नै गर्नुपर्छ र गर्दै आएका पनि छौं । अहिले सीमा सम्बन्धी जुन विवादहरू देखिएको छ, यसमा पहिला सरकारले नै जनतालाई प्रष्ट्याउनुपर्ने आवश्यकता छ । हाम्रो सीमामा केही विवाद छ भने छिमेकी मुलुकसँग कुटनीतिकस्तरमै छलफल गरेर समाधान गर्नुपर्छ । नेपालको सीमा भारतसँग मात्रै जोडिएको छैन, चीनसँग पनि जोडिएको छ । त्यहाँ पनि धेरै ठाउँमा नेपालको सीमा मिचिएको भन्ने कुराहरू आइरहेको छ । तर, नेपालमा राष्ट्रवादी बन्ने होड वा राजनीतिक फाइदाका लागि जनतालाई भ्रममा पार्न यस्तो विवादहरू ल्याउने गरिन्छ ।

**० भारत सरकारको नयाँ नक्सामा नेपालको भूमि परेको भन्ने कुरा छ नि ?**

– यस विषयमा हाम्रो सरकार, परराष्ट्र मन्त्रालय लगायत सम्बन्धित निकायले कुरा गर्नुपर्‍यो । यदि नेपालको भूमि भारतको नक्सामा देखाइएको छ भने कुटनीतिक तवरबाट समाधान निकाल्नुपर्छ । तर, खोक्रो राष्ट्रवादी देखाउनका लागि कुनै छिमेकी मुलुकको झण्डा जलाउने, जुलुस निकाल्ने, पुतला दहन गरेर समस्याको समाधान आउँदैन ।

**० लिपुलेक र लिम्पियाधुरा भारतको नक्सामा परेको भनेर विरोध भइरहेको छ, वास्तवमा ती ठाउँहरू नेपालकै हो ?**

– म सीमाविद् त होइन तर हामीले पनि सुन्दै आएका छौं कि कालापानी, लिपुलेक नेपालकै हो । तर, जुन समस्या अहिले आएको छ, त्यसको समाधान गर्ने तरिका मिलेन । सरकारले भारतको सरकारसँग यस्ता समस्याहरूबारे कुरा गर्नुपर्ने हो । हामीले नारा जुलुस लगाएर होइन, आफ्नै सरकारमाथि दबाब बढाउनुपर्छ । लिपुलेक र कालापानी त नेपालकै हो, यसमा किन द्विविधा छ । यस्तो संवेदनशील विषयमा पनि सरकारले आफ्नो तर्फबाट पहल नथाल्नु दुःखद हो । हाम्रो सरकारले सीमा विद्हरूलाई राखेर भारत सरकारसँग कुरा गर्नुपर्छ ।

**० तर, लिपुलेक र लिम्पियाधुरा भारतको नक्सामा कसरी पर्न गएको होला त ?**

– नक्सा प्राविधिक कुरा हो । तर यस्ता विषयमा सरकारले गम्भीररूपमा कुनै ठोस कदम चाल्नुपर्ने देखिन्छ । हाम्रै सरकारले सार्वजनिक गरेको नक्सामा धेरै कुराहरू विवादित छन् । हाम्रै देशमा त प्रधानमन्त्री कार्यालय बालुवाटारलाई बचाउन सकिरहेका छैनौं, सरकारी जग्गाहरू कब्जा भइरहेका छन् । तर, हाम्रो भूमि छिमेकी मुलुकले मिचेको छ भने किन अहिलेसम्म पहल नगरेको वा ती मुलुकसँग सम्वाद नथालेको हो भन्ने कुरा हामीले बुझ्न सकिरहेका छैनौं ।

**० यो समस्या समाधानका लागि नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहको पहल के छ त ?**

– नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहले जनस्तरका समस्याहरू समाधानका लागि पहल गर्दै आएको छ । हामीले दुवै देशका सीमा क्षेत्रमा बसोबास गर्ने जनतासँग सम्वाद गर्छौं र समस्या समाधानका लागि पहल गर्ने गरेका छौं । सन् १९५० को सुगौली सन्धिपछि नेपाल र भारतको सीमाको अवस्था के छ, यस विषयमा सरकारले अनुसन्धान गर्नुपर्छ । जेजति समस्याहरू देखापर्छन्, त्यसलाई समाधान गर्नका दुवै सरकारले टेबलमा बसेर निष्कर्ष निकाल्नुपर्छ । विवादित ठाउँहरूको समस्या समाधानका लागि सरकारले कुटनीतिक पहल गर्नुपर्छ । विभिन्न बहानामा छिमेकी मुलुकलाई गाली गरेर केही पनि उपलब्धि हासिल हुँदैन ।

**० सीमा विवादबारे नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहको आधारिक धारणा के हो त ?**

– हामीले आफ्नो आधिकारिक धारणा विभिन्न मिडियामार्फत् राख्दै आएका छौं । यसको समाधानका लागि पनि हामी आफ्नो स्तरबाट पहल गरिरहेका छौं । हेर्नुस्, मधेश आन्दोलनका बेला मधेशमा चीनको झण्डा जलाउँदा तिनीहरूलाई समातेर राज्यले मुद्दा चलाइरहेको छ, अहिले पनि ती मुद्दाहरू चलिरहेकै छ । त्यस्तै, हाम्रो अर्को मित्रराष्ट्र भारतको झण्डा जलाउँदा, प्रधानमन्त्रीको पुतला जलाउँदा किन केही कारबाही भएन ? भनेपछि यो त दोहोरो नीति देखियो नि । चीन हाम्रो मित्रराष्ट्र र भारत हाम्रो शत्रु राष्ट्र त होइन नि । त्यसैले, सरकारले यस्ता गतिविधिहरू नियन्त्रण गर्नुपर्छ । भारत र चीन दुवै देशको सीमामा समस्या देखिएको छ । चीनले पनि नेपालका धेरै भूभाग मिचेको कुराहरू आइरहेका छन् । भनेपछि समस्या समाधानका लागि सरकारको ठोस पहल देखिएन ।

**० नेपालमा भारत विरोधी मानसिकताको विकास कसरी भयो त ?**

– एउटा उखान छ, 'नाच्न नजान्ने, आँगन टेडो' । हामी नेपालीहरूको यही बानी देखिएको छ । भारत र पाकिस्तानबीच क्रिकेट मैच हुँदा भारत यदि पराजित भयो भने काठमाडौंका एउटा तप्का नेपालीहरू खुशी हुने, पाकिस्तान हार्दा दुःखी हुने मानसिकता रहिआएको छ । खोक्रो राष्ट्रवादको नाममा भारतलाई गाली गरेपछि राष्ट्रवादी भइन्छ भन्ने मानसिकता त छँदैछ नि । तर, नेपालीहरू सबभन्दा बढी रोजगारी वा शिक्षा आर्जनका लागि भारत नै जान्छन् । त्यति चीनमा जाँदैन । किनभने, चीन जान त्यति सुगमता छैन, त्यहाँको भाषा बुझ्न अप्ठ्यारो छ । त्यसैले, भारतसँग नेपालको धेरै कनेक्टिभिटी छ । नेपाली विद्यार्थीहरूलाई सबभन्दा बढी स्कलरसिप भारतले दिँदै आएको छ । तर, विरोधी मानसिकता आजको होइन, राजा महेन्द्रको पालादेखिको नै हो ।

**० भारतसँगको सीमा विवादको विषयमा मधेशकेन्द्रित दलहरू किन मौन हुन्छन् ?**

– यो एउटा बुझाईमा समस्या हो । मधेशकेन्द्रित दलका नेताहरू कहिल्यै पनि मौन बसेको हुँदैन । अहिलेको विवादमा पनि मधेशी नेताहरूले बोलेका छन् । मधेशीहरू सीमामा बसोबास गर्छन्, उनीहरूलाई समस्याहरू थाहा हुन्छ, भारतलाई गाली गर्दा ठूलो राष्ट्रवादी हुने मानसिकता मधेशीमा छैन । किनभने सीमा विवादबारे कसैलाई गाली गरेर समाधान निस्कदैन । यसका लागि दुवै देशका उच्चस्तरीय छलफल आवश्यक हुन्छ ।

**० अहिलेको विवाद समाधानका लागि सरकारको पहल के देख्नुहुन्छ ?**

– अहिलेसम्म सरकारले एउटा विज्ञप्ति निकाल्ने बाहेक खासै केही पहल गरेको देखिँदैन । हामी सरकारलाई अनुरोध गर्न चाहन्छौं कि पहल गरेर यसलाई समाधानतिर लग्नुपर्छ । हाम्रो राष्ट्रियता जोगाउने, नेपाललाई सुखी र समृद्ध बनाउने जिम्मा नेपाल सरकारकै छ । छिमेकी मुलुकहरूसँग विवाद खडा गरेर यो सपना पूरा हुनसक्दैन । जनतालाई भ्रममा पारेर आफू मौन बस्ने काम गर्नुभएन ।

**० यस्ता विवादका कारण नेपाल-भारत सम्बन्धमा कस्तो असर परेको छ ?**

– यो विवादले गर्दा नेपाल-भारतबीचको सम्बन्धमा धेरै असर त पर्दैन । किनभने नेपाल र भारतको सम्बन्ध कुटनीतिक वा राजनीतिक मात्रै छैन । भारतसँग हाम्रो, सांस्कृतिक, आर्थिक, सामाजिक र बेटीरोटीको सम्बन्ध छ । राजनीतिक वा कुटनीतिक विवादका वावजुद पनि सम्बन्ध राम्रो नै रहन्छ । खासगरी यस्ता विवादहरूले गर्दा सरकार-सरकारबीच केही असर गर्छ । तर, सरकारले यस्ता विवादहरू पनि नआउन दिन छिमेकी मुलुक भारत र चीन दुवैसँग उच्चस्तरीय छलफल गरेर टुंग्याउनुपर्छ । चीनले पनि धेरै सीमा मिचेको छ, त्यसका लागि सरकारले छलफल गर्नुपर्छ । हाम्रो सरकारले हाम्रो सीमा कहाँसम्म छ भनेर स्पष्ट पार्नुपर्‍यो । हामी नेपाली स्वाभिमानी छौं, हाम्रो एक इन्च पनि भूमि कसैले लिन पाउँदैन र अरूको पनि हामीलाई चाहिँदैन भन्ने सोच हो । नेपाली जनतालाई भ्रममा राखेर आफ्नो राजनीतिक दुनो सोझ्याउने काम बन्द गरिनुपर्छ । हामी कुनै मुलुकसँगको सम्बन्ध बिगारेर नेपाललाई फाइदा हुनेवाला छैन । दुईटा विशाल र विकसित मुलुकको बीचमा हामी छौं, दुवैबाट कसरी फाइदा लिने भन्नेतिर अगाडि बढ्नुपर्छ । तसर्थ, यसको समाधानका लागि सरकारले अविलम्ब ठोस पहल चाल्नुपर्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# समाजवादी पार्टी निर्माण र आगामी कार्यभार

## १.प्रारम्भ

पार्टी केन्द्रीय समितिका अध्यक्ष ज्यू !
पदाधिकारी तथा केन्द्रीय सदस्य मित्रहरू !
उपस्थित सम्पूर्ण संघीय परिषद सदस्य साथीहरू !

सर्वप्रथम हाम्रो पार्टी समाजवादी पार्टीको प्रथम संघीय परिषद बैठकमा सबैलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु। यो बैठकमा यहाँहरूको भव्य उपस्थितिकालागि धन्यवाद दिन्छु र सक्रिय सहभागिताको अपेक्षा गर्दछु। साथै, यस महत्वपूर्ण घडीमा देशको लोकतान्त्रिक आन्दोलन,जनयुद्ध, मधेश जनविद्रोह, आदिबासी/जनजाति, थारू, मुस्लिम, खस, शिल्पी/दलित, महिला लगायतका सबैखाले आन्दोलनमा आत्मउत्सर्ग गर्नु हुने सम्पूर्ण आदरणीय अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु।

विदितै छ- २०७६ बैशाख २३ गते संघीय समाजवादी फोरम, नेपाल र नयाँ शक्ति पार्टी, नेपालको एकीकरणबाट हामीले समाजवादी पार्टी निर्माण गऱ्यौं। समाजवादी पार्टी निर्माण निश्चय नै एक दुरगामी महत्वको घटना हो। राष्ट्रलाई सुस्पष्ट वैचारिक मार्गदर्शन गर्न, विभेदको अन्त्य र समान अधिकारको स्थापनार्थ जनआन्दोलनहरूको विकास गर्न, शोषित/उत्पीडित/उपेक्षित जनसमुदायलाई राजनीतिक रूपमा सचेत र सगठित गर्न, राजनीति शक्ति सन्तुलनमा फेरबदल ल्याउँन, आर्थिक विकास, सुशासन र समृद्धिको नेतृत्व गर्न यो एकताले कोशेढुंगाको काम गर्नेछ।

झट्ट हेर्दा यो दुई भिन्न पार्टीहरूको एकीकरण जस्तो देखिए पनि सारतत्वको दृष्टिकोणले एउटै विचार, सिद्धान्त, एजेण्डा र उद्देश्य भएका राजनीतिक संगठनहरूको एकता हो। तसर्थ हामी पूर्वपार्टी भावनाबाट प्रभावित भइरनु हुँदैन। हामीमा एकीकृत पार्टी भावना, एकीकृत पार्टी निष्ठा हुनै पर्छ। हामी सबै समाजवादी पार्टीका कार्यकर्ता/अभियन्ता हौं। हाम्रो उद्देश्य साझा छ। हाम्रा एजेण्डा साझा छन। हाम्रो राजनीतिक गन्तव्य र भविष्य साझा छ।

यो एकता मात्र लक्ष्य प्राप्तिका लागि पर्याप्त छैन। नेपाली राजनीतिमा जरो गाडेजस्तो देखिएका पुँजीवादी र साम्यवादी शक्तिहरूको विकल्पमा समाजवादी लोकतान्त्रिक धारको सवल र सक्षम केन्द्र निर्माण गरी देशलाई साँचो अर्थमा संघीयता, सुशासन, समृद्धि र समाजवादको युगमा प्रवेश गराउँने हाम्रो संकल्प र प्रतिबद्धता पूरा गर्न अझै धेरै यात्रा तय गर्न बाँकी छ। अझ धेरै ध्रुवीकरण र एकीकरणको प्रक्रियाबाट हामीले गुज्रिनु पर्ने हुन्छ। यो आन्दोलनमा यस अघि पनि विभिन्न पार्टी, समूह, व्यक्तित्वको ध्रुवीकरण हुँदै आएको थियो। यो क्रम भविष्यमा जारी रहने छ। पुराना शासक पार्टीहरूको सेन्डिकेटवादी सोच र मनपरीतन्त्रलाई जरैदेखि ध्वंस्त पार्ने यो महान अभियानमा सामेल र ध्रुवीकृत हुन देशका सबै प्रगतिशील, लोकतान्त्रिक, समाजवादी र देशभक्त शक्तिहरूलाई हार्दिक आव्हान गर्न चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा दलीय गठन, पुनर्गठन र ध्रुवीकरणको कार्यभारलाई हामीले हिजोको आँखाबाट हेर्नु हुँदैन ॥हिजो भिन्नै समय थियो, निरंकुशता विरुद्ध लड्ने समय। लोकतन्त्र, गणतन्त्र र संघीयताका लागि लड्ने समय। आज हामीसंग गणतन्त्र छ। आधारभूत लोकतन्त्र छ। संघीयताको सही मोडेल नभए पनि मान्यता स्थापित छ। समावेशिता र सामाजिक न्याय सही अर्थमा प्रत्याभूत नभए पनि सिद्धान्ततः स्वीकार गरिएको छ। तसर्थ अबको ध्रुवीकरण विगतको पूर्वाग्रहबाट हैन, आगतको सम्भावनाबाट खोजिनु पर्दछ। क्रान्तिका अधुरा कार्यभार पूरा गर्ने र देशलाई पहिचान सहितको संघीयता, सुशासन, समृद्धि र समाजवादको यात्रामा प्रवृत्त गराउने कार्यभारमा आधारित भएर नयाँ एकता, एकीकरण र ध्रुवीकरणको प्रयास गर्नु पर्दछ।

हाम्रो पार्टीको विधान अनुसार संघीय परिषद बैठक महाधिवेशन नभएको अवस्थामा सर्वोच्च विधायिकी संस्था हो। तसर्थ यो बैठकको मुख्य उद्देश्य सैद्धान्तिक तथा नीतिगत सवालमा छलफल गर्नु र पार्टीलाई वैचारिक मार्गदर्शन गर्नु हो। संघीय परिषद बैठकको लगत्तै कार्तिक २९ र ३० गते पार्टी केन्द्रीय समिति बैठक हुँदैछ। यस संघीय परिषद बैठकले पारित गरेका नीतिगत निर्णय अनुरूप केन्द्रीय समिति बैठकले यथोचित कार्यक्रम र कार्ययोजना बनाउँने छ। तदनुरूप सम्पूर्ण पार्टीपंक्ति परिचालित हुनेछ।

## २. समायोजन कार्यको समीक्षा

पार्टी एकीकरण यता ६ महिना वितेको छ। यस अबधिको पार्टी कामको मुख्य पक्ष पार्टी संगठनको समायोजन नै हो। हामीले समायोजन निर्देशिका तयार गरी ३ महिना भित्र समायोजनको काम सम्पन्न गरी सक्ने सोचेका थियौं। तर, व्यवहारिक जटिलताहरूले गर्दा अलिक लामो समय लियो। अहिलेसम्म ७ भौगोलिक, १ गैर-भौगोलिक र शिल्पी विशेष प्रदेश गरी ९ वटा प्रादेशिक समिति समायोजन भएको छ। प्रवास प्रदेश बाँकी छ। लिम्बुवान, शेर्पालुब, नेवा, ताम्सालिब, तमुवान गरी ५ राष्ट्रिय समितिको समायोजन सम्पन्न भएको छ।

कुल ४५ जिल्ला समिति समायोजन भएको तथ्यांक हालसम्म प्राप्त छ। सबै जनसंगठनका केन्द्र समायोजन भएका छन् वा समायोजित हुने प्रक्रियमा छन्। महासंघीय जनसंगठनहरूमा घटक संगठनहरूको समायोजन कार्य तीव्र हुँदैछ। प्रवासमा नेपाली समाजको १७ देशको समिति समायोजन भएका छन्। देशभरि विविध पालिका समितिहरू समायोजन हुने क्रममा छन्।

समग्रमा केही ढिलो भएपनि समायोजन सन्तोषजनक ढंगले अगाडि बढ्दैछ। जति चाँडो समायोजन सम्पन्न भयो अन्य कार्यभारमा प्रवेश गर्न त्यति नै सजिलो हुने हुँदा समायोजन यथासंभव छिटो सक्नु पर्दछ। पार्टी एकता र संगठनात्मक समायोजन निश्चय नै जटिल प्रक्रिया हो। यसक्रममा सबैका अपेक्षा पूरा नभएका हुन सक्दछन। तर यो मुख्य कुरा हैन। मुख्य कुरा हाम्रो विचार, सिद्धान्त र एजेण्डा हो। मूल कुरा हाम्रो लक्ष्य र उद्देश्य हो। पार्टी जीवन लामो प्रक्रिया हो। आज नमिलेका कतिपय कुरा भविष्यमा मिल्दै जान्छन्। तसर्थ हाम्रा व्यक्तिगत अपेक्षा र गुनासा हामीले पार्टीको दीर्घकालीन हित अधिनस्थ गर्नुपर्दछ।

## ३.समकालीन विश्व र विचारधाराको प्रश्न

अहिले हामी एक्काइशौं शताब्दीको दोस्रो दशकको अन्त्यतिर छौं। सन् १९९० को दशकमा पूर्वी युरोपमा एकदलीय साम्यवादी शासनको पतन र सोभियत संघको विघटनसँगै शीतयुद्धको अन्त्य भयो। यो मूलतः परम्परागत साम्यवादी सोच र ॥राज्यकेन्द्रित-समाजवाद' को अभ्यासको पतन थियो। त्यो घटना एक्काइशौं शताब्दीका लागि बीसौं शताब्दीको साम्यवादी अभ्यास असान्दर्भिक भएको प्रष्ट प्रमाण थियो।

अर्कोतर्फ पुँजीवादी संसदीय लोकतन्त्रको दिग्विजयको डंका पिटियो। विश्व व्यापार संघको गठनले आर्थिक भूमण्डलीकरण झनै तीव्र हुने, एक ध्रुवीय विश्वको उदय हुने, युरोपियन युनियनको गठन, युरो मुद्रा प्रचलनआदि कारणले युरोप ॥ बहुराष्ट्रिय-राज्य' का रूपमा विकसित हुने, युरोपको एकीकरण एक ध्रुवीय विश्वप्रणालीको सहयोगी बन्ने, चीन झनै प्रतिरक्षात्मक हुने जस्ता आँकलन गरिए। मूलतः पुँजीवादी खेमाबाट आएका यस्ता विश्लेषण पनि उत्तिकै झुठा सावित भए। विश्व व्यापार संघको गठनपछि पनि विश्व अर्थतन्त्रको ढाँचा र प्रवृतिमा उल्लेखनीय परिवर्तन आएन। त्यो तेस्रो विश्वका अल्पविकसित राष्ट्रहरूको आर्थिक विकासमा सहयोगी हुन सकेन। भूमण्डलीकरणको कुरा गर्ने अमेरिका आफैले विभूमण्डलीकरणको अभ्यास गर्न थाल्यो। बेलायतमा ब्रेक्जिट मात्र भएन, स्कटलैण्डको जनमत संग्रह समेत भयो। स्पेनमा क्याटलोनियाको समस्या देखियो। बेल्जियम संघीय ढाँचमा बदलियो। इजिप्ट, यमन, ट्युनिसिया, लिबिया, सिरियालगायत अरब राष्ट्रका घटनाक्रमले लोकतन्त्र, पहिचान, अधिकार, स्वायत्तता र स्वशासनको मोहलाई पुष्टि गऱ्यो। भूमण्डलीकरणको कार्पेटभित्र दबाउँन खोजिएका स्वशासन, स्वायत्तता, पहिचान र अधिकारका आन्दोलनहरू झनै सतहमा आए।

साथै यस बीचमा तीव्र वातावरणीय विनास, विश्वव्यापी तापमान वृद्धि, हिमताल तथा हिमनदीहरूको स्खलन, समुद्री सतहको वृद्धि, हिमाली क्षेत्रमा मरूभूमीकरणको खतरा, नेपालको चुरे क्षेत्रमा तीव्र वनविनास आदि गम्भिर पर्यावरणीय समस्या थपिएका छन्। विश्वव्यापी रूपमा आर्थिक असमानता तीव्र रूपमा बढ्दैछ। धनी र गरीब बीचको दूरी देखाउने गिन्नी कोफिसियन्ट अमेरिकाको ०.४८ छ भनेचीनको ०.४२ छ। मानवीय विकास सूचकांकमा अमेरिका १०औं स्थानमा छ भने चीन ९० औं स्थानमा छ। ट्रान्सपरेन्सीको भ्रष्टाचार इन्डेक्समा अमेरिकाको स्थान १८ औं छ भने चीनको स्थान ७९ छ। विश्वका कूल २००० खर्बपति मध्ये अमेरिकामा ५६५ जना हुँदा दोस्रो स्थानमा चिनियाँ खर्बपतिहरूको संख्या ४४२ छ। अर्थात ५०% बढी खर्बपतिहरू दुई देशमा मात्र छन्। अमेरिकामा १४% जनता निरपेक्ष गरीबीको रेखामुनी छन भने चीनमा १९%। अमेरिकीहरूको प्रतिव्यक्ति आय करिब ५५,००० डलर अर्थात्१२ औं स्थानमा छ भने चीनियाँहरूको प्रतिव्यक्ति आय करिब १६,००० डलर अर्थात् ७० औं स्थानमा छ।

जबकि यिनै तथ्यांकहरूलाई स्केनडिनेवियन मुलुकहरूसंग तुलना गर्ने हो भन्ने भिन्नै परिदृश्य सामुन्ने आउँछ। उपरोक्त मध्ये अधिकांश तथ्यांकहरूमा नोर्डिक मुलुकहरू १-७ स्थान भित्र छन्। त्यहाँ गरीब र धनी बीचको भिन्नता देखाउँने गिन्नी कोफिसियन्ट ०.२ भन्दा मुनि छ। मध्यम वर्गको आकार औसत ८४% छ। नोर्डिक मुलुकहरूको भने समावेशिता र सामाजिक न्यायको इन्डेक्स पनि उच्च छ। प्रतिव्यक्ति आय औसत १,००,००० डलर भन्दा माथि छ।

राजनीतिक प्रणाली, अर्थतन्त्रको ढाँचा र वर्गसंरचना- दुबै दृष्टिकोणबाट पुँजीवाद र साम्यवाद अभूतपूर्व वैचारिक तथा नैतिक संकटमा फसेका छन्। अठारौं शताब्दीको प्रथम औद्योगिक क्रान्ति ताका प्रारम्भ भएको वैचारिक ध्रुवीकरण चौथो औद्योगिक क्रान्ति र डिजिटल प्रविधिको युगसम्म आइपुग्दा अर्थहीन सावित भएको छ। विज्ञान र प्रविधिले गरेको अभूतपूर्व विकास र उत्पादन सम्बन्धमा आएको परिवर्तनसँगै वैचारिक आयामले नयाँकोल्टे फेरेकोछ।

लोकतन्त्रका नाममा संगठित भएका पुँजीवादी राज्यहरू र साम्यवादका नाममा स्थापित भएका राज्यकेन्द्रित एकदलीय समाजवादी राज्यहरू दुबैका शक्तिकेन्द्र र धारका सीमा प्रष्ट भइसकेका छन्। अर्थात् विश्व वैचारिक हिसाबले एक साथ ॥उत्तर पुँजीवाद' र ॥उत्तर राज्य-समाजवाद' को युगमा आइपुगेको छ। यो युगको वैचारिक संकट हल गर्न लोकतन्त्र र समाजवाद दुबै सोचलाई नयाँ शताब्दीको आवश्यकता अनुरूप नयाँ उच्चाइमा विकास गर्नु पर्दछ। एक्कइशौं शताब्दी समाजवादी लोकतन्त्रको शताब्दी हुने प्रष्ट छ। यो विश्व परिवेशमा हाम्रो पार्टीले समुन्नत संघीय समाजवादको सिद्धान्त अगाडि सारेको छ। यो सिद्धान्त हामी ठीक बाटोमा छौं भन्ने कुराको प्रमाण हो।

## ४. नेपालको भू-राजनीतिक विशिष्ठता

विश्वको पहिलो र दोश्रो आर्थिक शक्ति अमेरिका र चीनबीच विश्वव्यापी प्रतिस्पर्धा र व्यापार तनाव एकातिर र अर्कोतिर भारतको अन्तर्राष्ट्रिय शक्तिको रूपमा क्रमिक उदयले नेपालको भू-राजनीतिक अवस्थिति विशिष्ठ वन्दै गएको छ। यी तीन ठूला शक्तिहरूको चासो नेपालमा वढ्दै जानु स्वाभाविक छ। हामी भौगोलिक रूपले तीन तिरबाट भारतद्वारा घेरिएका छौं। साथै आर्थिक सामाजिक साँस्कृतिक सम्बन्धको जालोले बाँधिएका पनि छौं। कतिपय विश्लेषकहरूले एक्काइशौं शताब्दी ॥एशिया पुनर्उदयको शताब्दी' हुने बताउँछन। एशियाको पुनर्उदय भनेको चीन र भारतको भिन्नाभिन्नै उदय हैन।

एशियाली शताब्दीले चीन र भारत दुबै देशको भूमिका एकसाथ बढाउँछ। चीन र भारत प्रतिस्पर्धा र सहकार्यको सम्बन्धमा बाँधिन बाध्य हुन्छन्। यस्तो अवस्थामा चीन र भारतबीचको सम्बन्धमा सुधार आउँछ। दोक्लम विवादको सामधान र बढ्दो कुटनीतिक सहकार्यले भारत-चीन सम्बन्ध सुधार हुँदै गइरहेको संकेत गर्दछ। चिनियाँ राष्ट्रपति महामहिम सी जिङ्ग पिङ्ग नेपाल भ्रमणमा भारत हुँदै आउँनुको कुटनीतिक अर्थ हामीले बेलैमा बुझ्नु पर्दछ। यी दुई देश बीच केही बर्ष अगाडि भएको सम्झौतामा नेपाललाई जानकारी नै नदिई लिपुलेक क्षेत्रमा द्विपक्षीय नाका खोल्ने उल्लेख गरियो। त्यो गलत कुरा थियो। सुगौली सन्धीले निर्धारित गरेको नेपाल-भारतको सिमा नदी महाकाली पूर्वको कालापानी क्षेत्र हालै भारतले प्रकाशन गरेको नक्शामा पारिएको घटनाले विवाद सृजना गरेको छ। हामीले देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच आँउने कुराको सँधै प्रतिवाद गर्नु पर्दछ। साथै देशको भूराजनीतिक विशिष्ठतासँग जोडिएका सवाल आवेश, उत्तेजना र लोकरिज्याईको तरिकाले हैन, प्रष्ट अडान र कुटनीतिक गम्भीरतासहित हल गर्न सक्नु पर्दछ।

नेपालमा भारत, चीन र अमेरिकाको त्रिकोणात्मक शक्ति सम्बन्धबीच नेपालले शान्ति, स्थायित्व, गतिशील तटस्थता र सन्तुलित समनिकटताको नीति अबलम्बन गर्नु पर्दछ। यो नयाँ विश्व परिस्थितिलाई हामीले अवसरका रूपमा प्रयोग गर्न सक्नुपर्दछ। चीन र भारतबीच गतिशील आर्थिक पुल बन्ने प्रयास नेपालले गर्नु पर्दछ। दुई छिमेकी बीच एकअर्का विरूद्ध ॥कार्ड खेल्ने' कच्चा कुटनीति अब प्रतिउत्पादक हुन्छ।

## ५.राष्ट्रिय परिस्थिति

आधुनिक नेपालको इतिहासमा मुख्यतः दुई वटा कालखण्ड वितेकाछन। पहिलो चरण गोर्खा राज्यको विस्तार, भौगोलिक एकीकरण, सामन्ती केन्द्रीकरण र जातीय तथा क्षेत्रीय दमनको कालखण्ड थियो। यो कालखण्डमा शाहवंशीय निरंकुश राजतन्त्र र जहाँनिया राणाशासनले राज्यमा निस्कन्टक ढंगले कब्जा जमायो। राज्यको स्रोतसाधन पारिवारिक भोगविलासका लागि दुरूपयोग गऱ्यो। ॥एक भाषा, एक भेष' जस्ता विविधता र समावेशिता विरोधी नीति लागू गरियो। अर्थतन्त्रको आधुनिकीकरण तथा विस्तार भएन। लोकतन्त्र र नागरिक अधिकार कुन्ठित भए। जातीय, भाषिक, लैङ्गिक, धार्मिक तथा साँस्कृतिक दमन उत्पीडनलाई तीव्र पारियो। जनसमुदायलाई शिक्षा, स्वास्थ्य, यातायात, संचारजस्ता आधारभूत सेवा सुविधाबाट बञ्चित गरियो। निर्दलीय पंचायती शासनका ३० वर्ष नयाँ आवरणमा राणाशाही र शाहशाही नीतिहरूकै पुनरूक्ति थियो।

वि.स.१९९० को दशकमा नेपालमा लोकतान्त्रिक आन्दोलनको युग प्रारम्भ भयो। राणाहरूको पारिवारिक स्वेच्छाचारी शासन विरूद्ध जनसंघर्षहरू शुरूवात भए। प्रचण्ड गोर्खा, प्रजा परिषदजस्ता राजनीतिक संगठनहरू अस्तित्वमा आए। नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टीजस्ता पार्टीहरू यही कालखण्डमा जन्मिए। २००७ सालको क्रान्तिले राणा शासनलाई अन्त्य गऱ्यो तर लोकतन्त्रले पूर्णता र स्थायीत्व हासिल गर्न सकेन। २०४६ सालको संयुक्त जनआन्दोलन यस कालखण्डको एक उत्कर्ष थियो, जसले निर्दलीय पंचायती शासन प्रणालीको अन्त्य गऱ्यो। तर त्यो आन्दोलनले पनि नेपाली समाजको लोकतान्त्रीकरण तथा संघीयकरणको कार्यभार पूरा गर्न सकेन। फलस्वरूप माओवादी जनयुद्ध, जनान्दोलन-२०६२/६३, मधेश जनविद्रोह, आदिवासी/जनजाति, थारू, मुस्लिम, शिल्पी/दलित, खस आदि आन्दोलन भए। २०६४ र २०७० गरी २ पटक संविधानसभाको निर्वाचन भयो। समष्टिगत रूपमा यो कालखण्डलाई ॥लोकतान्त्रीकरण तथा संघीयकरणका लागि संघर्षको युग' भन्न सकिन्छ।

अहिले बहुदलीय लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्याय रसमाजवाद उन्मुखजस्ता सैद्धान्तिक मान्यतामा बनेको संविधान छ। तर संविधान बन्दाबखतका घटनाक्रमले लोकतान्त्रीकरणको कार्य अझै अधुरो र अपूरो छ भन्ने प्रष्ट गर्दछ। मूलतः शासकीय प्रणालीको परिवर्तन, पहिचान र अधिकारमा आधारित प्रदेश सीमाबकन, जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक तथा लैबिगक अधिकारको पूर्ण प्रत्याभूति यो संविधानबाट पनि संभव भएन। कांग्रेस-कम्युनिष्ट वृत्तमा रहेको यथास्थितिवादी सोच र संविधानसभाको गणितीय समीकरणले क्रान्तिको संघारमा पुगिसकेको मुलुकलाई एक कदम पछाडि धकेलिदियो। हिजोका क्रान्तिकारीहरू जो आज यथास्थितिवादी शासकवर्गमा पतन भएका छन, उनीहरूले क्रान्तिलाई जुन विन्दूमा छोडेका थिए, हाम्रो पार्टीले क्रान्तिलाई त्यही विन्दूबाट उठाउँनु पर्दछ र नयाँस्तरमा विकास गर्नु पर्दछ।

त्यो भनेको शासकीय स्वरूपको परिवर्तन, प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीको स्थापना, पूर्ण समानुपातिक संसदको व्यवस्था, पहिचान र अधिकारमा आधारित १०+१ को प्रदेश पुनर्सिमाबकन, समावेशिता र आरक्षणलाई अझ ठोस र मूर्त बनाउने, प्रादेशिक भाषाहरूको व्यवस्थापन र प्रचलन, सीमान्तकृत जनसमुदायको सशक्तिकरण, नागरिकता समस्या र लैबिगक विभेदको अन्त्य आदि हुन। यी एजेण्डा पूरा भएसंगै लोकतान्त्रीकरण तथा संघीयकरणको अधुरो कार्यभार पूरा हुनेछ। त्यसपछि मात्र देश वास्तविक रूपमा विकास, सुशासन, समृद्धि र समाजवादको युगमा प्रवेश गर्न सक्नेछ। अर्थात् आज हामी ॥अधुरो लोकतान्त्रिक क्रान्तिको पूर्णता र समृद्धीकरणको चरण' मा छौं। हामीले हाम्रो पार्टीको नीति, योजना तथा रणनीति तर्जुमा गर्दा यो यथार्थलाई




गहरो गरी आत्मसात गर्न सक्नु पर्दछ।

आर्थिक दृष्टिकोणबाट हेर्दा नेपालको अर्थतन्त्र जटिल र निराशाजनक स्थितिबाट गुज्रिरहेको छ। दुई वर्ष यता आर्थिक बृद्धिदरमा सामान्य सुधार देखिए पनि त्यो सन्तोषजक हैन। हामीलाई न्यूनतम्दुई अंकको आर्थिक बृद्धिदर निरन्तर दुई दशकसम्म चाहिन्छ। अनि मात्र हामीले आर्थिक विकासको अपेक्षित लक्ष्य भेट्न सक्नेछौं। नेपाल ६ दशक देखि निरन्तर अल्पविकसित देशहरूको समूहमा रहँदै आएको छ।

प्रतिव्यक्ति आय भरखरै १००० अमेरिकी डलर कटेको छ। विश्वमा अब ४७ वटा देश मात्र अल्पविकसित समूहमा छन। युरोपको कुनै पनि देश अल्पविकसित समूहमा छैन। अमेरिकी महादेशमा ४ वटा देश मात्र यस समूहभित्र छन। ३३ वटा अफ्रिकी देशहरू छन। एशियामा ९ वटा देश, अफगानिस्तान, बंगलादेश, भुटान, म्यानमार, कम्बोडिया, इष्ट टिमोर, लाओस, यमन, नेपाल मात्र यस समुह भित्र छन। यी ९ मध्ये पनि नेपाल दोस्रो गरीब मुलुक मानिन्छ।

नेपालमा वार्षिक औसत ५ लाख नयाँ जनशक्ति श्रमबजारमा आउँछ। त्यसमध्ये १ लाखले मात्र नेपालमा रोजगारी पाउँदछ। ४ लाख बैदेशिक रोजगारमा जान्छन्। ती अधिकांश २०-५० उमेरसमूहका हुन्छन। अर्थात् देशको उत्पादनशील श्रमशक्तिको अधिकांश हिस्सा देशमा छैन। कूल गार्हस्थ उत्पादनमा रेमिटेन्सको योगदान २९ प्रतिशत पुगेको छ। रेमिटेन्सबाट जीवन निर्वाह हुने परिवारको संख्या ४०% भन्दा माथि छ।

६५% ले कृषिलाई औपचारिक पेशा मान्दछन तर कुल गार्हस्थ उत्पादन (जिडिपी)मा कृषीको योगदान २७% मात्र छ। कूल उपभोगको ८६% आयात हुन्छ, देशको आफ्नै उत्पादनले १४% उपभोगलाई मात्र धान्न सक्छ। व्यापार घाटा निरन्तर चुलिदो छ। शोधानान्तर स्थिति संकटमा पर्दै गइरहेको छ। सरकारी तथ्यांकलाई आधार मान्दा २१% भन्दा बढी निरपेक्ष गरीबीको रेखा मुनी छन। बहुआयामिक गरीबीको मापदण्डका आधारमा २९% मानिस गरीब छन। यी तथ्यांक राष्ट्रिय मापदण्डमा आधारित हुन्। विश्व मापदंडलाई आधार मान्दा ६४% नेपाली गरीब छन। अर्कोतिर धनी-गरीब बीचको दूरी नाप्ने गिनी कोफिसियन्ट ०.३८ छ। पहाड र मधेसका शिल्पी/दलितहरू र कर्णाली तथा सुदूर-पश्चिम प्रदेशको पहाडमा गरीवी वढी केन्द्रित छ। वैदेशिक साँवाब्याजको भुक्तानीका लागि बजेटमै भिन्नै शीर्षकको व्यवस्था गर्न थालेको दशक बित्न लाग्यो।वैदेशिक साँवाब्याज भुक्तानीमा राष्ट्रिय बजेटको १५% सम्म खर्च हुन थालेको छ। बजेटमा चालु र विकास खर्च अनुपातमा कुनै अनुकुल सुधार भएको छैन।

कांग्रेस-कम्युनिष्टजस्ता पुराना पार्टीहरूले ॥विकास, सुशासन, समृद्धि र समाजवाद' को जति चर्को नारा लगाए पनि त्यो भ्रम बाहेक केही हुने छैन। उनीहरूको सोच, संस्कार र सिद्धान्तको सीमाले नै यी कार्यभार उनीहरूबाट पूरा हुन संभव छैन। ॥सुखी नेपाली, समृद्ध नेपाल' नारा जति सुकै रटे पनि व्यवहारमा त्यो ॥दुखी नेपाली र दरिद्र नेपाल' नै हुनेछ। वैचारिक तथा संस्थागत संरचनात्मक दोषहरूले गर्दा चाहेरै पनि उनीहरूले संमृद्धीकरणको युगको नेतृत्व लिन सक्ने संभावना रहन्न। यो कार्य हाम्रो पार्टी, समाजवादी पार्टीले मात्र पूरा गर्न सक्छ। समाजवादी कार्यभार र मार्गचित्र पुँजीवादी र साम्यवादी शक्तिहरूले लागू गर्ने अपेक्षा आफैमा हास्यास्पद हो। समाजवादी कार्यभार, समाजवादी मार्गचित्र, समाजवादी राज्य न पुँजीवादीबाट, न साम्यवादीबाट, न कांग्रेसबाट न कम्युनिष्टबाट हुन सक्छ।यो स्वभावैले समाजवादी पार्टीको नेतृत्वमा मात्र संभव छ।

## ६.उत्पीडित राष्ट्रियताहरूको मुक्ति र संघीयता

गोर्खा राज्य विस्तार र भौगोलिक एकीकरणको प्रक्रियासँगै नेपालमा विभिन्न जाति, भाषा, धर्म, सँस्कृति तथा उत्पीडित राष्ट्रियताहरू विभेदमा पर्न थाले। राज्यले ॥एक भाषा, एक भेष' को नीति अवलम्बन गऱ्यो। खास भाषा, जाती, सँस्कृति, चाडपर्वहरूले राजकीय संरक्षण प्राप्त गरे। बहुसंख्यक जनसमुदायका भाषा, धर्म, सँस्कृति, चाड पर्व, आदि बहिस्करण र विभेदको सिकार हुन पुगे। यसरी राज्य र उत्पीडित राष्ट्रियताहरूबीच अन्तरविरोध सृजना भयो। राज्यको एकात्मक केन्द्रीकृत नीति विरूद्ध उत्पीडित राष्ट्रियताहरू आन्दोलित हुनु स्वाभाविक थियो। हाम्रो पार्टी बर्ग, बर्ण, र लिङ्ग तिनै प्रकारका विभेदहरूको अन्त्य बास्तविक सामाजिक न्याय तथा सामाजिक सुरक्षा, समानता, स्वतान्त्रता र मुक्तिको पक्षमा छ। उत्पीडित राष्ट्रियताहरूको मुक्ति तथा शासन सत्तामा साझेदारीका लागि राज्यको एकात्मक तथा केन्द्रीकृत चरित्र तथा संरचना अन्त्य गरी पहिचान, अधिकार, स्वायत्तता र स्वशासनमा आधारित संघीयता निर्माण गर्नु पर्दछ। त्यसनिम्ति पहिचानमा आधारित १०+१ प्रदेशको मोडेलमा जानु आवश्यक छ। हाम्रो पार्टीले हिजो पनि संघीयताको सवाललाई उच्च महत्व दिदै आएको थियो। यो प्रक्रिया अझै जारी छ। राज्यलाई संघीयकरण गर्ने प्रक्रिया अझै अधुरो र अपूर्ण छ। हाम्रो पार्टीले मधेशी, आदिवासी/जनजाति, मुस्लिम, खस, थारू, शिल्पी/दलित, अल्पसंख्यक तथा लोपोन्मुख जाति समुदायको मुक्ति आन्दोलनलाई सदैव अगाडि बढाउने छ।

## ७. पहिचान, संघीयता, सुशासन र संमृद्धिको अन्तर्सम्बन्ध

एकथरि मानिस ॥पहिचान र अधिकारसहितको संघीयताको आन्दोलनलाई ॥विकास, सुशासन र संमृद्धि' को सवालभन्दा फरक वा विपरित चित्रण गर्ने प्रयत्न गरिहेकाछन्। समाजवादी पार्टीले पहिचान, अधिकार र समावेशिताको प्रतिनिधित्व गर्दछ, तर, विकास, सुशासन र संमृद्धि हासिल गर्न अरू नै पार्टी चाहिन्छ भन्ने उनीहरूको तर्कप्रणाली भ्रामक र दुराग्रहपूर्ण छ। यस्तो दृष्टिकोणको हाम्रो पार्टीले डटेर सामना गर्नु पर्दछ।

॥अधिकार' र ॥संमृद्धि' विपरित विषय हैनन्। यी एकै सिक्काको दुई पाटो हुन्। समाजवादी पार्टीरूपी सिक्काको एउटा पाटोमा ॥पहिचान, अधिकार र समावेशिता' को आन्दोलन छ। अर्को पाटोमा ॥विकास, सुशासन र संमृद्धि' को योजना छ। यी दुबै पाटो मिलेर समाजवादी पार्टीको मूल्य बन्छ। ॥विकास, सुशासन र संमृद्धि' को यात्रा तय गर्न, त्यसको योजना र नेतृत्व गर्न कुनै अर्को पार्टी चाहिँदैन मात्र हैन त्यो सम्भवै हुँदैन। किनकि, अधुरो लोकतान्त्रीकरण र संघीयकरणको प्रक्रियालाई पूरा नगरिकन साँचो अर्थमा ॥विकास, सुशासन र समृद्धि' को यात्रा प्रारम्भ हुन असंभव हुन्छ। देशमा दिगो शान्ति र स्थायित्व हासिल नगरी विकास सुशासन र समृद्धि सम्भव भएको उदाहरण संसारमा कहि पनि छैन।

शान्ति र स्थायित्वको आधार जातिय, भाषिक, धार्मिक, साँस्कृतिक, क्षेत्रीय तथा लैङ्गिक विभेदको अन्त्य, अधिकारको पूर्ण प्रत्याभूति, सम्मान, शक्ति र अवसरमा समान पहुँचको स्थिति निमार्ण गर्नु हो। अर्थात पहिचान, अधिकार र समावेशीता विकास सुशासन र संमृद्धिको पूर्व शर्त हो। अहिलेको नेकपा सरकारले पनि ॥विकास, सुशासन र समृद्धि' कै कुरा गरिरहेको छ तर किन भइरहेको छैन त ? समृद्धि, सुख र समाजवाद शब्द जप्दैमा प्राप्त हुँदैन। त्यसको वस्तुगत आधार तयार हुनु पर्दछ। सोही अनुरूपको राजनीतिक प्रणाली, विधि पद्धति र संस्थागत प्रक्रिया हुनु पर्दछ। त्यो अहिले छैन, तसर्थ ॥विकास, सुशासन र समृद्धि' को शर्त नै संविधान संशोधन, शासकीय स्वरूपमा परिवर्तन, पहिचान र अधिकारको प्रत्याभूति र प्रदेशको पुनर्सीमाब्कन हो।

समृद्धिका लागि आर्थिक विकासको प्रष्ट सोच, खाका र त्यसलाई लागू गर्ने दृढ इच्छाशक्ति चाहिन्छ। समाजवादी पार्टीको विश्वासमा विकास भनेको भौतिक विकास मात्र हैन,शारिरिक, मानसिक, बौद्धिक,आत्मिक तथा साँस्कृतिक जीवनपद्धतिको विकास पनि हो। ॥विकास' हुन प्रकृति ( स्रोतसाधन), पूर्वाधार (यातायात, संचार र उर्जा आदि), प्रविधि (उपयुक्त मेसिन तथा औजार, प्राविधिज्ञ), प्रवृत्ति ( श्रमशील संस्कृति), प्रशासन (अभिप्रेरित तथा सहजीकरण गर्ने राजनीतिक र प्रशासनिक मेकानिज्म) र पारदर्शिता (सुशासन र जवाफदेहिता) बीच तारतम्य चाहिन्छ। यस्तो तारतम्य नमिलाउँने केवल विकासको गफ छाँट्ने तरिकाले संमृद्धि संभव छैन।

सुशासनको समस्या शुद्ध सुशासनको सवाल मात्र हैन, त्यो राजनीतिक तथा प्रशासनिक संचरनासंग जोडिएको हुन्छ। अहिलेको जस्तो संसदीय प्रणालीमा भ्रष्टता, विकृति र विसंगति संरचनागत दोषका रूपमा रहन्छ। चुनाव जित्न धन र शक्तिको दुरूपयोग गर्ने, चुनाव जितेर पुनश्च शक्तिशाली हुने र धन कमाउँने, पुनश्च चुनाव जित्ने संसदीय प्रणालीले यस्तो दुश्चक्र निर्माण गरेको छ। शासकीय स्वरूप परिवर्तन नगरिकन यस्तो दुश्चक्रबाट मुक्त हुन सकिँदैन र सुशासन पनि संभव हुँदैन। सुशासनको अर्को पाटोस्वयं दलहरू भित्रको आन्तरिक सुशासन र पारदर्शिताकोहो।

सुशासनका लागि नेपालको कर्मचारीतन्त्रमा धेरै ठूलो पुनर्गठनको आवश्यकता छ। मूलतः हाम्रो प्रशासन अहिले पनि परम्परागत सोपानक्रम (हाईरार्की) मा आधारित ब्यूरोक्रेसीको सिद्धान्तमा आधारित छ। प्रशासनिक सेवाप्रवाहमा अनेक कानुनी तथा प्रक्रियागत झंझटहरू छन। प्रशासनलाई कर्मचारीतन्त्र (ब्यूरोक्रेसी) बाट कार्यगत एकाइ प्रणाली (एक्सनल युनिट सिष्टम) मा ढाल्न जरूरी छ।

कानुनी जटिलता र प्रक्रियागत झंझटलाई हटाउनु जरूरी छ। कर तथा राजस्व प्रणालीमा उत्तिकै समस्या छन। कुनै पनि क्षेत्रमा वास्तविक कारोवारमा कर लाग्ने प्रणाली स्थापित हुन सकेको छैन। कर राजस्वकोचरम चुहावट छ। कर तथा राजस्व प्रशासनको आधुनिकीकरण र सवलीकरण गरिएको छैन। सुशासनका सन्दर्भमा अर्को महत्वपूर्ण पक्ष अख्तियारको संगठन संरचनामा परिवर्तन हो। अहिलेकै सवैधानिक व्यवस्थाबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्वतन्त्र, निष्पक्ष र प्रभावकारी हुन संभव छैन। सुशासनसंग जोडिएका यी सबै सवाल राजनीतिक हुन्। तसर्थ सुशासन राजनीति भन्दा वाहिरको नैतिक विषय मात्र हैन। विकास, सुशासन र समृद्धिको सवाललाई अरू पार्टीले भन्दा समाजवादी पार्टीले नै बढी प्रभावकारी ढंगले हल गर्न सक्दछ। यो हाम्रो प्रतिवद्धता हो।

## ८. राजनीतिक शक्तिहरूको विश्लेषण

लोकतान्त्रिक शासन व्यवस्थामा शक्तिको आधार राजनीतिक दल हुन्। राजनीतिक दलहरूले निश्चित सोच, विचार, एजेण्डा र दृष्टिकोणको पैरवी गरिरहकेका हुन्छन्। नागरिकको समर्थन र झुकाब जुन दलतिर ढल्किन्छ, सोही बमोजिमको सामाजिक, राजनीतिक तथा आर्थिक प्रणाली स्थापित हुँदै जाने संभावना रहन्छ। अतः दलहरूको उपस्थिति, विचार र भूमिकाबारे प्रष्ट धारणा बनाउँन आवश्यक हुन्छ।

### ८.१.नेपाली कांग्रेस

वैचारिक दृष्टिकोणले नेपाली काँग्रेस 'उदार-लोकतान्त्रिक' धारको नेतृत्व गर्ने दल हो। औपचारिक तवरले दस्तावेजमा ॥प्रजातान्त्रिक समाजवाद' लेखे पनि २०४६ साल यताका उसका कुनै पनि व्यवहार र एजेण्डाले कांग्रेस समाजवादी दल भएको पुष्टि हुँदैन। २०४६ साल पछि कंग्रेस नेतृत्वमा सरकार बन्यो र उसले आफ्ना नीतिहरू पूँजीवादी बजार अर्थतन्त्र को पक्षमा लक्षित गर्दै गयो। सन्१९९० को नवउदारवादको विश्वव्यापी लहर ले कांग्रेसलाई ॥प्रजातान्त्रिक-समाजवाद' को आवरणबाट बाहिरिन सहज बनाइदियो। यो धारसँग हाम्रो पार्टीको मिल्ने विषय भनेको दलीय स्वतन्त्रता र बहुदलीय व्यवस्था मात्र हो। अरू सबै कुरामा यो दलभन्दा हामी फरक छौं।

यो पार्टी हिजो सवैधानिक राजतन्त्रको पक्षधर थियो। परिस्थितिवंश लतारिएर गणतन्त्रमा आयो। तर हामी सिद्धान्ततः नै गणतन्त्रवादी हौं। गणतन्त्रजस्तै यो पार्टी हिजो संघीयता र समावेशिताको विरूद्धमा थियो। अनिच्छावश मान्न बाध्य भयो। तर हामी वैचारिक प्रतिवद्धताकै हिसाबले संघीयता र समावेशिताको पक्षमा छौं। धर्मनिपेक्षता हाम्रो वैचारिक प्रतिबद्धता हो। कांग्रेसका कैयौं नेताहरू अहिले पनि यसलाई उल्टाउन सार्वजनिक रूपमा जनमत निर्माण गर्दै हिडेकाछन्।

यो पार्टीले संसदीय लोकतन्त्रलाई आफ्नो अडान बनाएको छ। संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसको यो अडान पनि थियो। यो पार्टी उत्पीडित जनसमुदायको मुक्ति, पहिचान र अधिकारको विपक्षमा छ। संघीयताको सही मोडेल निर्धारण हुन नसक्नुमा कांग्रेसको ठूलो हात छ। कांग्रेस सहभागितामुलक, समावेशी समानुपातिक लोकतन्त्रको विरूद्धमा उभिने गरेको छ। यो पार्टीको सरकारले नै नेपालमा निरपेक्ष निजीकरण र उदारीकरण शुरूवात गरेको थियो। राष्ट्रिय उद्योगधन्दाहरू समाप्त गर्ने, कृषि अनुदान कटौती गने, कृषिप्रधान देशलाई कृषि वस्तुमै परनिर्भर र आयातकर्ता बनाउँने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापारघाटामा पार्ने, शिक्षा र स्वास्थ्यको अतिव्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरणमार्फतअव्यवस्थित शहरीकरण र शहरी सुकुम्बासी समस्या सृजना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जतातत्तै मूल्य कार्टेलिब र सिन्डिकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतहरूमा निश्चित वृतलाई मात्र पोस्नेर कमिसनतन्त्रलाई बढावा दिनेजस्ता प्रवृतिहरू कांग्रेसलेसंस्थागत गरेको हो। कांग्रेसको शासनकालमा लाउडा, धमिजा, सुडानजस्ता ठूल्ठूला भ्रष्टाचार काण्डहरू भए। तर कहिल्यै विश्वासनीय छानबीन भएन। सुशासनको सवालमा यो पार्टीको प्रतिवद्धता व्यवहारमा देखिएन। आज कंग्रेस आफ्नै असक्षमता, अकर्मण्यता र नालायकीकोभारले थिचिएको छ। प्रमुख प्रतिपक्षको भूमिका समेत राम्ररी निभाउन नसक्ने गरी थबथिलो भएको छ। तथापि यो पार्टीको देशभरि फैलिएको संगठन र परम्परागत जनमत छ। बैकल्पिक लोकतान्त्रिक तथा समाजवादी दलको अभावमा राजावादी र साम्यवादी लाई भोट दिन नचाहने जनमतले यो पार्टीलाई भोट दिँदै आएको छ। हाम्रो पार्टीले यो जनमतमाथि उल्लेखनीय हस्तक्षेप गर्नु पर्दछ। वैकल्पिक लोकतान्त्रिक शक्तिको उदय भइसकेको सन्देश दिनु पर्दछ।

### ८.२. नेपाल कम्युनिष्ट पार्टी

नेपालमा कम्युनिष्ट पार्टीको स्थापना शास्त्रीय साम्यवादको सिद्धान्त, सोभियत प्रणालीको अनुप्रेरणा र चिनियाँ मोडेलको ॥नयाँ जनवादी क्रान्ति' गर्ने उद्देश्यबाट भएको थियो। सन् १९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले ॥जनताको बहुदलीय जनवाद' मार्फत् परम्परागत संसदीय बाटो समात्यो। माओवादीलेदशवर्षे जनयुद्ध मार्फत्प्रारम्भिककालको॥जनवादी गणतन्त्र नेपाल' स्थापना गर्ने उद्देश्यलाई स्थगन गर्दै ॥संघीय लोकतान्त्रिक गणतन्त्र' को स्थापनामा महत्वपूर्ण योगदान गऱ्यो। पछि प्रचण्ड नेतृत्वको माओवादी र एमाले एक भएर बनेको सत्तारूढ नेकपा फेरि एकैसाथ ॥संसदवादी' र ॥कम्युनिष्ट' वन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको छ।

पार्टीको स्थापनाकालीन मान्यता, सिद्धान्त र उद्देश्यहरू विश्वव्यापी रूपमा असफल भएपछि नेपालको कम्युनिष्ट आन्दोलन कुहिरोको कागजस्तो बन्न पुगेको छ। एकातिर उनीहरूले मार्क्सवाद-लेनिनवाद-माओवादप्रति शाब्दिक निष्ठा व्यक्त गर्न छोडेका छैनन्। अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे उनीहरूमा व्यापक अन्यौल, अविश्वास, निरासा र हिनताभाष छ। यही वैचारिक संकट बीच उनीहरूले आफूलाई ॥दार्शनिक तथा वैचारिक कम्युनिष्ट नभएर केवल राजनीतिक रूपमा मात्र कम्युनिष्ट' भएको बुझिदिन आग्रह गर्दै आएका छन्।

एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शंका नगर्न अनुनय विनय गर्दछन अर्कोतिर ॥कम्युनिष्ट-कम्युनिष्ट' को नाममा सामिप्यता र आडभरोसा खोज्न पनिछोडेका छैनन्। एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्ने वित्तिकै गौरवीकरण गर्दछन्। यसरी नेपालको कम्युनिष्ट आन्दोलन वैचारिक रूपले अध्याँरोसुरूङभित्रको यात्रा गरिरहेकोछ। हामीले यहाँनेर बुझ्नुपर्ने कुरा के के छ भने दार्शनिक, वैचारिक रूपमा अन्यौलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी संगठनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन सक्दैन। आउँदा केही बर्ष वा दशकभित्र नेकपा भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख छ। नेकपाको राजनीतिक व्यवहार र नेकपाले संचालन गरिरहेको सरकारले यही कुरा पुष्टि गर्दैछ। यो पार्टीका ठूल्ठूला नेताहरू भ्रष्टाचार तथा नैतिकपतनका घटनामा लज्जास्पद ढंगले उदांगिदैछन। आर्थिक क्षेत्रमा नेकपालेकांग्रेसको नवउदारवादी नीतिलाई नै निरन्तरता दिइरहेको छ। शिक्षा र स्वास्थ्यको व्यापारीकरण कम्युनिष्ट नेतृत्वको सरकारमा पनि रोकिएको छैन। एनसेलको पुँजीगत लाभकर, बुढीगण्डकीको गेजुवा तथा वाइडवडी कमिसन प्रकरण भएका छन्। सम्पति शुद्धीकरण आयोगलाई निस्क्रिय बनाउने तथा ठूला आयोजनाहरू विना टेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसंगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका छैन।

वर्तमान संविधान जारी गर्दाका बखत कांग्रेससंग मिलेर मधेसी, जनजाति/आदिवासी, थारू, मुस्लिम, खस, शिल्पी/दलित, महिला आदि आन्दोलनलाई निर्मम दमन गर्ने, सप्तरीको मलेठजस्ता घटना गराउन उद्यत हुने, टिकापुर थारू विद्रोहको निर्ममतापूर्वक दमन गर्ने, संसदीय शासकीय प्रणाली कायम राख्ने, १०+१ को मोडेलमा प्रदेश सिमाब्कन हुन नदिने कार्यमा नेकपाको प्रत्यक्ष हात छ। 'कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण' नाममा नेकपा नेपाली कांग्रेसजस्तै औपचारिक-प्रतिनिधिमुलक संसदीय लोकतन्त्रको पक्षपाती बन्न पुगेको छ। आफूलाई समानुपातिक-समावेशी, सहभागितामूलक तथा प्रत्यक्ष लोकतन्त्र को विरूद्धमा उभ्याएको छ। यस्तो प्रवृति विरूद्ध हाम्रो पार्टीले तीव्र वैचारिक तथा राजनीतिक संघर्ष गर्नु पर्दछ। कम्युनिष्ट समर्थक र तल्लो तहका इमान्दार कार्यकर्ता पंक्तिलाई समाजवादी-लोकतन्त्रकोमार्गचित्र र कार्यदिशाबारे प्रशिक्षित गर्दै ध्रुवीकृत गर्ने प्रयास गर्नु पर्दछ।

### ८.३.राप्रपा

राप्रपा नेपाल पुरातन सम्बर्द्धनवादी धारको प्रतिनिधि दल हो। पुराना शासक वर्ग र परिवार राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ताहरूको राजनीतिक रक्षाकवचका रूपमा यो दलको उदय भयो। जनताको धार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहने यो दल पछिल्लो चुनावमा निक्कै कमजोर भएको छ। यो दल गणतन्त्र, संघीयता, समावेशिता र धर्मनिरपेक्षताको विरूद्धमा छ। ॥महेन्द्रीय राष्ट्रवाद' को पैरवी गर्ने राप्रपा धारले वेलावेला कांग्रेस-कम्युनिष्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गर्दछ। राजतन्त्र फर्किने हल्ला गर्दछ। नेपाली जनताले लामो संघर्ष र ठूलो बलिदानको मूल्यमा राजतन्त्रको अन्त्य गरेका हुन। त्यो फर्किने कुनै संभावना छैन। तथापि यो दलले छर्ने अनावश्यक भ्रम चिर्न हाम्रो पार्टीले निरन्तर चनाखो रहनु पर्दछ।

### ८.४. राजपा

राष्ट्रिय जनता पार्टी राष्ट्रिय पहिचान र अधिकारको पक्षधर लोकतान्त्रिक दल हो। यो दलसँग हाम्रा धेरै एजेण्डाहरू मिल्दछन्। यस पार्टीसँग एकताका निम्ति केही समय देखि गंभिर छलफल भईरहेको छ। यो एकता प्रयासलाई यथासम्भव छिटो तार्किक निष्कर्षमा पुऱ्याउने प्रयत्न गर्नु पर्दछ।

### ८.५. अन्य दलहरू

उपरोक्त बाहेक पनि नेपालमा केही दलहरू छन। जस्तै कम्युनिष्ट धारभित्रकै मसाल, नेकपा (वैद्य), नेकपा ( विप्लव), नेमकिपा, माले आदि। यी दलहरू या त शास्त्रीय साम्यवादको धबधबीबाट ग्रस्त छन् या त सत्तारूढ नेकपाकै उपग्रही विचार बोक्दछन। नेकपा ( विप्लब) ले सशस्त्र संघर्षको बाटो रोजेर गलत क्रियाकलाप गरिरहेको छ। राजनीतिक संवादको मार्गबाट ऊ ढिलोचाँडो लोकतान्त्रिक मूलधारमा फर्किनुपर्दछ। राज्यले दमनद्वारा हैन वैचारिक तथा राजनीतिक प्रक्रियाद्धारा उसलाई मूलधारमा ल्याउने प्रयास गर्नु पर्दछ।

साझा पार्टी र विवेकशील नेपालीजस्ता नयाँ दलहरू विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीति नभएको चिन्ता व्यक्त गर्दैछन। यो सकारात्मक कुरा नै हो। तर, यी दलको विचार के हो र कस्ता एजेण्डा बोक्ने हुन त्यो प्रष्ट छैन। केही नयाँ गरौं भन्ने हुटहुटीले यी दल बनेका हुन सक्दछन्।

यिनीहरूलाई धैर्यतापूर्वक बुझ्ने, परख्ने गर्नु पर्दछ। संगसंगै गलत बाटो तिर नजाउन् भनेर वैचारिक संघर्ष पनि जारी राख्नु पर्दछ। जनमुक्ति पार्टी, लिम्बुवान, थरूहटजस्ता पार्टीसंग हाम्रा कतिपय एजेण्डाहरू मिल्दछन्। विशेषतः १०+१ को प्रदेश पुनर्सीमाब्कनको सवालमा यी पार्टीहरूसंग सहकार्य हुन सक्दछ। समाजवादको बृहत आयाम र अवधारणाबारे यस्ता दलहरूसंग वैचारिक सहकार्य बढाउँदै, ध्रुवीकरण र एकताको प्रयास गर्दै अगाडि बढ्नु पर्दछ।

## ९.समाजवादी पार्टी र समुन्नत संघीय समाजवाद

हाम्रो समाजवादी पार्टी उपरोक्त सबै राजनीतिक धारभन्दा फरक एक प्रगतिशील-लोकतान्त्रिक-समाजवादी-अग्रगामी विकल्प हो। समाजवादी पार्टीले एक्काइशौं शताब्दीको विश्वचेतना र नेपाली समाजको विशिष्ठताका आधारमा मौलिक र युग सुहाउँदो राजनीतिक सिद्धान्त विकास गरेको छ-समुन्नत संघीय समाजवाद।

यसका मुख्य पाँच वटा आयाम हुन्छन, एक-द्वन्द्वात्मक भौतिकवादलाई संमृद्धीकरण गर्ने दार्शनिक विचार पद्धति। दुई- अर्थशास्त्रीय चिन्तनमा एक नयाँ आर्थिक पद्धतिको विकास- बजारको सामाजिक दायित्वसहितको अर्थतन्त्र वा बजार र राज्यको सन्तुलित भूमिका रहेको अर्थतन्त्रमा आधारित समतामुलक समृद्धि, समन्यायिक वितरण, पर्यावरण संरक्षणसहितको दीगो विकास र आत्मिक खुशीसहितको आर्थिक विकासको ढाँचा। तीन- नयाँ स्तरमा लोकतान्त्रिक प्रणालीको विकास-सहभागितामुलक, समावेशी-समानुपातिक तथा प्रत्यक्ष लोकतन्त्रको अभ्यास। चार-बहुसाँस्कृतिकता वा बहुल-राष्ट्रियतायुक्त संघीय प्रणाली र समावेशी समाजको निर्माण। पाँच-समानता, समभाव र सदाचारमा आधारित पारदर्शी, परस्पर आत्मसम्मानयुक्त, सृजनशील प्रतिस्पर्धा र सहकार्यमा आधारित साँस्कृतिक पद्धतिको विकास। यसले के सिद्ध गर्दछ भने हाम्रो पार्टी राजनीतिक दलहरूको अभाव भएर थप एक थान पार्टी बनाउँने प्रयास हैन। हामीले एक्काइशौं शताब्दीको विश्वचेतनामा आधारित भएर नेपाली राजनीतिमा सृजनशील विकल्प प्रस्तुत गरेका छौं ॥समुन्नत संघीय समाजवाद' का विशेषतालाई पार्टी एकताको "घोषणापत्र" ले १५ वटा बुँदामा व्यक्त गरेकोछ। १.राष्ट्रिय स्वाधिनता २.सबघीय शासन ३.समाजवादी व्यवस्था ४.सहभागितामुलक समावेशी लोकतन्त्र ५.राष्ट्रिय पहिचान ६.सामाजिक न्याय ७.समतामुलक समृद्धि ८.लोककल्याणकारी राज्य र सामाजिक सुरक्षा, ९.सुशासन र सदाचार १०. समानुपातिक समावेशीकरण ११. स्वशासन तथा स्वायत्तता १२. साँस्कृतिक बहुलता १३.समानुपातिक निर्वाचन प्रणाली १४.पर्यावरणीय सन्तुलन १५. बहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता।

विश्व राजनीतिमा समाजवादका विभिन्न प्रयोग र परम्परा छन्। युटोपियन समाजवाद, फेबियन समाजवाद, वैज्ञानिक समाजवाद, बोलीभारिएन समाजवाद, उदार समाजवाद, प्रजातान्त्रिक समाजवाद, गान्धीयन समाजवाद, राष्ट्रिय समाजवाद,आदि शब्दहरू प्रयुक्त हुने गरेका छन। हामीले भनेको समाजवाद यी कुनै पनि समाजवादको फोटोकपी वा अनुकरण हैन। समाजवादका सबै धार र परम्पराबाट हामीले उपयोगी र सान्दर्भिक तत्वहरू लिन सक्दछौं। अनुपयोगी र असान्दर्भिक तत्वहरू ग्रहण गर्न आवश्यक हुँदैन। समाजवादी पार्टीले क्रान्तिकारी समाजवादी लोकतन्त्र ( Radical Socialist Democracy)को विश्व परम्परालाई आधारभूत रूपमा समात्ने छ। तर अन्धानुकरण गर्ने छैन। त्यसलाई समय र परिस्थिति अनुरूप विकसित र परिमार्जित गर्दै लग्नेछ ॥समाजवाद' भनेको निजत्व र सामुहिकता, निजी स्वामित्व र सार्वजनिक स्वामित्व, प्रतिस्पर्धा र सहकार्य, आर्थिक समानता र राजनीतिक स्वतन्त्रताबीच अविछिन्न गतिशील सन्तुलन भएको राजनीतिक विचारधारा हो। समाजवाद र लोकतन्त्रबीच अन्योन्यश्रित सम्बन्ध हुन्छ। लोकतन्त्र भनेको अरू केही हैन, त्यो समाजवादमा जाने बाटो होसमाजवाद भनेको अरू केही हैन, त्यो अझ उन्नतस्तरको लोकतन्त्र हो। लोकतन्त्रका नाममा समाजवादलाई छोड्दा त्यो 'बजार-पुँजीवाद' हुन्छ। समाजवादको नाममा लोकतन्त्रलाई छोड्दा त्यो ॥राज्य-पुँजीवाद' बन्न पुग्दछ। हामीले पुँजीवाद र लोकतन्त्रलाई फरकफरक अर्थमा बुझ्नु पर्दछ। पुँजीवादलाई छोड्नु पर्दछ लोकतन्त्रलाई अझ बलियो गरी समात्नु पर्दछ। पुँजीवाद खुल्ला बजार अर्थतन्त्रमा आधारित एक शोषणकारी आर्थिक ढाँचा हो।

लोकतन्त्र राज्यशक्तिको स्रोत सार्वभौम नागरिकलाई बनाउँनेराजनीतिक प्रणाली हो। ठीक त्यसैगरी हामीले साम्यवाद र समाजवादलाई पनि फरकफरक अर्थमा बुझ्नु पर्दछ। समाजवादलाई अझ बलियो गरी समात्नु पर्दछ। अहिले प्रयोगमा ल्याइएको साम्यवादी राज्य र सामाजिक आर्थिक प्रणाली सर्वहारा राज्यको नाममा एकदलीय कम्युन प्रणालीलाई आर्दश मान्ने अधिनायकवादी सोच र त्यो बाटोबाट राज्यविहीनता, वर्गविहीनताको कल्पना हो। समाजवाद भनेको नागरिक स्वतन्त्रता, समानता, न्याय र भातृत्वसहितको वैज्ञानिक मानवतावादी दृष्टिकोण हो। हामीले पुँजीवादी लोकतन्त्रको बैकल्पिक समाज व्यवस्थाका रूपमा समाजवादी लोकतन्त्रको कुरा गरेका हौं।

हामीले हाम्रो सिद्धान्तमा समाजवाद संगसंगै ॥समुन्नत'

क्रमशः पृष्ठ ५ मा...

# समाजवादी...

र 'संघीय' दुइ शब्दको प्रयोग यस अर्थमा गरेका हौं कि हामी समाजवादका कुनै पूर्ववर्ती धारसंग जस्ताको त्यस्तै विरासतमा बाँधिएका छैनौं। बरू ती सबैभन्दा विकसित वा उन्नत (Enhanched/Enriched/Advanced) समाजवादको प्रस्ताव गरेका छौं। हाम्रो पार्टीले समाजवादलाई अररो वा कक्रिएको परम्पराका रूपमा हैन, सृजनशील र गतिशील विचारधाराको रूपमा परिकल्पना र अभ्यास गर्दछ। हामीले हाम्रो सिद्धान्तमा ॥संघीय' (Federal/Federalist) शब्द यस अर्थमा प्रयोग गरेका छौं कि हामी स्वायत्तता र सम्प्रभुता, स्वशासन र साझेदारी शासन, स्थानीयता र भूमण्डलीकरण, जातीयता (राष्ट्रियता) र वर्गीयता, राजनीतिक/आर्थिक अधिकार र सामाजिक/साँस्कृतिक अधिकार, समुदाय र राज्य, तल्ला एकाई र माथिल्ला एकाई बीच गतिशील सन्तुलन चाहन्छौं। दक्षिण एसियाली विशिष्ठ सन्दर्भमा वर्ग र वर्ण दुबैमा आधारित विभेद र उत्पीडनको अन्त्य गर्न चाहान्छौं। यी मध्ये कुनै एउटा पक्षलाई समात्यो भने एकांकी होइन्छ। सही बाटो अवलम्बन गर्न सकिन्न। नेपालजस्तो बहुजातीय, बहुभाषिक,बहुसाँस्कृतिक, बहुधार्मिक समाज, समग्रमा बहुल-राष्ट्रियतायुक्त मुलुकमा संघीय शासन अपरिहार्य प्रणाली हो। तसर्थ हामीले भनेको समाजवादले ॥स्वशासन र साझेदारी शासन' संगसंगै प्रत्याभूत गर्दछ। हामीले भनेको समाजवादले ॥जातीय र वर्गीय मुक्ति' संगसंगै प्रत्याभूत गर्दछ। हामीले भनेको समाजवादले ॥राजनीतिक/आर्थिक अधिकार र सामाजिक/साँस्कृतिक अधिकार' संगसंगै प्रत्याभूत गर्दछ। हामी राष्ट्रिय समुदायहरूको आत्मसम्मान र अधिकारको जगमा बनेको राष्ट्रिय एकताको पक्षमा छौं।

निष्कर्षमा ॥समुन्नत संघीय समाजवाद' पछिल्लो विकसित ज्ञान विज्ञानमा आधारित एक सामयिक, सृजनशील र गतिशील विशिष्ठ राजनीतिक सिद्धान्त हो। यसको मार्गदर्शनमा समाजवादी पार्टीले नेपाली समाजका विद्यमान अन्तर्विरोधहरू हल गर्ने छ। जातीय/राष्ट्रिय सवालको समाधान गर्दै अझ उन्नत, सुशासित, सभ्य र संमृद्ध मुलुक निर्माण गर्ने छ।

**१०. तत्कालीन अन्तर्विरोध र पार्टी कार्यदिशा**

संविधानसभाकोनिर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि मुलुक नयाँ युगमा प्रवेश गर्ने अपेक्षा गरिएको थियो। मूलत: राजनीतिक संघर्षको युग समाप्त हुने, लोकतान्त्रीकरण तथा संघीयकरणको चरण पूरा हुने, दलाल पुँजीवादी आर्थिक ढाँचा परिवर्तन हुने,विकास, सुशासन र समृद्धिको युगमा देश निर्वाध प्रवेश गर्ने अपेक्षा थियो। तर संविधान निर्माणको बखतदेखि नै पश्चगामी कदमहरू हावी हुँदै गए। क्रान्तिकारी आन्दोलनहरूको मर्म र जनअपेक्षा विपरित संविधान घोषणा गर्ने हतारो गरियो। सबै राष्ट्रिय समुदाय र शक्तिले संविधान निर्माणमा स्वामित्व बोध गर्न पाएनन्। राष्ट्रिय पहिचान र स्वायत्तताको अधिकार सहित संघीय पुनर्संरचना हुन सकेन। संविधान जारी हुँदै गर्दा मधेशमा र थरूहटमा देखिएको जनविद्रोहको भावना ऐतिहासिक रह्यो। पुराना राजनीतिक दल विशेषत: कांग्रेस-कम्युनिष्टमा यी सवालमा संवेदनशीलता देखिएनन्।

नेपाली समाजमा आज सामन्तवाद पतनोन्मुख र पुँजीवाद उदयमान छ। तर, त्यस्तो पुँजीवाद जुन रचनात्मक, प्रतिस्पर्धी र प्रगतिशील नभएर दलाल, आसेपासे, अनुत्पादक तथा सट्टेबाजी प्रवृतिको छ। उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, श्रमिक वर्गको हित रक्षा गर्ने, देशको आयातमुखी चरित्रलाई परिवर्तन गरी निर्यात प्रवर्द्धन र व्यापार घाटा घटाउँन योगदान गर्ने, देशमै रोजगार बृद्धि गर्ने, सेवासुविधाको गुणस्तर, उपभोक्ता हित र जनस्वास्थ्यमा ध्यान दिने, दीगो विकासलाई सुनिश्चित गर्ने खालको प्रतिस्पर्धी र प्रगतिशील प्रवृतिको पुँजीवाद विकसित भइरहेको छैन। त्यस्तै नेपाल जस्तो बहुजातिय, बहुभाषिक र क्षेत्रीय विविधतायुक्त समाजमा विद्यमान जतीय/राष्ट्रिय सवाल अझै हल हुन सकेकोछैन।

शुत्रबद्ध रूपमा व्यक्त गर्दा यतिबेला नेपाली समाजमा मुख्य ३ वटा अन्तर्विरोधहरू प्रकट भएकाछन। एक-श्रमजिबी बर्ग र दलाल, आसेपासे तथा किनारा पुँजीवाद बीचको अन्तर्विरोध। दुई-उत्पीडित राष्ट्रियताहरू र एकल जातिय अहंकारवाद बीचको अन्तरविरोध। तीन- दुई ठूला छिमेकी मूलुकहरूको बीचमा रहेको विशिष्ठ भूराजनीतिक अवस्थिति र वित्तिय पुँजीवाद, क्षेत्रीय तथा वैश्विक शक्तिहरूबाट भएको नियन्त्रण र हस्तक्षेपको प्रयास। यसका अतिरिक्त पूर्ण लोकतन्त्रको अपेक्षा र औपचारिक लोकतन्त्रको अभ्यास, सुशासित सभ्य राज्यको अपेक्षा र भ्रष्ट राज्ययन्त्र जस्ता अन्तर्विरोध विद्यमान छन्। पार्टी कार्यदिशाको मूल पक्ष यी अन्तर्विरोधहरूलाई हल गर्नु हो।

**११.वर्तमान सरकारको २ बर्ष**

वर्तमान नेकपा नेतृत्वको सरकारले करिब २ बर्षपुरा गरेको छ। नयाँ संविधान जारी भएपछिको यो पहिलो निर्वाचित सरकार हो। करिब ७ दशक लामो कम्युनिष्ट आन्दोलनको इतिहासमा कम्युनिष्ट पार्टीको पहिलो बहुमत प्राप्त सरकार हो। समाजवादी पार्टीको संहभागिताले सरकारले दुईतिहाई बहुमतको हैसियत प्राप्त गरेको छ। यदि सरकारसंग केही गर्ने दुरदृष्टि, सोच र इच्छाशक्ति हुने हो भने यो सरकारलाई ऐतिहासिक महत्वका जनमुखी काम गर्नबाट कसैले रोक्न/छेक्न सक्ने ठाउँ थिएन/छैन। प्रारम्भमा यो सरकारप्रति जनताको केही आशा/अपेक्षा थियो। आफूलाई कम्युनिष्ट, सर्वहारावादी, जनवादी, गरीबमुखी, समाजवादी, साम्यवादी आदि इत्यादि भन्न रूचाउनेहरूको पहिलो बहुमतको सरकार बन्दा साँच्चै केही हुन्छ कि भन्ने आशा सर्वसाधारणमा जाग्रित हुनु स्वभाविक हुन्थ्यो। तर, नेकपा सरकार जनअपेक्षा अनुरूप कार्य गर्न असफल भएको मात्र हैन, उल्टो आफै अकर्मण्यता, भ्रष्टता र यथास्थितिवादको दलदलमा फस्दै गयो। यो सरकारले न राजनीतिक समस्या हल गर्नतिर ध्यान दियो न आर्थिक विकासको कुनै मोडेल तयार गर्न सक्यो न सुशासन दिन सक्यो न सहिष्णु लोकतान्त्रिक संस्कृति नै निर्माण गर्‍यो।

संविधान संशोधन गर्ने शर्तमा हामी यो सरकारमा सहभागी भएका थियौं। तर अहिलेसम्म सरकारको नेतृत्व गर्नेहरूले संविधान संशोधनप्रति पूर्ण उपेक्षा र अनिच्छा मात्र प्रदर्शन गरेका छैनन् बरू उल्टै संघीयताको मर्ममाथि नै प्रहार गर्दै गएका छन्। सरकारको साझेदार पार्टीप्रति निभाउनुपर्ने सामान्य राजनीतिक धर्म पनि निभाएका छैनन्। दिर्घकालिन आर्थिक सामाजिक रूपान्तरणका लागी सार्थक कार्यहरू भएका छैनन्। वर्तमान संविधानमा उल्लेख भएका प्रदेश र स्थानीय तहहरूले पाउनु पर्ने साधन, श्रोत, शक्ति र अधिकार नदिई संघीय सरकार मै सिमित राख्ने प्रवृतिले संघीयताको अवधारणा नै संकुचित हुन पुगेको छ।

नेकपा सरकारले बारम्बार अभिव्यक्ति स्वतन्त्रतालाई कुन्ठित गर्ने प्रयास गर्‍यो। माइतीघरमा जनप्रदर्शन गर्न निषेधआज्ञादेखि मिडिया विधेयक र गीतसंगीतका स्रष्टा तथा कलाकारहरूको गिरफ्तारीसम्मका दजनौं घटनाहरू भए, जो खुल्ला, बहुलवादी तथा सहिष्णु लोकतान्त्रिक समाजको मान्यता विपरित थिए। विवादस्पद गुठी विधेयक मार्फत् साँस्कृतिक मूल्यमान्यता माथि धावा बोल्ने तथा भूमाफियाहरूलाई पोस्ने मनसाय व्यक्त गर्‍यो। ३३ किलो सुनतस्करी छानविनको चर्को हल्ला चलायो। खोज्दै जाँदा ठूला माछा फेला पर्ने, लहरो तान्दा पहरो जाने देखेपछि सबै सामसुम गरायो।

सार्वजनिक यातायातमा सेन्डिकेट हटाउन हल्ला पिटायो तर आफै सेन्डिकेटको रक्षक बनेर आयो। काम नगर्ने ठेकदारहरूलाई कार्वाही गर्ने प्रोपागण्डा गर्‍यो। अधिकांश त्यस्ता ठेकदारहरू आफ्नै पार्टी, नेता र सरकार निकट पाइएपछि तैचुप मैचुप भयो। विवादस्पद मेलम्ची ठेक्का प्रकरणमा अमुक नेता निकट व्यक्तिहरूको संलग्नता र मिलोमतो प्रष्ट छ। कञ्चनपुर निर्मला पन्त बलात्कार/हत्या प्रकरणमा दोषी पत्ता लगाउन र दण्ड दिन सकेन। पंचायतकालमा सुनिता- नमिता काण्डजस्तै यो घटनामा शक्तिशाली व्यक्तिहरूको हात हुन सक्ने जनआशंका बीच सभामुख जस्तो मर्यादित उच्च पदका व्यक्तित्व यौनदुराचारको घटनामा पक्राउ परे। सार्वजनिक सुरक्षाको स्थिति झनझन बिग्रदै छ। हत्या, बलात्कार, एसिड आक्रमण, महिला हिंसा, जातिय छुवाछुत र विभेदका घटना बढोत्तरी भएका छन्।

स्थानीय सरकारलेजथाभावी कर थोपरिहेको जनगुनासो बढेको छ। जनतामाथि अनावश्यक कर थपेर महंगा गाडी किन्ने र त्यसको दोष संघीयतामाथि खन्याएर संघीयतालाई असफल बनाउने षडयन्त्रमा नेकपा र यसका निर्वाचित प्रतिनिधिहरू आफै सामेल भएका छन्। वित्तिय संघीयताको मर्म अनुरूप कर प्रणालीमा कुनै सुधार गरिएको छैन। प्रदेश सरकारलाई स्वायत्ततापूर्वक काम गर्ने वातावरण बनाउनको साटो नेकपा सरकार अनुदान दिने र नियन्त्रण गर्ने पुरानै सोचबाट ग्रसित छ। लोकसेवा आयोगले लिएको पछिल्लो परीक्षाको प्रावधान र प्रकृति हेर्दा राज्य समावेशिता र आरक्षणको संविधानप्रदत्त अधिकारमाथि जालझेल गर्नतिर लागेको प्रष्ट हुन्छ।

देशमा २०७२ को महाभुकम्प गएको ४ वर्ष बढी भएको छ। यति लामो समयमा पनि सरकारले भूकम्पपीडितहरूलाई यथोचित सहयोग गर्न र पुनर्निर्माणको कार्यमा सफलता हासिल गर्न सकेको छैन। भूकम्पले क्षति पुर्‍याएका साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण कार्य उत्तिकै ढिला र सुस्त छ। पहिले कांग्रेस र अहिलेकम्युनिष्ट सरकार भने पुनर्निर्माण प्राधिकरणको सिइओ फेर्ने र आफ्नालाई जागिर खुवाउँने क्षुद्र स्वार्थमा नै लिप्त छ। अनेक उखानटुक्का र भ्रामक अवधारणाबाट लोकरिज्याई गरेर सत्तामा आएका प्रधानमन्त्रीको कार्यशैली बिल्कुल ॥गफास्टक' प्रकृतिको छ। उनले २ बर्ष अगाडि नै तीव्र गतिको चुच्चे रेलको स्टेशन बनाउने गफ दिए तर, महामहिम सी जिब पिबको भ्रमणपछि भरखरै केरूब-काठमाण्डौं रेलमार्गको संभाव्यता अध्ययन गर्ने कुरा मात्र भएको छ। घरघरमा ग्याँस पाइपको अवधारणा सार्वजनिक शौचालयबाट बनेको गोबरग्याँस उद्घाटन गरेर तुष्टिकरण गरिँदैछ। हनुमाननगरबाट चल्ने पानीजहाजको टिकट पोहर सालको पुष १ गतेदेखि पाइने कुरा गरियो तर अचेल चर्चा गर्न छोडिएको छ। यस्ता अनेक फोस्रा आश्वसनले सृजना गरेको अभूतपूर्व नैतिक संकटबीच यो सरकारले दुई वर्ष गुजार्दै छ।

महंगी, अभाव, मूल्य वृद्धि, कालोबजारीको समस्या यथावत छ। अव्यवस्थित बसोबास, कमजोर सार्वजनिक यातायात प्रणाली र प्रदुषणले शहरी जनजीवन अस्तव्यवस्त छ। सवैधानिक आयोगहरूले पूर्णता पाएका छैनन्। शान्ति प्रक्रियाको अभिन्न अंग रहेको सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानवीन आयोग गठन गर्ने र शान्ति प्रक्रियालाई पूर्णता दिने काम हुन सकिरहेको छैन। मधेश आन्दोलन, थरूहट आन्दोलन लगायतका फर्जी मुद्दाहरूको खारेजी र बन्दीहरूको रिहाई हुन सकिरहेको छैन। नेकपा सरकारले देशको नेतृत्व गर्न सक्ने संभावना निरन्तर क्षीण हुँदै गइरहेको छ। तसर्थ देशलाई आगामी निर्वाचनसम्म दीगो र भरपर्दो विकल्प समाजवादी पार्टीले दिन सक्नु पर्दछ।

**१२.संघीय सरकारमा पार्टीको संलग्नता**

नेकपा नेतृत्वको वर्तमान संघीय सरकारमा हाम्रो पार्टीको सहभागिता छ। तर यो सहभागिता सामान्य संसदीय समिकरण वा सत्ता साझेदारीको विषय मात्र हैन। नेकपा र तत्कालिन सङ्घीय समाजवादी फोरम, नेपाल दुई पार्टी बीच २ बुंदेसहमति गरी संविधान संशोधन गर्ने र त्यसकालागि दुईतिहाईको सहजता निर्माण गर्ने शर्तमा सरकारमा सामेल भएका थियौं। तथापि हाम्रो पार्टीले जिम्मेवारी लिएका मन्त्रालयहरू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शहरी विकास मन्त्रालयलाई प्रभावकारी र जनमूखी ढंगले अगाडी बढाउन अधिकतम् प्रयास भएको छ। विभिन्न कठिनाईका बावजुत पनि स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य नीति-२०७६ ल्याउनु, प्रजजन अधिकार र सुरक्षित मातृत्व सम्बन्धी आज सम्मकै उत्कृष्ट व्यवस्था हुनु, स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वन गर्नु, राज्यकोषमा भार पर्ने गरी विदेशमका गई गरिने आषैधी उपचार खर्चको प्रचलन अन्त्य गर्नु, संघीयताको मर्म अनुरूप स्वास्थ्य कार्यालय, निकाय र अस्पताल सञ्जाल विस्तार गर्नु आदि यस बीच भएका मुख्य कार्यहरू हुन।

त्यसैगरी शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकासको दिर्घकालिन कार्ययोजना, आवासको अधिकारको प्रत्याभूति र संघीयताको मर्म अनुरूप कार्यालयहरू हस्तान्तरणलगायत थुप्रैजनमूखी कार्यहरू भएका छन्।

**१३.प्रदेश-२ को सरकार**

प्रदेश नं. २ मा हाम्रो पार्टीको नेतृत्वमा राजपा सहितको सरकार संचालन भईरहेको छ। देशमा पहिलो पटक संघीय शासन प्रणाली कार्यान्वयन भएको हुँदा प्रदेश सरकार संचालनमा अनेक कानूनी जटिलता थिए। संवैधानिक व्यवस्था अनुरूप बन्नु पर्ने ऐन कानूनहरू ठिक समयमा नबन्दा तथा पहिलो पटक प्रशासनिक व्यवथापन सहित कार्य प्रारम्भ गर्नु पर्दा प्रदेश सरकार संचालनका आफ्नै प्रकारका समस्याहरू थिए। तथापि हाम्रो पार्टी नेतृत्वको प्रादेशिक सरकारले प्रदेश नं. २ मा प्रभावकारी जनमुखी कार्यहरू गर्दै आइरहेको छ। प्रदेश सरकारका कार्यहरूले जनतालाई उत्साहित र लाभान्वित बनाएको छ। अहिले सम्म १८ वटा विधेयक प्रदेशसभाबाट पारित भईसकेका छन्भने २२ वटा विधेयक विचाराधिन छन्। ती मध्ये प्रदेश प्रहरी ऐन, प्रदेश लोकसेवा आयोग ऐन, दलित सशक्तिकरण ऐन महत्वपूर्ण छन्।

प्रादेशिक जातीय जनसंख्यका आधारमा मधेशी - ५४.३६%, दलित १७.२९%, मुस्लिम ११.५८%, आदिवासी जनजाति ६.६१%, थारू ६.६१% आर्थिक रूपले विपन्न खसआर्य र प्रत्येक समुहमा ५०% महिला हुने गरी आरक्षण लागु गरिएको छ। ॥बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत १० हजार छोरीहरूको बीमा गरिएको छ भने १४ हजार साईकल वितरण गरिएको छ। महिला हिंसा तथा एसिड आक्रमण पिडीतहरूलाई प्रदेश सरकारले ५ लाख सम्म सहयोग गरेको छ भने छोरीहरूका लागि लोकसेवा आयोगसम्बन्धी निशुल्क तयारी कक्षाहरू संचालित छन्। दलित विद्यार्थीहरूलाई मेडिकल शिक्षामा क्षात्रवृति उपलब्ध गराइएको छ। दलित, मुस्लिम र विपन्न परिवारका १-८ कक्षामा अध्ययनरत छोरीहरूलाई प्रतिमहिना ५ सय प्रोतसाहन भत्ता दिइएको छ।

प्रादेशिक लोकसेवा तथा नीति आयोग गठन भएका छन्। सुशासन विधेयक अन्तिम चरणमा पुगेको छ। पर्यटन प्रवर्दनको उद्देश्यले कर्मचारीलाई एक महिनाको तलब थप गरिएको छ। नयाँ स्थापित हुने उद्योगहरूलाई २० वर्षका लागि कर छुट दिने नीति लिएको छ। मूख्य मन्त्री किसान उत्थान योजना अन्तर्गत १- १० कट्ठा सम्म जमिन भएका किसानहरूलाई बैंकखातामा १० हजार सम्म अनुदान दिने गरिएको छ। शहिद परिवार रोजगार योजना लागु गरिएको छ। जनकपुरधामको ऐतिहासिक तथा पुरातात्विक महत्वको रक्षा तथा शहरको सौन्दर्यीकरणमा विशेष जोड दिएको छ। ३० वटा पोखरीहरूको सरसफाई तथा पार्कहरू निर्माण गर्ने कार्य भएको छ।बाढी र टोरनेडो पीडित प्रति परिवारलाई ३ लाख आर्थिक सहयोग र २५ हजार तत्कालिक उपलब्ध गराइएको थियो। दैविक प्रकोप तथा विपत व्यवस्थापन गर्न २४ घण्टा भित्र सरकार उपस्थित र राहत उपलब्ध हुने व्यवस्था मिलाइएको छ।

**१४.हिमाल-पहाड-तराई/मधेश बीच भावनात्मक एकताको प्रश्न**

हामीले यो कहिल्यै बिर्सन हुन्न कि हाम्रो पार्टी निर्माणको जगमा मधेश आन्दोलनको ठूलो भूमिका छ। जनयुद्धको नेतृत्वकर्ता दल तत्कालीन नेकपा (माओवादी) र तत्कालीन संसदीय ७ दलको मोर्चा बीच सहमति भई २०६३ मा अन्तरिम संविधान जारी गर्दा शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचन सुनिश्चित भए पनि गणतन्त्र, संघीयता, समावेशीता, समानुपातिक निर्वाचन प्रणाली, आरक्षण र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण जस्ता विषय ठोस र मूर्त थिएन। आवरण वा रूप पक्षमा ठूलो जनक्रान्ति भईरहेको देखिए तापनि राज्यको सार तत्वमा भिन्नता आएको थिएन। मधेशी, आदिवासी/जनजाति, थारू, मुस्लिम, शिल्पी/दलित, खस, महिला, लगायतका विभेद बहिस्करण र बन्चितिकरणमा परेका उत्पीडित सिमान्तकृत जनसमुदायले अन्तरिम संविधानमा धोका भएको अनुभूति गरे। फलत: २०६३ को माघपछि झापादेखि कञ्चनपुरसम्म देशको तराई-मधेशको क्षेत्रमा ठूलो जनविद्रोह संगठित भयो। अन्य थारू आदिवासी, जनजाति लगायत सिमान्तकृत जनसमुदायहरूले आ-आफ्नो ठाउँबाट आन्दोलन संगठित गरे। यही आन्दोलनले नेपालमा गणतन्त्र, संघीयता, आरक्षण, समानुपातिक निर्वाचन प्रणाली र जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारणलाई सुनिश्चिन गर्‍यो। मधेश जनविद्रोहले यी प्रस्तावना स्थापितगर्न उल्लेखनीय योगदान गर्‍यो। यो मधेशको तर्फबाट देशका लागि ठूलो योगदान थियो। यी मान्यताको स्थापना पछि मधेशमा मात्र प्रदेश भएन, कर्णाली पनि प्रदेश भयो। आरक्षण आज मधेसीले मात्र पाएका छैनन्, अन्य सीमान्तकृत समुदायले पनि पाएकाछन्। यी तथ्य कसैले बिर्सिन मिल्दैन। समाजवादी पार्टीको निर्माणसंग जोडेर गरिने हल्का र पूर्वाग्रही तर्कहरूबाट हाम्रो पार्टीपंक्ति होसियार रहनु पर्दछ। पार्टी कतिपय मान्छेहरूले छुद्र टिप्पणी गरेजस्तो मधेशले पहाडलाई बुझाउँने वा पहाडले मधेशलाई बुझाउँने चिज हैन। पार्टी निश्चित विचार र एजेण्डामा बनेको संगठित शक्ति हो। आम नागरिकको सार्वजनिक संस्था वा सम्पति हो। दल एजेण्डका आधारमा बन्छ, एजेण्डा मिले दल मिल्छन्। एजेण्डा नमिले मिल्दैनन्। मधेश र पहाड बीच केवल भूगोलको कारणले वेमेल भएको हैन। सोचको कारणले,एजेण्डाको कारणले द्वन्द्व भएको थियो। त्यो द्वन्द्व कुनै भौगोलिक क्षेत्रका जनसमुदायसंग हैन, राज्यको विभेदकारी चरित्रसंग थियो। हाम्रो पार्टीले हिमाल-पहाड-तराई/मधेशको एकतालाई नयाँ आधार, नयाँ एजेण्डा, परस्पर सम्मान, समानुपातिक समावेशीता, विभेदको अन्त्य, पहिचान र अधिकारको सुनिश्चितत्तामार्फत् नयाँ स्तरमा उठाउँने छ। एकताको आधार पहिचानको सुनिश्चितता, अधिकारको प्रत्याभूति, सम्मान र पहुँचमा साझेदारी हुन। समाजवादी पार्टीले राम्ररी भौगोलिक एकता समेत हुन नसकेको मुलुकलाई भावनात्मक राष्ट्रिय एकताको तहमा विकसित गर्ने छ। बहुल राष्ट्रिय- राज्य प्रवर्द्धन गर्नेछ।

**१५.समाजवादी पार्टीको संगठनात्मक कार्यपद्धति**

विचार, एजेण्डा र उद्देश्य पार्टीको साध्य हो भने संगठन त्यसलाई प्राप्त गर्ने साधन हो।राजनीतिक दलसंग संगठन बाहेक आफ्ना उद्देश्यहरू प्राप्त गर्ने अरू कुनै साधन हुँदैन। तसर्थ संगठनको महत्व पार्टीका लागि जहिल्यै उच्च प्राथमिकतामा हुनु पर्दछ। तर, पार्टीकोउद्देश्य तथा संघर्षको तरिकाअनुरूप संगठनको चरित्र फरक हुन्छ। उद्देश्य एकातिर संगठन अर्को खालको भयो भने परिणाम प्राप्त हुँदैन। जस्तो-घाँस काट्न हँसिया चाहिन्छ, रूख काट्न बन्चरो, कागज काट्न कैंची। ठीक, त्यस्तै पार्टीको लक्ष्य अनुरूप संगठनरूपी हतियार कस्तो बनाउने भन्ने निर्धारण हुन्छ।

हाम्रो पार्टी लोकतान्त्रीकरण तथा संघीयकरणका अधुरा कार्यभार पूरा गर्न जनसंघर्ष विकास गर्न चाहने पार्टी हो। हाम्रो पार्टी सहभागितामूलक,समावेशी, समानुपातिक तथा प्रत्यक्ष लोकतन्त्रमा विश्वास गर्ने पार्टी हो। हाम्रो पार्टी उत्पीडित राष्ट्रियताहरूको मुक्ति र हिमाल-पहाड-तराई/मधेश बीच परस्पर सम्मान र बलियो एकता निर्माण गर्न चाहने पार्टी हो। हाम्रो पार्टी संघीयतालाई अझ ठोस, जिवन्त र मूर्त बनाउँन चाहने पार्टी हो। हाम्रो पार्टी विकास, सुशासन र समृद्धिको नेतृत्व गर्ने पार्टी हो। हाम्रो पार्टी नेपाललाई ॥संघीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक' राज्य बनाउँन चाहने पार्टी हो। हाम्रो पार्टी ॥समुन्नत संघीय समाजवाद' को आदर्श र मार्गदर्शनबाट अनुप्रेरित पार्टी हो। तसर्थ पार्टीको संगठनात्मक सिद्धान्त र व्यवहारमा पार्टीका यी उद्देश्य अभिव्यक्त हुनु पर्दछ। हाम्रो पार्टीको संगठनात्मक सिद्धान्त र व्यवहारमा पार्टीका यी सोच र उद्देश्यहरू झल्किनु पर्दछ। यस दृष्टिकोणबाट पार्टीको संठनात्मक कार्यपद्धतिमा निम्न तत्वहरू हुनु पर्दछ।

**१५.१. जनआधारित पार्टी:, सार्वभौम पार्टी सदस्य र प्रतिबद्ध कार्यकर्तापंक्ति**

पार्टी संगठन जनस्तरमा भिजेको, जनताका दैनिक दुखसुखमा संगै भएको, स्थानीय समस्या र जनसरोकारका विषयमा सचेत र आन्दोलित हुनु पर्दछ। पार्टी सदस्य पार्टी शक्तिको स्रोत हुन। पार्टी सदस्यहरूको सहभागिता र निर्णायक अधिकारभन्दा बाहिर पार्टीका कुनै पनि क्रियाकलाप हुनु हुँदैन।

पार्टी जीवनमा लोकतान्त्रिक विधिहरू उपयोग गर्नु पर्दछ। पार्टीको समितिमा आवद्ध वा सक्रिय कार्यकर्ता पंक्ति पार्टीको लक्ष्य ,उद्देश्यप्रति प्रतिबद्ध र समर्पित हुनु पर्दछ। प्रतिष्ठाका लागि पद प्राप्त गर्ने, संवेदनशील र निर्णायक क्षणमा पार्टीलाई धोका दिने प्रवृतिलाई निरूत्साहित गर्नु पर्दछ।

**१५.२.समावेशी, समानुपातिक, र सहभागितामूलक प्रतिनिधित्व**

पार्टीका सबै संगठन, भेला, परिषद बैठक, सम्मेलन तथा अधिवशेनहरू समावेशी,समानुपातिक तथा सहभागितामुलक प्रतिनिधित्वमा आधारित हुनुपर्दछ। हरेक पार्टी समिति वा पार्टी एकाईले आफ्नो कार्यक्षेत्रको जनसांख्यिक संरचना र विशिष्ठतामा ध्यान पुर्‍याउँनु पर्दछ र सोही बमोजिक प्रतिनिधित्वको नीति अबलम्बन गर्नु पर्दछ। पार्टीका अंगहरूमा उत्पीडित तथा सीमान्तकृत समुदाय, वर्ग, लिङ्गको सहभागिता सुनिश्चित गर्नु पर्दछ। सम्बन्धित समुहको जनसंख्या र पार्टी सदस्यता संख्या दुवैलाई ध्यान दिनु पर्दछ।

**१५.३.अभिव्यक्तिमा स्वतन्त्रता, कामकार्वाहीमा एकरूपता**

पार्टीमा मत अभिव्यक्तिको स्वतन्त्रता हुन्छ। सबै पार्टी सदस्यले यो अधिकार पार्टी विधान, नियमावली र आचारसंहिताको अधिनमा रही प्रयोग गर्न सक्दछन। मत अभिव्यक्त गरेको, राजनीतिक धारणा वा विश्लेषण कसैसंग मिलेको वा नमिलेको कारणले पार्टीले कसैप्रति आग्रह वा पूर्वाग्रह राख्ने छैन। राख्न हुँदैन। समिति बैठकहरूमा निर्णयमा पुग्नु अघि सदस्यहरूले निर्वाध छलफल गर्ने परम्परालाई प्रोत्साहित गर्नु पर्दछ। पार्टीभित्र नयाँनयाँ विचार, मत र एजेण्डा दर्ज गर्ने अधिकारलाई स्वभाविक रूपमा लिनुपर्दछ। पार्टीमा यदाकदा उत्पन्न हुने असन्तुष्टि र गुनासाहरू नेतृत्वदायी समिति र नेतृत्वपंक्तिलेधैर्यतापूर्वक सुन्नु पदर्छ र सकेसम्म मित्रवत् हल गर्ने प्रयत्न गर्नु पर्दछ। निर्णय हुनु अघि व्यक्तिका निजी धारणा हुन सक्दछन् तर निर्णयपछि धारणामा समानता र कामकार्वाहीमा भने एकरूपता हुनु पर्दछ। पार्टी निर्णय कार्यान्वयन गर्ने प्रक्रियामा व्यवधान वा अवरोध गर्ने अधिकार कसैलाई हुने छैन। यस्तो कार्य पार्टी कार्वाहीको विषय हुन सक्दछ।

**१५.४.बहुमतको कार्यान्वयन, अल्पमतको सम्मान**

पार्टीको राजनीतिक जीवनमा विभिन्न आरोह अवरोह आउँछन। त्यसको प्रभाव संगठनमा पर्दछ। निर्णयहरू सकेसम्म सर्वसम्मत गर्ने प्रयास गर्नु पर्दछ। तर यदाकदा मत विभाजन गर्नु पर्ने अवस्था आउँन सक्छ। मत विभाजनको अवस्थामा अल्पमत बहुमतको प्रक्रियालाई स्वभाविक रूपमा लिनु पर्दछ। एकपटकको बहुमत सधैलाई बहुमत, एकपटकको अल्पमत सधैलाई अल्पमत भन्ने बुझ्नु हुँदैन। बहुमत वा अल्पमत पक्षमा परेको कारण कुनै इगो वा पूर्वाग्राह राख्नु हुँदैन। बहुमतमा पर्दा अहंकार गर्ने, अल्पमतमा पर्दा निरास हुने गर्नुहुँदैन। पार्टीभित्रको आन्तरिक निर्वाचनमा हारजित हुन्छ। जित्नेले सबैथोक जित्यो, हार्नेले सबैथोक हार्‍यो भन्ने ठान्नु हुँदैन। हारजित निरन्तर प्रक्रिया हो। त्यसलाई लोकतान्त्रिक संस्कार र संस्कृति अनुरूप ग्रहण गर्नु पर्दछ। बहुमत वा निर्वाचित पक्षले पार्टीको नेतृत्व र निर्णयहरूको कार्यान्वयन गर्दछ। तर, यो प्रक्रियामा अल्पमत पक्षलाई पनि सम्मानजनक सहभागिता र स्वामित्वको व्यवहारिक अनुभूति गर्ने ठाउँ दिनु पर्दछ। बहुमत पक्षमा निषेधको भावना जाग्नु हुँदैन, अल्पमत पक्षमा प्रतिशोध र कुन्ठाको भावना जाग्नु हुँदैन। बहुमत-अल्पमत सम्बन्धलाई रचनात्मक प्रतिस्पर्धा र गतिशील सम्बन्धका रूपमा विकास गर्नु पर्दछ।

**१५.५.शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन**

हाम्रो पार्टी संगठन शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तमा आधारित हुनेछ। हरेक तहका कार्य समितिहरूले कार्यकारी भूमिका गर्नेछन। परिषद तथा महाधिवेशनहरूले विधायकी अधिकार उपयोग गर्ने छन्। अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोगले न्यायिक तथा नियमक अधिकार प्रयोग गर्नेछन। विभागहरू मूल समितिको कार्यकारी अधिकार उपयोग गर्ने विशिष्ट सहयोगी संयन्त्र हुनेछन। पार्टी विभागहरूले पार्टी समितिका निर्णयहरू कार्यान्वयन गर्न तथा नीतिगत निर्णयका लागि पृष्ठपोषण दिने काम गर्नेछन्।

पार्टीको सल्लाहकार समितिले अभिभावकत्वको भूमिका गर्ने छ। सल्लाहकार समितिले पार्टी कार्यसमितिलाई सजग गराउँने, ध्यानाकर्षण गराउँने तथा महत्वपूर्ण सुझाव दिने कार्य गर्नेछ। विज्ञ परिषदले ॥थिंक ट्यांक' को काम गर्ने छ। बृहद परिप्रेक्ष्यमा पार्टीका योजना, रणनीति तथा कार्यनीति के कस्तो हुनु पर्दछ भन्ने विषयमा पृष्ठपोषण विज्ञ परिषदले दिने छ। पार्टी विधानमा व्यवस्था भए बमोजिम समन्वयकारी समितिहरूले समन्वयको भूमिका गर्नेछन। यी सबै पार्टी अंगबीच नियन्त्रण, सन्तुलन र समन्वयको अवस्था हुनेछ।

**१५.६.प्रत्येक तहमा समतलीय अंग र निकाय**

हाम्रो पार्टी संगठन ३ तहको छ। केन्द्र,प्रदेश र स्थानीय। यी ३ वटै पार्टी तह आअफ्नो कार्यक्षेमा उत्तिकै जिम्मेवार र कार्यकारी हुन्। तर,पार्टीकोसबै ठाडो संगठनमा समतलीय अग हुनेछन। प्रदेश र स्थानीय तहमा पनि पार्टी केन्द्रमा जस्तै कार्यसमिति, विभाग, परिषद, अधिवेशन, आयोग, सल्लाहकार समिति तथा विज्ञ परिषदको अभ्यास आवश्यकता र पार्टी क्षमताको स्तर अनुरूप गर्न सकिन्छ। विधानमा अहिले प्रदेशसम्म मात्र समतलीय व्यवस्था छ। विस्तारै स्थानीय तहमा विस्तार गर्नु पर्ने हुन्छ। पार्टीका प्रादेशिक तथा स्थानीय तह संघीयताको सिद्धान्त र भावना अनुरूप स्वायत्ततापूर्वक संचालित हुनु पर्दछ।

**१५.७. सामुहिक नेतृत्व, व्यक्तिगत जिम्मेवारी**

पार्टी संगठनभित्रको कार्यप्रणाली सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीमा आधारित हुनेछ। पार्टीका महत्वपूर्ण निर्णयहरू व्यक्तिले हैन, बैठकले गर्नु पर्दछ। पार्टी संगठनको व्यवस्थित अभिलेख प्रणाली हुनु पर्दछ। अभिलेखित निर्णय पार्टीका आधिकारिक निर्णय हुन्। निर्णित कार्यक्षेत्रभित्र प्राप्त जिम्मेवारी पूरा गर्न व्यक्ति स्वतन्त्र हुन्छ। हरेक पार्टी सदस्यले आफ्नो जिम्मेवारीमा परेको कार्य पूरा गर्न पहलकदमी लिनु पर्दछ। जिम्मेवारी लिने तर पूरा नगर्ने प्रवृति सैह्य हुँदैन। व्यक्तिगत जिम्मेवारी पूरा गर्ने गराउँने सन्दर्भमा नेतृत्वले समन्वय र अभिप्रेरणा दिनु पर्दछ।

**१५.८.व्यक्ति हैन, पद पूर्णकालीन**

हाम्रो पार्टी लोकतान्त्रिक युगका स्वयंसेवी अभियन्ताहरूको अनुशासित पार्टी हो। न यो कार्यकर्ता आधारित ॥भेनगार्ड' (अग्रदस्ता) पार्टी हो न जनआधारित ॥स्वतन्त्र व्यक्तिहरूको लथालिङ्ग' पार्टी हो। समाजवादी पार्टी जनसमुदायमा आधारित प्रतिवद्ध कार्यकर्ताहरूको पार्टी हो। यस पार्टीका जिम्मेवारीको आधारमा व्यक्तिहरू पूर्णकालीन सरह परिचालित हुनु पर्दछ। अर्थात्समाजवादी पार्टीमा व्यक्ति हैन, पद पूर्णकालीन हुनेछ। सामान्यतया: सबै तहका पदाधिकारीहरूले पूर्णकालीन सरह समय दिनुपर्दछ। पार्टी केन्द्रीय समितिले पूर्णकालीन सरह समयदिनु पर्दछ। जनसंगठनका केन्द्रीय पदाधिकारीले पूर्णकालीन सरह समय दिनु पर्दछ। अन्यथा पार्टीले विकास गर्न सक्दैन। पार्टीको महत्वपूर्ण पदमा रहने तर निजी तथा व्यक्तिगत काममा नै व्यस्त रहने हो भने पार्टी कामले गति लिदैन। हरदम पार्टीको, पार्टी कामको चिन्ता गर्ने एउटा पंक्ति विना पार्टीले निर्णायक रूपमा विकास गरेको उदाहरण कतै पाइदैन। पार्टी कामका सन्दर्भमा हुने आधारभूत खर्चपर्च आर्थिक नियमावली बनाएर व्यवस्थापन गर्नु पर्दछ।

**१५.९. स्वायत्त र सृजनशील जनसंगठन**

पार्टीका जनसंगठनहरू पार्टीका महत्वपूर्ण अंग हुन्। जनसंगठनहरूको क्रियाशीलता र प्रभावकारिताले पार्टीको भूमिका र प्रभाव विस्तार गर्न ठूलो योगदान गर्दछ। जनसंगठनको कामलाई पार्टी संगठनकै काम ठानेर सम्पादन गर्नु पर्दछ। जनसंगठनहरू पार्टीको बृहत्त वैचारिक मार्गदर्शन र अनुशासनको सीमा भित्र बस्नु पर्दछ। तर, जनसंगठनहरूलाई पार्टीले निर्देशित गरेका सीमित कार्य गर्ने कमजोर अंगका रूपमा बुझ्नु हुँदैन। जनसंगठन वैचारिक तथा नीतिगत हिसाबले पार्टीसँग अनुबन्धित हुन्छन। तर आ-आफ्नो क्षेत्रको संगठन, योजना र क्रियाशीलताका लागि स्वायत्त हुन्छन। आ-आफ्नो कार्यक्षेत्रका समस्याहरू पहिचान गर्ने, एजेण्डा निर्धारण गर्ने, संघर्ष विकास गर्ने, रचनात्मक क्रियाकलापहरू गर्ने तबरले पार्टीका जनंगठनहरू स्वायत्त र सृजनशील हुनु पर्दछ।

**१५.१०.सामाजिक विभेद र अपराध विरूद्ध शून्य सहनशीलता**

समाजवादी पार्टीको संगठनात्मक जीवनमा सामाजिक विभेद, अपराधजन्य क्रियाकलाप, आर्थिक अपारदर्शीता र भ्रष्टाचारप्रति शून्य सहनशीलता अबलम्बन गर्नुपर्दछ। पार्टी भनेको केवल राजनीतिक संगठन मात्र हैन, यो सामाजिक साँस्कृतिक रूपान्तरणको औजार पनि हो। समाजमा रहेका अनेक वेथिति, कुप्रथा र खराब चलनलाई पार्टी संगठनमा प्रवेश गर्न दिनु हुँदैन। पार्टी संगठनभित्र जातपात, छुवाछुत, लैङ्गिक विभेद, महिला हिंसाजन्य क्रियाकलाप, अपाङ्गता भएका व्यक्तिहरूप्रतिको हेयदृष्टि, यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रतिको अपहेलना बर्जित र दण्डनीय हुनेछन्। राजनीतिको आडमा अपराधजन्य क्रियाकलाप गर्ने र अपराधलाई राजनीतिकरण गर्ने प्रवृतिलाई पार्टीले सहनु हुँदैन। भ्रष्टाचारप्रति पार्टी संगठन शून्य सहनशील हुनुपर्दछ।

**१५.११. अध्ययनशीलता र स्वअनुशासनमा जोड**

हाम्रो पार्टीपंक्ति अध्ययनशील हुनु पर्दछ। कुनै घटना, प्रवृति वा व्यक्तिप्रति हतारोमा निष्कर्ष निकाल्नु हुँदैन। बौद्धिक विकास, नेतृत्व विकास, व्यवस्थापन सीप विकास, व्यवस्थित तथा वैज्ञानिक कार्यप्रणालीको अबलम्बनका लागि निरन्तर अध्ययन, अनुसन्धान, सहकार्य र प्रतिस्पर्धा गर्नु पर्दछ। पार्टीका नीतिसिद्धान्त प्रभावकारी ढंगले सम्प्रेषण गर्ने क्षमता विकासमा मेहनत र एकअर्कालाई सहयोग गर्नुपर्दछ। लेखन र सार्वजनिक बहसको अनुकुलनमा मेहनत गर्नु पर्दछ। योजना निर्माण र प्रशासनिक कार्यदक्षता बृद्धि गर्नु पर्दछ। पार्टी संसदीय दलका सदस्यहरूले संसदीय क्रियाकलापमा आफूलाई अब्बल सावित गर्नु पर्दछ। समाजवादी पार्टीको पंक्ति अरू पार्टीसंग तुलनात्मक रूपमा कमजोर देखिनु हुँदैन।

हामीले सबै हिसाबले अब्बल र सवल हुने प्रयास गर्नु पर्दछ। पार्टी अनुशासन सधैं डण्डा देखाएर कायम गर्ने विषय हैन। हामीमा स्वअनुशासनको भावना र संस्कृति उत्तिकै तीव्र हुनु पर्दछ। सिद्धान्त, संगठन, एजेण्डाप्रतिको निष्ठा व्यक्तित्व विकासको एक महत्वपूर्ण आयाम हो। हामी जति असल र लायक हुँदै जान्छौं, हाम्रो व्यक्तित्वको सुवास र सौन्दर्य समाजमा उत्तिकै फैलिदै जान्छ। यसले पार्टीको विकास र स्थायित्वमा ठूलो योगदान गर्दछ। निष्ठावान, स्वअनुशासित र अध्ययनशील पार्टीपंक्ति पार्टीको मात्र हैन, देश र जनताकै लागि अमूल्य सम्पति हो।

**१५.१२. आत्मनिर्भर आर्थिक व्यवस्थापनको प्रणाली**

पार्टीको आन्तरिक आर्थिक प्रणाली कस्तो बनाउँने, यो संगठनात्मक जीवनको अर्को महत्वपूर्ण पाटो हो। हामीले पारदर्शी र आत्मनिर्भर आर्थिक व्यवस्थापनमा जोड दिनु पर्दछ। पार्टी विधानले व्यवस्था गरेको सदस्यता शुल्क र लेवीलाई नियमित र व्यवस्थित गर्नु पर्दछ। चन्दा संकलन अभियानलाई स्वऐच्छिक पारदर्शी र विश्वसनीय बनाउनुपर्दछ। आर्थिक अभिलेख वैज्ञानिक र व्यवस्थित बनाउनु पर्दछ। सबै तहमा नियमित लेखापरिक्षण गर्नु पर्दछ।

पार्टी कार्यक्रमहरूलाई खर्चिलो र तडकभडकपूर्ण बनाउँनु हुँदैन। थोरै खर्चमा धेरै परिणाम निकाल्ने मितव्यायी कार्यप्रणाली अबलम्बन गर्नु पर्दछ। आर्थिक अभावमा राजनीतिक तथा सांगठनिक कार्य घटाउँने हैन, राजनीतिक आवश्यताका आधारमा कार्यक्रमहरू निर्धारण र व्यवस्थापन गर्नुपर्दछ। भेला, सम्मेलन, अधिवेशनहरूमा न्यूनतम् प्रवेश शुल्क लगाउँने गर्नु पर्दछ। हरेक समितिको आर्थिक नियमावली हुनु पर्दछ। कार्यकर्ता पंक्तिलाई स्वरोजगार र आत्मनिर्भर बन्न प्रेरित गर्नुपर्दछ।

**१५.१३.व्यवहारिक प्रयोजनका लागि राज्यका प्रदेश, संघर्षका लागि पहिचान आधारित प्रदेश**

हाम्रो पार्टी विधानले २ प्रकारका प्रदेश समितिको व्यवस्था गरेको छ। यो प्रावधान हाम्रो पार्टीको घोषित लक्ष्यसंग मेल खान्छ। हाम्रो पार्टी पहिचान रअधिकारमा आधारित १०+१ राज्य पुनर्संरचना र प्रदेश पुनर्सीमांकनको पक्षमा छ। तसर्थ हामीले पार्टीभित्र पनि १०+१ को अभ्यास गर्ने निर्णय गरेका छौं। अर्कोतिर निर्वाचन तथा प्रशासनिक समन्वयका लागि अहिले राज्यले व्यवस्था गरेका ७ प्रदेशको अभ्यासलाई पनि पूर्णत: अस्वीकार गर्न सकिने अवस्था छैन। तर, यी दुई प्रकारका प्रदेश समिति बीच अनावश्यक द्वन्द्व हुने अवस्था भने आउन दिनु हुँदैन। त्यसो भएमा पार्टी आफै आन्तरिक गन्जागोलमा फस्दछ, पार्टीले विकास गर्न सक्दैन।

यो अवस्थालाई जटिलताका रूपमा हैन, एक विशिष्ठ प्रकारको अनुकुलताका रूपमा ग्रहण गर्नु पर्दछ। राज्यले व्यवस्था गरेका प्रदेश अनुरूप बनेका प्रदेश समितिले व्यवहारिक प्रयोजनका कार्यहरू विशेषत: निर्वाचान सम्बन्धी कार्य, प्रशासन संचालन र समन्वय सम्बन्धी कार्य र संगठनात्मक कार्य गर्नु पर्दछ। पहिचान सम्बन्धी प्रदेशका राष्ट्रिय समितिहरूले तत्तत् क्षेत्रमा आन्दोलनको विकास गर्न प्रचारात्मक तथा संगठनात्मक कार्य गर्नु पर्दछ। यी प्रकारका समिति बीच समन्वयात्मक सम्बन्ध हुनु पर्दछ। त्यसको निम्ति समन्वय गर्ने संयन्त्रको विकास गर्नु पर्दछ।

**१६. आगामी कार्ययोजना**

पार्टी निर्माण योजनाबद्ध कार्यश्रृंखला पनि हो। राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति, जनसमुदाय तथा पार्टी पंक्तिको मनोविज्ञान र पार्टी विकासको स्तरअनुरूप हामीले आफ्नो कार्ययोजना निर्माण गर्नु पर्दछ। पार्टीले तत्काल गर्नु पर्ने कामहरू निम्न अनुसार सूत्रबद्ध गर्नु उपयुक्त हुन्छ :

**१६.१.वैचारिक-राजनीतिक प्रशिक्षण**

पार्टी पंक्तिको बुझाइमा आधारभूत एकरूपता ल्याउन वैचारिक-राजनीतिक प्रशिक्षण सघन बनाउनु पर्दछ। पार्टीका बारेमा उत्पन भ्रम र आरोपको खण्डन गर्नु पर्दछ। पार्टीको विचार, सिद्धान्त, एजेण्डा र रणनीतिबारे समान बुझाई हुनु पर्दछ। पार्टी प्रशिक्षणको व्यवस्थित पाठ्यक्रम तयार गर्ने, प्रशिक्षण सामग्री उत्पादन गर्ने र निश्चित कार्ययोजना अनुरूप तहगत रूपमा पार्टी प्रशिक्षण संचालन गर्नु पर्दछ।

**१६.२. संगठन विस्तार तथा सुदृढीकरण:**

निकट भविष्यमा निर्णायक तथा नेतृत्वदायी शक्ति निर्माण गर्न अहिलेको संगठनात्मक अवस्था पर्याप्त छैन। सबै प्रदेशमा पार्टी पुगेको छ। तर, प्रदेश समितिहरूले आफ्नो क्षमता र पहलकदमी अभिबृद्धि गर्न जरूरी छ। जिल्लास्तरमा पार्टी संगठन विस्तार भएपनि जिल्लाहरूमा संगठन र जनमतको अवस्था फरक छ। अधिकांश जिल्लाहरूमा प्रतिस्पर्धी क्षमतासहितको पार्टी संगठन बनिसकेको छैन। पार्टी संगठन तथा सुदृढीकरणको लक्ष्य वडा तहसम्म पार्टीलाई विस्तार गर्ने हुनु पर्दछ।हाम्रो संगठन विस्तार तथा सुदृढीकरण अभियानको लक्ष्य ॥प्रत्येक वडामा वडा पार्टीसमिति, प्रत्येक वडामा न्यनतम्५० पार्टी सदस्य'हुनु पर्दछ। यो बैठक लगत्तै केन्द्रीय समिति/कार्यसमितिले विशेष कार्ययोजना बनाई संगठन विस्तार तथा सुदृढीकरण अभियान प्रारम्भ गर्नु पर्दछ।

**१६.३.बृहत्त राजनीतिक ध्रुवीकरण**

संघीय समाजवादी फोरम, नेपाल र नयाँ शक्ति पार्टी नेपालको एकता मात्र देशमा निर्णायक तेस्रो ध्रुव निर्माण गर्न पर्याप्त हुँदैन। विचार र एजेण्डाका आधारमा अझै हामीले बृहत्त राजनीतिक ध्रुवीकरण र एकतामा जोड दिनु पर्दछ। कांग्रेस, कम्युनिष्ट राप्रपा विजातीय राजनीतिक शक्तिका रूपमा देखिएका छन्। यिनीहरूसंग पार्टी एकता हुन सक्दैन। यी बाहेकका देशलाई नयाँ नेतृत्वदायी विकल्प दिन चाहने राजपा, जनमुक्ति पार्टी लगायतकासबै शक्ति वा पार्टीलाई एक ठाउँमा ल्याउँने प्रयास निरन्तर गर्नुपर्दछ।

**१६.४.संघीय सरकारमा संलग्नताको समीक्षा**

यतिखेर समाजवादी पार्टी हाम्रा विचार र एजेण्डाहरू फरक हुनुको बाबजुद नेकपा नेतृत्वको संघीय सरकारमा सामेल छ। संविधान संशोधन गर्ने शर्तमा २०७५ जेष्ठ १८ गते तत्कालिन संघीय समाजवादी फोरम नेकपा नेतृत्वको सरकारमा सामेल भएको थियो। अहिले समाजवादी पार्टीले त्यही निर्णयलाई निरन्तरता दिइरहेको छ। तर सरकारको नेतृत्व गर्ने पार्टीले एकातर्फ संविधान संशोधन गर्न कुनै चासो देखाएको छैन भने अर्कातर्फ प्रदेश प्रमुखहरूलाई एकलौटी निर्णय गरेर हटाउने जस्ता काम गरिरहेको छ। साझेदार दलसंग महत्वपूर्ण निर्णय लिदा सरसल्लाह गर्नु पर्ने सत्ता संचलानको सामान्य मर्यादा समेत ख्याल गरिरहेको छैन। तसर्थ संघीय सरकारमा पार्टीको संलग्नताबारेगम्भीर समीक्षा गर्नु जरूरी छ। यस सन्दर्भमा सरकार र सरकार सम्बद्ध पार्टीसँग वार्ता अगाडि बढाउने, २ बुँदे सहमती अनुरूप संविधान संशोधनका लागि संशोधनको प्रकृया अगाडि बढाउन पहल गर्ने र त्यसलाई कार्यान्वयन गर्ने प्रकृया अगाडि नबढाएमा सरकारबाट वर्हिगमनका लागि पार्टीको कार्यकारिणी समितिले निर्णय गर्ने गरी पार्टी अगाडि बढ्नु पर्दछ।

**१६.५. प्रादेशिक तथा स्थानीय सरकारको प्रभावकारी संचालन**

अहिले ७ प्रदेशमध्ये ६ वटा प्रदेशमा नेकपा कै सरकार छ। प्रदेश-२ भने राजपाको सहयोगमा हाम्रो पार्टीले प्रदेश सरकारकोनेतृत्व गरिरहेको छ। यो हाम्रो पार्टीको लागि ठूलो अवसर र खुशीको कुरा हो। मधेश प्रदेशमा प्रादेशिक सरकारको स्थायीत्ववारे हामी सधैं सचेत र संवेदनशील रहनु पर्दछ। साथसाथै यो अवसरलाई प्रभावकारी उपयोग गर्नु पर्दछ। मधेश सरकारको प्रभावकारिता र छवी अरू प्रदेशमा पार्टी विस्तारको महत्वपूर्ण आधार हुनेछ। ठीक, त्यसैगरी हाम्रो पार्टीले जितेका स्थानीय सरकारहरूको प्रभावकारी परिचालनमा पार्टीले उत्तिकै ध्यान दिनुपर्दछ। त्यसनिम्ति पार्टीले ठोस योजना बनाउनुपर्दछ।

**१६.६. संविधान संशोधन तथा जनसरोकारका सवालमा जनसंघर्ष विकास**

वर्तमान संविधान निर्माणको बखतदेखि नै हामी दुवै पूर्ववर्ती पार्टीले संविधान संशोधनको माग गर्दै आएका थियौं। समाजवादी पार्टी यो सवालमा उत्तिकै दृढ र प्रतिबद्ध छ। तर, हाम्रो मागले मात्र संविधान संशोधन भइहाल्ने अवस्था छैन। यसका लागि सशक्त जनसंघर्ष विकासमा जोड दिनुपर्दछ। ठोस योजना बनाएर जनमत निर्माण गर्ने र निर्णायक संघर्ष विकास गर्ने निरन्तर प्रयास गर्नुपर्दछ। साथैसंघ, प्रदेश र स्थानीय स्तरमा जनसरोकारका विभिन्न सवालमा समेत हामीले जनसंघर्ष विकास गर्न जोड दिनु पर्दछ।

**१६.७.पार्टी नियमावली र आचारसंहिता निर्माण र पालना**

एक व्यवस्थित पार्टीभित्र पार्टी प्रचलन र संस्कृतिमा आधारभूत एकरूपता हुनु पर्दछ। यस्ता विषयलाई पार्टी नियमावली र आचारसंहिताले निर्देशित गर्न सक्दछ। तसर्थ हामीले विस्तृत नियमावली र आचारसंहिता निर्माण गरेर दृढतापूर्वक कार्यान्वयन र परिपालना गर्नु पर्दछ।

**१६.८.आर्थिक स्रोत परिचालन र चुस्त व्यवस्थापन**

हामीले पार्टी कोषको व्यवस्थित बन्दोबस्त गर्न सकिरहेका छैनौं। आर्थिक स्रोत परिचालनको क्षमता पार्टी निर्माणको एक महत्वपूर्ण पाटो हो। पार्टी केन्द्रले मात्र हैन, प्रदेश, जिल्ला, पालिका समितिहरूले समेत आधिकारिक बैक खाता सञ्चालन गर्नेगर्नुपर्दछ। पार्टी कोषलाई बलियो र नियमित बनाउने प्रयास गर्नुपर्दछ। पार्टीको केन्द्रीय कार्यालय भवन निर्माणका लागि बरिष्ठ नेता अशोककुमार राईको संयोजकत्वमा भवन निर्माण समिति गठन भएको छ। भवन निर्माण समितिले अगाडि सार्ने कार्ययोजनालाई लागू गर्न सहयोग गर्नु हामी सबैको दायित्व हुने छ। साथै पार्टीको आन्तरिक व्यवस्थापन विशेषत: कार्यालय व्यवस्थापन र सूचना व्यवस्थापनमा पार्टी चुस्त र प्रभावकारी हुनुपर्दछ।

**१६.९. आगामी निर्वाचनको तयारी**

गत स्थानीय, संसदीय र प्रादेशिक निर्वाचन भएको करिब आधा समय बितिसकेको छ। हाम्रो जस्तो विकासवान पार्टीका लागि चुनावको मुखमा हतारहतारमा गरिने निर्वाचनको तयारी पर्याप्त हुँदैन। त्यो तरिकाले चुनाव लडेर खासै राम्रो परिणाम ल्याउँन सकिन्न। तसर्थ हामीले आगामी निर्वाचनका संभावना र चुनौतिलाई पर्याप्त समय छँदै पर्गेल्न सक्नु पर्दछ। साथै उचित निर्वाचन रणनीति निर्माण गर्न सक्नु पर्दछ। यस कार्यमा प्रदेश पार्टी समितिले विशेष ध्यान दिनु पर्दछ। आआफ्नो प्रदेशको विशिष्ठतामा शक्ति सन्तुलनको अध्ययन र शक्ति सन्तुलन परिवर्तन गर्ने योजना निर्माण गर्नु पर्दछ। आजैदेखि सम्भावित विजय हासिल गर्न सक्ने र गर्नुपर्ने क्षेत्र (संघ, प्रदेश र स्थानीय तह)को आँकलन गरेर संगठनात्मक तयारी गर्नुपर्दछ।

**१६.१०.प्रभावकारी प्रचार-प्रसार योजना**

सूचना क्रान्ति, डिजिटल प्रविधि र सामाजिक सञ्जालकोबढ्दो भूमिकाको युगमा पार्टी प्रचारको योजना कस्तो बनाउने ? प्रचार-सामग्री के कस्तो उत्पादन गर्ने ? प्रचार-प्रसारमा पार्टी कार्यकर्ता र पार्टी संयन्त्रले केकस्तोभूमिका गर्ने? सबै तहका प्रचार विभागले नयाँ परिवेशमा आफ्नो भूमिकालाई कसरी पुनर्संगठित गर्ने? यी प्रश्नमा गम्भीरतापूर्वक सोच्न जरूरी छ।

अबको राजनीति र निर्वाचनमा समाजिक संजालको भूमिका निरन्तर बढ्ने छ। हाम्रा सबै पार्टी सदस्य फेसबुक, ट्वीटरजस्ता प्रचालित सञ्जाललाई उपयोग गर्न सक्ने हुनु पर्दछ। साँस्कृतिक मोर्चालाई सवल बनाई गीत, संगीत, सिनेमा, नाटक, हास्यव्यंग्य आदि सामग्रीको उत्पादन गर्नु पर्दछ। प्रेस जगतसंगको सम्बन्धलाई सुमधुर राख्नु पर्दछ। पार्टी निकटको प्रेस संगठनको प्रभावकारिता र पार्टी-लेखकहरूको उत्पादन र विकासमा जोड दिनु पर्दछ। अनलाईन मिडियाको उपयोगमा विशेष ध्यान दिनु पर्दछ। तर, हामीले परम्परागत प्रचार माध्यमको उपयोग गर्न छोड्न हुन्न। विशेषत: ग्रामिण क्षेत्रमा अझै परम्परागत प्रचार माध्यमहरू उपयोगी हुन सक्दछन। देशका खासखास भागहरूमा एफएम रेडियो स्टेशनहरू प्रभावकारी छन। पर्चा वितरण र घरदैलो कार्यक्रमअझै शसक्त हुन्छ।कोणसभाहरूको महत्व अझै घटेको छैन। सवाल र समयको अनुकुलता हेरी पैदलयात्रा, जागरण अभियान, स्थानीय तथा इलाकीय आमसभा, ज्ञापनपत्र, धर्ना तथा जुलुस प्रदर्शन, वडा तथा टोल भेला आदिमा विशेष जोड दिनु पर्दछ।

**१७.आसन्न उपनिर्वाचन**

यही २०७६ मंसिर १४ गते प्रतिनिधिसभाका लागि कास्की-२, प्रदेशसभाका लागि बाग्लुब-२ख, दाब-३ख र भक्तपुर-१क का लागि उपनिर्वाचन हुँदैछ। त्यसैगरी उपमहानगरपालिको मेयर १ जना, गाउँपालिकाको अध्यक्ष ३ जना, उपाध्यक्ष १ जना र ४१ वटा गाउँ नगरका वडामा वडाअध्यक्ष गरी कूल ५० स्थानमा निर्वाचन हुँदैछ। यो निर्वाचनमा हाम्रो पार्टी सहभागी छ। यो निर्वाचन सम्बन्धमा तालमेल र अन्य आवश्यक निर्णय गर्ने कार्य प्रदेश समितिलेगर्ने छन्।

यो उपनिर्वार्चन हाम्रोपार्टीका लागि विशेष: ३ वटा कारणले महत्वपूर्ण छ। एक-यो पार्टी एकतापछिको पहिलो निर्वाचन हो। परिणाममा कुनै न कुनै मात्रामा एकताको प्रभाव झल्किनु पर्दछ। हारजित आफ्नो ठाउँमा होला, तर निर्वाचन परिचालन, मतसुधार र जित्ने अधिकतम् प्रयासका हिसाबले कुनै कसर बाँकी राख्नु हुँदैन। दोस्रो-अझै पनि कांग्रेस- कम्युनिष्टजस्ता पुरानै दलमा जनमत अभिव्यक्त भइरहने हो भने तेस्रो ध्रुव र बैकल्पिक पार्टी निर्माणको अभियानमाथि प्रश्न उठ्ने हुन्छ। तसर्थ आसन्न उपनिर्वाचनलाई हाम्रो पार्टीले अत्यन्त महत्वपूर्ण संघर्षका रूपमा लिनु पर्दछ। तेस्रो- उपनिर्वाचन सत्तारूढ पार्टीप्रतिको जनमतको आकर्षण वा बिकर्षण नाप्ने ब्यारोमिटर पनि हो। यदि धेरै नालायकी, भ्रष्टता र अकर्मण्यताका बाबजुद मतपरिणाम नेकपाकै पक्षमा देखिएमा त्यसले निरंकुशता र फासीवादलाई प्रोत्साहन गर्ने छ। त्यो कसैको हितमा हुने छैन।

**अन्त्यमा,**

आदरणीय मित्रहरू !

समाजवादी पार्टी थप एक थान पार्टी हैन। हुनु हुँदैन। हुन सक्दैन। यो पार्टीसंग उत्पीडित राष्ट्रियताहरूको मुक्ति र शोषितपीडित जनसमुदायको भाग्य र भविष्य जोडिएको छ। यो पार्टीसंग जनआन्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, आदिवासी/जनजाति, थारू, खस, मुस्लिम, शिल्पी/दलित, महिला आदि आन्दोलनको गौरव र विरासत जोडिएको छ। यो पार्टीसंग विकास, सुशासन र समृद्धिको सपना जोडिएको छ। यो पार्टीसंग वैकल्पिक शक्ति बनाइछोड्ने नयाँ पुस्ताको सुसंस्कृत राजनीतिको आशा र अपेक्षा जोडिएको छ। तसर्थ समाजवादी पार्टी असफल हुने सुविधामा बनेको पार्टी हैन। यो पार्टी असफल भएमा पार्टी मात्र हैन, देश नै असफल हुनेछ। जस्तो कि अहिले भइरहेको छ। राष्ट्रिय राजनीतिमा ॥वैचारिक तथा राजनीतिक तेस्रो ध्रुव' निर्माण गर्ने हाम्रो प्रष्ट उद्देश्य हो। हामी पुराना शासक पार्टीहरूले गर्ने प्रोपागण्डा र छर्ने भ्रमबाट किमार्थ प्रभावित हुनु हुँदैन। साथै यो तथ्यलाई आत्मसात गर्नु पर्दछ कि तेस्रो ध्रुव भनेको तेस्रो पार्टी हैन। तेस्रो पार्टी भोटको मात्राले निर्धारण गर्दछ, त्यो निर्वाचन नै पिच्छे फरक हुन्छ। तेस्रो ध्रुव विचार र एजेण्डाले निर्माण गर्दछ, त्यो भनेको पुँजीवादी वा साम्यवादी, कंग्रेस वा कम्युनिष्ट हुन खुलेआम अस्वीकार गर्नु हो। हाम्रो महत्वाकांक्षा तेस्रो धार र पहिलो पार्टी हो। वैचारिक हिसाबले एक्काइशौ शताब्दीमा समाजवादको एक नयाँ धार ॥समुन्नत संघीय समाजवाद'को धार हामी निर्माण गर्दैछौं। यसको अझ सुव्यस्थिति विकास र ब्याख्या गर्न जरूरी छ। यसले बुद्धको देशबाट विश्वलाई नै एक नयाँ वैचारिक सन्देश दिने छ। यो पार्टीले हिमाल-पहाड-तराई/मधेसलाई परस्पर सम्मान र वलियो भावनात्मक एकतामा जोड्ने छ। यथास्थितिवादी शासक तथा परम्परागत बर्चश्वमाथि चुनौति खडा गर्ने छ। अधुरो क्रान्तिलाई हामी पूरा गरिछाड्ने छौं। आउँदा केही दशकभित्र समाजवादी पार्टीको नेतृत्वमा सभ्य, सुशासित, समावेशी र संमृद्ध नेपाल बनाई छोड्ने छौं। यो आत्मविश्वासका साथ आ-आफ्नो कार्यक्षेत्रमा डटौं। भविष्य उज्वल छ।

धन्यवाद, अभिवादन !

**अध्यक्ष, संघीय परिषद्**
**समाजवादी पार्टी**

*(समाजवादी पार्टीको प्रथम संघीय परिषद् बैठकमा बिहीबार डा.बाबुराम भट्टराई प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन)*

# दाइजोको निहुँमा घर निकाला गरेको आरोप झुठो : झा

**राकेश यादव**



रौतहट । रौतहट जिल्लाको देवाही गोनाही नगरपालिका वडा नं. ६ कर्कच कर्मैया निवासी सरोज झाले दाइजोको निहुँमा घरबाट निकाला गरेको लगाइएको आरोप गलत रहेको बताएका छन् ।

रोनाल्स झासित कानुनी विवाह गरेको दावी गरेकी जुही कुमारी ठाकुरले दाइजो नल्याएको निहुँमा ससुराली पक्षले घरबाट निकाला गरेको समाचार प्रकाशित भएपछि ससुरा सरोज झाको यस्तो प्रतिकृया आएको हो ।

छोरा जागिरको शिलशिलामा राजविराजमा रहेको पछि रौतहटको गरूडा स्थित सेन्चुरी बैकमा पदस्थापना भएको केही दिन पछि छोरा, श्रीमती माथि महिला तथा बालबालिका सेवा कार्यालयमा उजुरी परेपछि जुही ठाकुरलाई पहिलो पटक देखेको बताउँदै झाले कहिले पनि मेरो घरमा नआएकोलाई घरेलु हिंसा गर्नुपर्ने कुरै नभएको जिकिर गरे ।

बिहीबार गौरमा पत्रकार सितको भेटघाटमा झाले भने अविवाहित छोरा रोनाल्सलाई राजविराजमा कब्जामा लिएर ठाकुरले कानुन विपरित बहुविवाह गरेको दावी गरे ।

बलजवरदस्ती विवाह गरेको छोराले बताएपछि कानुनी उपचारतर्फ छोरा लागेपछि बदनाम गर्ने उद्देश्यले उक्त महिलाले झुठा आरोप लगाएको ठोकुवा गरे ।

उनले हामीमाथि आरोप लगाउने महिलाको १५ वर्षअघि नै विवाह भएको र १२ वर्षको एउटा छोरा समेत भएको बताए ।

मुलुकी देवानी संहिता २०७४ को विवाहसम्बन्धी व्यवस्थामा विवाहित महिलाले जानी जानी अविवाहित पुरूषसित विवाह गर्नु नहने कानुनी व्यवस्था रहेको बताउँदै झाले १५ वर्षअघि विवाह गरेको महिलाले २०७६ भाद्र १५ गतेमा छोरा एकलै भएको अवस्थामा धम्काएर सम्पति लिने उद्देश्यले बलपूर्वक अदालतबाट विवाहको कागज बनाएको दावी गरे ।

कहिल्यै नदेखेको महिलालाई दाइजोको निहुँमा घर निकाला गरेको आरोपमा कुनै सत्यता नरहेको झाको कथन रहेको छ ।

रोनाल्स झाले आफूलाई डरत्रास दिएर अदालतबाट नाता कायम गर्न लगाएको दाबी गरेका छन् । बलपुर्वक नाता कायम गराएछि कार्तिक ३ गतेमा निज जुही ठाकुर माथि रौतहट जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दा दर्ता गराएको बताए ।

मन्जुरी नहुदा पनि एकलै भएको अवस्थामा डर देखाउँदा नाता कायम गर्न बाध्य भएको जिकिर गरे ।

## जनकपुरमा सामा-चकेवाको प्रदर्शनी

जनकपुरधाम । भाई-बहिनीबीच मायाको प्रतिकको रूपमा मनाइने मिथिलाको सांस्कृतिक पर्व सामा-चकेवा लोपन्मुख अवस्थामा प्राय: पुगिसकेको छ । मुख्य रूपले यस पर्वप्रति रूचि राख्ने नयाँ पुस्ता कमै पाउने गरिएको छ । केही वर्ष अघिसम्म अधिकांशले धुमधामका साथ मनाउने सामा-चकेवा अहिले आएर सिमित व्यक्तिले मात्र मनाउने गरेका छन् । मिथिलाको सांस्कृति पर्व सामा-चकेवालाई संरक्षण र प्रवर्द्धन गर्न आवाजहरू समेत उठ्ने गरेको छ । सामा-चकेवा लोप भइरहेको अवस्थामा यसलाई संवर्द्धन गर्ने उद्देश्यले जनकपुरमा प्रर्दशनीको आयोजना गरिएको छ । सामा-चकेवाका बारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले जनकपुरस्थि मिथिला नाट्यकला परिषद (मिनाप) ले पहिलो पटक सामा-चकेवाका सबै पात्रहरूको प्रदर्शनी गरेको हो । प्रदर्शनीमा माटोले तयार पारिएका सामा-चकेवा, चुगला, वृन्दावन, जानकी जन्म, डिहुली, साम्ब, हंसनी, खन्जन, खररीच, रामभैया, भैया बटतकनी, मयुरनी, झाँझुर कुत्तासहिका प्रमुख पात्रहरू राखिएको छ । कवि एवं कलाकार विजय दत्त मणिले तयार पारेका सामा-चकेवाका पात्रहरूको प्रदर्शनी हेर्न उल्लेख्य संख्यामा सर्वसाधारणहरू पुगेका छन् । लोप भइरहेको सामा-चकेवा पर्वलाई सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनीको आयोजना गरिएको मिनापका अध्यक्ष परमेश झाले बताए । प्रदर्शनीले सामा-चकेवाप्रति नयाँ पुस्तालाई जानकारी गराउने मुख्य उद्देश्य रहेको उनको भनाइ थियो । छठको खरना दिनदेखि कार्तिक पूर्णिमासम्म सामा-चकेवा पर्व मनाइन्छ ।

## शिवराजमा १२ जनाको उम्मेद्वारी

कपिलवस्तु । मंसिर १४ गते हुने उपनिर्वाचनको लागि कपिलवस्तुमा १२ जनाको उम्मेदवारी परेको छ । जिल्लाको शिवराज नगरपालिका वडा नं. १० लालपुरमा उप निर्वाचनका लागी १२ जनाले उम्मेदवारी दिएका हुन् । वडा नं. १० को अध्यक्ष पदका लागी नेपाल कम्युनिष्ट पार्टी नेकपाबाट अदालत मनिहार, नेपाली कांग्रेसबाट देवराज भारती, समाजवादी पार्टी नेपालबाट तीर्थ बहादुर रायमाझी, राजपाबाट मन्जु मिश्र, जनमत पार्टीबाट महोमम्द हानिफ गद्दी, राप्रपाबाट बलभद्र मिश्र, राप्रपा संयुक्तबाट नुर महोम्मद मनिहारको उम्मेदवारी परेको निर्वाचन कार्यालयले जनाएको छ । यस्तै ५ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गरेका छन् । शान्त व्यवस्थित तरिकाले उम्मेदवार दर्ता भएको निर्वाचन अधिकृत लोकजंग शाहले बताए । स्वतन्त्र उम्मेदवारमा शिवभक्त नाउ, शिवनारायण कुर्मी,रामप्रसाद कोरी र मोहम्मद रफिक मनिहारको मनोनयन दर्ताको भएको छ ।

## सखुवाप्रसौनी-२ मा ५ को उम्मेदवारी

वीरगन्ज । सखुवाप्रसौनी गाउँपालिका वडा नं. २ को अध्यक्षका लागि ५ जनाले उम्मेद्वारी नामावली दर्ता गराएका छन् । सखुवाप्रसौनी गाउँपलिका वडा नं. ५ मा रिक्त वडा अध्यक्षको पदका लागि ४ वटा राजनीतिक दल र १ स्वतन्त्रमा उम्मेद्वारहरू छन् । समाजवादी पार्टीको तर्फबाट रूपलाल यादव, नेपाली कांग्रेसको तर्फबाट आशेश्वर यादव, नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट उदय शंकर प्रसाद रौनियार, रा.प्र.पा.को तर्फबाट सदरी महरा र स्वतन्त्र उम्मेदवार गोपाल साह कानुले नामावली दर्ता गराएका थिए ।

## एकता र सहकार्य आवश्यक : पौडेल

रूपन्देही । नेपाल कम्युनिष्ट पार्टीका महासचिव विष्णुप्रसाद पौडेलले विकासमा सहयात्रा आजको आवश्यकता भएको बताएका छन् । बुटवल- १३ मा निर्माण गरिएको लायन्स सिद्धबाबा स्वास्थ्य उपचार केन्द्र आज उद्घाटन गर्दै उनले विकासमा सबैको सहकार्य र साझेदारी आवश्यक रहेको उल्लेख गरेका हुन् । सबैको एकता र सहकार्यले नगर, वडा तथा टोलको विकासले फड्को मार्छ भन्दै महासचिव पौडेलले दलगत स्वार्थलाई पन्छाएर साझा जिम्मेवारीका साथ अगाडि बढ्न सबैलाई आह्वानसमेत गरे । रूपन्देहीलाई सडक सञ्जालबाट जोड्न बुटवल-बेलहिया र तिनाउ-दानव नदी करिडोरसहित दर्जनौं सडक आयोजनाको काम निर्माणको चरणमा रहेको चर्चा गर्दै उहाँले यी योजना सम्पन्न हुँदा रूपन्देही पूर्णरूपले विकसित हुने बताए ।

## छुवाछुतमुक्त बनाउने अभियान

धनगढी । कैलालीको कैलारी गाउँपालिकालाई जातीय छुवाछुत मुक्त बनाउने अभियान अगाडि बढाइएको छ । यसै आर्थिक वर्षदेखि जातीय छुवाछुत गाउँपालिका मुक्त घोषणा गर्ने गरी अभियान संचालन गरिएको हो । आउँदो चैत्र मसान्तसम्म छुवाछुतमुक्त गाउँपालिका घोषणा गर्ने जनाइएको छ ।

## प्रदेश १ को उच्च प्राथमिकतामा कृषि : मुख्यमन्त्री

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले विकास र समृद्धिको प्रमुख आधार कृषि भएको बताएका छन् । विराटनगरमा आयोजित साना, भूमिहिन तथा सिमान्तकृत किसानहरूसँग अन्तर्क्रिया कार्यक्रममा मुख्यमन्त्री राईले प्रदेश सरकारले कृषिलाई प्राथमिकतामा राखेको बताए । कृषिको माध्यमबाट देश धनी र जनता सुखी हुने भन्दै मुख्यमन्त्री राईले कृषिको व्यवसायिक, आधुनिकिकरण, औद्योगिकरण र बजारीकरणको आवश्यकता रहेको पनि बताए । 'अहिले कृषि क्षेत्रको अवस्था नाजुक छ, मुख्यमन्त्री राईले भने, यो अबस्थालाई सुधार गर्नुपर्छ ।' कृषि क्षेत्र प्रदेश १ सरकारको उच्च प्राथमिकता रहेकोले व्यवस्थित ढंगबाट कानून, नीति, निर्देशिका बनाएर अगाडि बढ्ने मुख्यमन्त्री राईले बताए । कृषिको माध्यमबाट धनी हुने सरकारको लक्ष्य रहेको बताउँदै मुख्यमन्त्री राईले सहयोग, अनुदान वितरणमा वास्तविक किसानमा पुग्ने गरी काम भइरहेको समेत जानकारी दिए । विगतमा परम्परागत ढंगबाट निर्वाहमुखी कृषि भयो, अब आधुनिक र प्रविधिमैत्री भएर कृषि पेशा गर्नुपर्छ, मुख्यमन्त्री राईले भने । कृषि क्षेत्रबाट आम्दानी बढाएर रोजगारीको अवसर सिर्जना गर्नुपर्ने मुख्यमन्त्री राईको धारणा थियो । कृषि क्षेत्रमा कुनै प्रकारको अभाव नहुने वातावरण प्रदेश सरकारले बनाइरहेको बताउँदै मुख्यमन्त्री राईले अर्गानिक फर्महरू स्थापनामा कृषकहरू लाग्नुपर्ने पनि बताए ।

## मुस्लिमहरूले मनाए मुहम्मद जयन्ती

इमरान खान, कपिलवस्तु । इस्लाम धर्मका प्रवर्तक हजरत मुहम्मद सल्ललाहुतालाको व सल्लमको १४९४ औं जन्मउत्सव देशभरिका मुस्लिमहरूले हर्षोउल्लासका साथ मनाएका छन् । त्यस्तैगरी कपिलवस्तु जिल्लामा लाखौ भन्दा बढि मुस्लिमहरूले र्याली निकाली हर्षेउल्लासका साथ हजरत मुहम्मद सल्ललाहुताला व सल्लमको १४९४ औं जन्मउत्सव मनाएका छन् । नेपालको राष्ट्रिय झण्डा र इस्लामको झण्डा सहित निकालिएको ऱ्याली कपिलवस्तु जिल्लाको कृष्णनगर, चन्द्रौटा, पकडी , तौलिहवा लगायतका विभिन्न ठाँउ-ठाँउमा परिक्रमा गरेका छन् । त्यस्तैगरी कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा लाखौभन्दा बढि मुस्लिमहरूले र्याली निकाली तौलिहवा बजार भरि परिक्रमा गरि कपिलवस्तु जिल्ला तौलिहवाको खेल मैदानमा आएर कोणसभामा परिणत भएको थियो ।

## प्रथम वार्षिक उत्सव तथा साधारण सभा सम्पन्न

बुटवल । प्रदेशका विभिन्न जिल्लामा कार्यक्षेत्र विस्तार गरेको सबल च्याउ तथा कृषि उद्यमी समुह बुटवलको प्रथम वार्षिक उत्सव तथा साधारण सभमा सम्पन्न भएको छ । समुहका अध्यक्ष कृष्णराज पोखरेलको अध्यक्षता तथा प्रदेश ५ भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश सभा सदस्य तुलाराम घर्तीमगर(बसन्त)को विशिष्ठ आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रदेश ५, भुमि व्यववस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले व्यवस्थीत च्याउ ग्राम बनाउनको लागि प्रदेश सरकारले सघाउने बताइन । कार्यक्रममा बोल्दै मन्त्री पौडेले प्रदेश ५ मा व्यवसायीक च्याउ खेती गर्दै आएका किसानहरूको विचमा विशिष्ठकृत सहकारी निर्माण गर्न आग्रह गर्दै उक्त सहकारी मार्फत प्रदेश सरकारले लगानी गर्ने जानकारी दिइन् ।

## अनलाइन माथि कार्यवाही गर्ने चेतावनी

रौतहट । अनलाइन मिडिया प्रति जिल्ला प्रहरी कार्यालय रौतहटले आक्रोश पोख्दै भ्रामक समाचार प्रसारण गर्ने कार्य नरोकिएमा सम्बन्धित निकाय मार्फत क़ानूनी कारबाहीको लागि उपचार खोज्ने चेतवानी समेत दिएका छन् । विना हस्ताक्षरको जारी गरिएको प्रेस विज्ञप्तिमा संघीय संसद प्रतिनिधि निलंवित सांसद मोहमद आफताव आलम पक्राउ प्रकरणमा केहि अनलाइन न्यूज पोर्टलले तथ्यहीन भ्रामक समाचार प्रकाशन गरेर अदालतमा सुनवाई प्रक्रियामा रहेका मुद्दालाइ प्रभावहीन बनाउन खोजिएकोप्रति जिल्ला प्रहरी कार्यालय रौतहटको ध्यानाकर्षण भएको जनाइएको छ । बहाल कानून, विभागीय नीति निर्देशन बमोजिम जिल्ला प्रहरी कार्यालयले आलमलाइ पक्राउ गरिएको भन्दै प्रहरीले आरोपित पक्राउ लगायतको विषयमा जिल्ला प्रहरी कार्यालय रौतहट र जिम्मेवार प्रहरी अधिकृतहरू कर्तव्यच्युत भएको भन्ने उदेश्यले असम्वन्धित कार्यालय र व्यक्तिको सुनियोजित रूपमा जोड़ी केहि अनलाइनले प्रोपगण्डा मचाइरहेको ठहर प्रहरी कार्यालयले गरेका छन् । तथ्यहीन एवं अतिरंजित समाचारप्रति भ्रममा नपर्न सवैलाई प्रहरीले विज्ञप्ति मार्फत आग्रह गरेका छन् । प्रहरीले गैर जिम्मेवार बनेर भ्रमपूर्ण समाचार प्रकाशित गर्ने कार्य जारी रहेमा त्यस्ता संचारमाध्यम र व्यक्ति माथि सम्वन्धित निकाय मार्फत क़ानूनी उपचार खोज्ने समेत धम्की दिएका छ ।

## स्थानीय सम्वाद

# प्रदेश सरकारले हामीलाई वास्तै गर्दैन



**बेचन दास**

**मेयर, विदेह नगरपालिका, धनुषा**

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ बमोजिम कायम स्थानीय तहमध्ये प्रदेश नं. २ धनुषा जिल्लाअर्न्तगत विदेह नगरपालिका २०७३ घोषणा गरिएको हो। प्राचीन मिथिला राज्यको राजा मिथिको वंशमा जन्मेका राजा शिरध्वज जनकको अर्को नाम राजा विदेह पनि हो। मिथिलाको राजधानी जनकपुर थियो। तिनै राजा विदेहको नामबाट यस विदेह नगरपालिकाको नामाकरण विदेह नगरपालिका गरिएको हो।**

**० तपाइँ मेयरको रूपमा निर्वाचित भएको दुई वर्षभन्दा बढी समय भइसक्यो, जनताले महसुस गर्ने के-के काम गर्नुभयो ?**

– धनुषा जिल्लामा सबभन्दा बढी पिछडिएको विदेह नगरपालिका नै हो। यहाँ पिछडिएका वर्ग समुदायको बसोबास छ। त्यसैले यहाँको शैक्षिक अवस्था एक एकदमै दयनीय थियो, हामी निर्वाचित भएर आएपछि शिक्षालाई नै बढी प्राथमिकतामा राखेका छौं। यसैगरी, हामीले बाटोघाटो निर्माण, स्वास्थ्य सेवा लगायतका क्षेत्रमा पनि हामी काम गर्दैछौं। हाम्रो कामबाट जनता सन्तुष्ट नै छन्। हामीले टीम बनाएर नगरपालिकाको विकास निर्माणका कामहरू गर्दै आएका छौं।

**० विदेह नगरपालिकामा किन पछाडि पऱ्यो त ?**

– पहिलादेखि नै यो ठाउँतिर कुनै पनि नेता वा मन्त्रीहरूको ध्यान पुग्न सकेन। विदेह नगरपालिका छिमेकी मित्रराष्ट्र भारतको सीमासँग जोडिएको छ। यहाँ दलित र मुस्लिमहरूको जनसंख्या बढी रहेको छ। यहाँबाट मत लिनेहरूले यहाँका जनताका बारेमा कहिल्यै पनि सोचेनन्, मतदाताको रूपमा मात्र हेरे। हामी निर्वाचित भएर आउँदा चुनौती अवसर दुवै हेरेका छन्। यस्तो पिछडिएको क्षेत्रलाई 'कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारको अभिभारा आत्मनिर्भर र सुन्दर विदेह'को मूल नाराका साथ काम गरिरहेका छौं।

**० पिछडिएको नगरपालिकाको रूपमा रहेको विदेहमा काम गर्न कतिको चुनौती महसुस गर्नुहुन्छ ?**

– जनताले हामीलाई चुनौतीका साथसाथै अवसर पनि दिएका छन्। हामीले चुनौतीलाई स्वीकार गरेर काम गरिरहेका छौं। यहाँ काम गर्न खासै चुनौती छैन। किनभने हामीलाई नगरसभाबाट सहयोग नै प्राप्त भइरहेको छ। कुनै पनि योजना वा कार्यक्रम ल्याउँदा नगरसभाका सदस्यहरूसँग छलफल गरेर सबैको भावना बुझेर नगरपालिकाको काम कारबाही अगाडि बढाइरहेका छौं।

**० नगरवासीले स्थानीय सरकारको अनुभूति गरेका छन् ?**

– हो, अवश्य नै नगरवासीले स्थानीय सरकारको अनुभूति गरेका छन्। पहिला यहाँका जनता मतदाताको रूपमा प्रयोग हुन्थे तर, यस पटक जनताको मतको कदर भएको महसुस गरेका छन्। मत र कर मात्र तिर्दै आएका जनताले अब आफ्नै घरदैलोमा सरकारको अनुभूति गरेका छन्। पहिला सिंहदरबार काठमाडौंमा भनिन्थ्यो तर अहिले गाउँ-गाउँमा भनिएको छ। मुलुकमा तीन तहको सरकार छ, तर केन्द्रीय र प्रदेश सरकारभन्दा पनि जनताले स्थानीय सरकारको अनुभूति बढी गरेका छन्। हामीले बजेट सबभन्दा कम दिइन्छ तर, हामीसँग प्राप्त बजेटबाट नै जनतालाई विभिन्न सेवा सुविधा उपलब्ध गराउँदै आएका छौं।

**० भनेपछि, सिंहदरबार गाउँमा आएकै हो त ?**

– पूर्णरूपमा सिंहदरबार गाउँमा आएको छैन। किनभने लामो समयदेखि ब्युरोक्रेसीले जसरी चलाउँदै आएका थिए, उसले अप्ठ्याराहरू गरिरहेका छन्। ब्युरोक्रेसीले स्थानीय सरकारका विभिन्न कामहरूमा बाधा अवरोध खडा गरिरहेको छ, उसले आफ्नो पूरानो मानसिकता त्याग्न सकिरहेको छैन। केीन्द्रत शासकलाई छोड्न सकेको छैन।

**० प्रदेश सरकारसँग कस्तो सहकार्य हुन्छ ?**

– प्रदेश सरकारले विदेह नगरपालिकासँग सहकार्य गर्न चाहिरेको छैन। प्रदेश २ मा १३६ वटा स्थानीय सरकार रहेका छन्। अहिलेका सत्तारूढ दलले आफ्ना पार्टीको नेतृत्व रहेको स्थानीय तहसँग मात्रै बढी सहकार्य गरिरहेको देखिन्छ। म तत्कालीन नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएको हुँ। सायद म फरक पार्टीबाट भएकोले नै प्रदेश सरकारलाई हामीलाई वास्ता गरेको छैन।

**० मुख्यमन्त्रीको 'बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम विदेह नगरपालिमा आएको छ कि छैन ?**

– यो कार्यक्रमबारे हामीले सुनिरहेका छौं। हामीसँग प्रदेश सरकारले यसका लागि कुनै सहकार्य गरेको छैन। सत्तारूढ दलकै नेता कार्यकर्ताहरूसम्म मात्र यो कार्यक्रम आएको देखिन्छ। मुख्यमन्त्रीजीले माघदेखि जन्मिने छोरी लखपति हुने भनेर घोषणा गर्नुभएको छ। सोहीअन्तर्गत छोरी बीमा कार्यक्रम पनि ल्याइएको छ। तर, हाम्रो नगरपालिकामा १० प्रतिशत पनि यो कार्यक्रम लागू भएको देखिँदैन। हामी पनि एउटा सरकार हो, तर हामीलाई प्रदेश सरकारले वास्ता नै गरिरहेको छैन।

**० तपाइँ आफ्नो कार्यकालभित्र विदेह नगरपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– 'कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारको अभिभारा आत्मनिर्भर र सुन्दर विदेह नगरपालिका' हाम्रो मूल नारा हो। हामी यही लक्ष्य प्राप्तिका लागि आफ्नो कार्यक्रमहरू अगाडि बढाइरहेका छौं। यो नगरपालिका जति पछाडि परेको छ, त्यतिकै उत्कृष्ट बनाउने मेरो सोच छ। यहाँका देखिएका समस्याहरू जुन विगतमा जनताले भोगिरहेका थिए, ती सबै कुरा हामी आफ्नै कार्यकालमा पूरा गर्छौं। पहिला नगरपालिकाको अधिकांश ठाउँमा चारपांग्रे गाडी जाने अवस्था थिएन, शिक्षाको अवस्था त्यतिकै दयनीय थियो, स्वास्थ्य सेवाबाट जनता वञ्चित थिए यी सबै क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने छौं। अहिले संरचना नयाँ भएकोले हामीलाई काम गर्न विभिन्न अप्ठ्याराहरू त आउँछन्।




# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकु**

विश्व परिवेश

# मोदीको सुरक्षा घेरा झन् बलियो



एजेन्सी । भारतीय काँग्रेसको संस्थापक नेतृत्वको रूपमा रहेका गान्धी परिवारलाई लामो समयदेखि उपलब्ध गराईंदै आएको सुरक्षा व्यवस्थापनमा हेरफेर गरिएको छ । भारतीय सरकारले २८ वर्षपछि पहिलोपटक गान्धी परिवारलाई उपलब्ध गराउँदै आएको सुरक्षा व्यवस्थापनमा हेरफेर गरेको हो । गान्धी परिवारलाई २८ वर्षदेखि त्यहाँको विशेष सुरक्षा समूह (एसपीजी) ले सुरक्षा प्रदान गर्दै आएको थियो ।

यो सुरक्षा व्यवस्था कार्यकारी प्रधानमन्त्रीलाई दिइने सुरक्षा सो सरह हो । गान्धी परिवारका लागि अब केन्द्रीय रिजर्व पुलिस फोर्स (सीआरपीएफ) को टोलीले सुरक्षा प्रदान गर्ने जनाइएको छ । भारतीय सरकारको यो निर्णयसँगै अब एसपीजीले सुरक्षा प्रदान गर्ने एक मात्र उच्च पदस्थ नेता प्रधानमन्त्री नरेन्द्र मोदी मात्र भएका छन् । प्रधानमन्त्री मोदी अहिले विशेष सुरक्षा फोर्स ( एसपीजी) का ४ हजार कर्मचारीको बलियो घेरामा रहने एकमात्र उच्चपदस्थ व्यक्ति भएका छन् ।

सरकारको यो निर्णयलगत्तै सीआरपीएफले गान्धी परिवारको सुरक्षाको कमाण्ड लिइसकेको छ । गतहप्ता एसपीजीको सुरक्षा हटाइएपछि सीआरपीएफले सोमबार काँग्रेस आईकी अध्यक्ष सोनिया गान्धी र उनका छोरा राहुल र छोरी प्रियंकाको सुरक्षा जिम्मेवारी लिएको अधिकारीहरूले जानकारी दिएका छन् । भारतीय सुरक्षा अधिकारीहरूका अनुसार केन्द्रीय अर्धसैनिक बलको एउटा टोली सोनिया गान्धीको आवासमा बस्न थालेका छन् । सुरक्षाकर्मीहरूसँग इजरायली एक्स ९५ लगायतका अत्याधुनिक हतियार रहेको समेत बताइएको छ ।

त्यसैगरी सीआरपीएफको टोली सांसद राहुल गान्धीको तुगलक लेन र प्रियंका गान्धीको वाड्राको घर लोधी एस्टेटमा तैनाथ भएका छन् । अधिकारीहरूका अनुसार यसमा विशेषज्ञ कुकुरहरूको टोली पनि छ, जसले तीन काँग्रेस नेताहरूको परिसरको विशेष सुरक्षा गर्नेछ भने एसपीजीले सीआरपीएफलाई केहि दिनको लागि सुरक्षामा मद्दत गर्नेछ ।

एसपीजीले केही समय सहयोग उपलब्ध गराएपछि सीआरपीएफ सुरक्षा टोलीले दिल्ली पुलिस र राज्यका विभिन्न पुलिस बलको सहयोगमा स्वतन्त्र रूपमा सुरक्षा प्रदान गर्ने अधिकारीहरूले जानकारी दिएका छन् । सरकारले गत हप्ता मात्र गान्धी परिवारलाई उपलब्ध गराउँदै आएको एसपीजी सुरक्षा टोली फिर्ता लिने निर्णय गरिएको थियो । यो निर्णयसँगै गान्धी परिवार २८ बर्षपछि पहिलोपटक एसपीजी सुरक्षा बिनाको भएको छ ।

सीआरपीएफ भारतमा चर्किरहेको नक्सलाईट आन्दोलन दबाउन र आन्तारिक सुरक्षा सञ्चालनका लागि निर्माण गरिएको सुरक्षा फोर्स हो । यो प्रमुख सुरक्षा बलले अहिले भारतमा लगभग ५२ जना भीभीआइपीहरूको सुरक्षाको जिम्मेवारी लिएको छ । यसमा केन्द्रीय गृहमन्त्री अमित शाह, पूर्वप्रधानमन्त्री मनमोहन सिंह र उद्योगपति मुकेश अम्बानी र उनकी श्रीमती नीता अम्बानी लगायत पर्छन् । विशेष सुरक्षा समूह (एसपीजी) को गठन सन् १९८८ मा गठन भएको थियो । यो फोर्स गठनको उद्देश्य तत्कालीन प्रधानमन्त्री र उनको परिवारसहित विशिष्ट व्यक्तिलाई विशेष सुरक्षा प्रदान गर्नु थियो । यसको पहिलो आवश्यकता सन् १९८४ मा पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको हत्या भएपछि महसुस भएको थियो ।

उनको हत्या लगत्तै सरकारले सीबीआईको विभागको रूपमा सीधा केन्द्र सरकारको अधीनमा विशेष सुरक्षा टोली गठन गर्ने निर्णय गरेको थियो । एसपीजीको गठन हुनुअघि प्रधानमन्त्रीको सुरक्षाको जिम्मेवारी दिल्ली पुलिसको विशेष शाखाले लिने गरेको थियो ।

*रातोपाटी डटकमबाट*

# सात समुद्र पारी मनाइयो महापर्व छठ



काठमाडौं । सात समुद्र पारी अमेरिकाको हाड जमाउने जाडोमा लोक आस्थाको महापर्व छठ मनाइएको छ । यो लोकपर्वलाई विदेशमा रहेर पनि आफ्नो धर्म कला संस्कृतिलाई जोगाएर राख्नका लागि तथा नेपाली मधेशी संस्कृतिलाई विश्व सामु चिनाउन न्युयोर्क अल्बानी मधेशी समाज, अमेरिकाका मधेशी युवाहरूद्वारा न्युयोर्क राज्यको राजधानी अल्बानीको हिन्दु मन्दिरमा रहेको पोखरीमा यस पर्वको छठ आयोजना गरेका थिए । "नहाय खाय" बाट शुरू भएको पर्व ४ दिनसम्म विभिन्न पूजाआजा गरेर मनाइएको हो ।

२ नोवेम्बर का दिन 'सँझिया घाट' को विधि अस्ताउँदै सूर्यलाई र ३ नोवेम्बेर बिहानका दिन उदाउँदै गरेको सूर्यलाई अर्घ्य दिएर सम्पन्न भएको थियो ।

अमेरिका, नेपाल, भारत, बंगलादेश, पाकिस्तान लगायत विश्वभरि छठ पर्वमा आस्था राख्ने श्रद्धालुहरूको बाक्लो उपस्थिति रहेको थियो ।

छठ व्रती सिम्रौनगढ निवासी निर्मला सिंह र रौतहट निवासी फुला देवी पोखरीमा गएर सूर्य देवतालाई अर्घ्य दिएका थिए । हाड जमाउने जाडोका बीच पनि करीब २०० जनाले सूर्य भगवानको दर्शन गरेका थिए ।

विश्वमा नेपाली मधेशी संस्कृति र कला पहिचानको संवर्द्धनका लागि न्यूयोर्क अल्बानी मधेशी समाज, र छठ पर्वका संजोयक प्रशान्त साहको अगुवाईमा ५१ सदस्यीय कमिटी बनाइएको थियो ।

विभिन्न कार्यक्रम मार्फत नेपाली मधेशी सँस्कृतिलाई विश्व सामु चिनाउन अग्रसरताका साथै नेपाल मधेशमा हरसंभव सहयोगको प्रतिबद्धताका लागि न्यूयोर्क अल्बानी मधेशी समाज, अमेरिका सधैं साथ रहीरहने कुराको जानकारी विजय चंद्रले गराए ।

## राष्ट्रपतिले सम्झिइन् गुरू नानक

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले शिख धर्मावलम्बीहरूको विशेष पर्व गुरू नानक जयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण शिख धर्मावलम्बीहरूमा हार्दिक शुभकामना व्यक्त गरेकी छन् । गुरू नानक जयन्तीका अवसरमा दिएको सन्देशमा राष्ट्रपति भण्डारीले समाजमा शान्ति, सद्भाव, धर्म रक्षा र मानव कल्याणका लागि सबै धर्महरूका बीचमा सद्भाव कायम राख्नका लागि गरेको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल बनाउन सकिने विश्वास व्यक्त गरिन् । सन्देशमा उनले समाजमा विद्यमान जातीय विभेदको अन्त्य गरी सामाजिक न्याय, समानता तथा भ्रातृत्व कायम गर्नुपर्ने गुरू नानकको सन्देशबमोजिम आ-आफ्नो स्थान र भूमिकाबाट योगदान पुऱ्याउन प्रेरणा मिलोस् भन्ने कामना व्यक्त गरेकी छन् ।

## अभियानप्रति अमेरिकी चासो

जनकपुरधाम । प्रदेश नं. २ को सरकारले संचालनमा ल्याएको महत्वाकाँक्षी कार्यक्रम बेटी बचाउ, बेटी पढाउ अभियानप्रति अमेरिकी सरकारले चासो व्यक्त गरेको छ । प्रदेश सरकारको कार्यक्रमबाट प्रभावित भएको अमेरिकी राजदुत ऱ्याण्डी बेरीले आफै जनकपुर पुगेर प्रदेश सरकार, बेटी पढाउ, बेटी बचाउ तथा लक्षित वर्गलाई छुट्टाछुट्टै भेटेपछि कार्यक्रममा सहयोग गर्ने उत्सुकता देखाएका हुन् । तीन दिनदेखि जनकपुरमा रहेको राजदूत बेरी सहितको टोलीले बेटी पढाउ, बेटी बचाउको टोलीसँग छलफल गर्दै सहयोग गर्ने उत्सुकता देखाएको कार्यक्रमका संयोजक प्रियंका यादवले जनाएका छन् । प्रदेश सरकार बेटी पढाउ, बेटी बचाउ कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा १४ हजार साइकल वितरण, एक सय सामुदायिक विद्यालयमा छात्रा शौचालयको निर्माण, करिब ५ हजार नवजात छोरीहरूको बीमा, महिलाहरूका लागि लोक सेवा कक्षाको तैयारी जस्ता बहुआयमिक कार्यक्रमहरू संचालनमा रहेका छन् ।

पशु बली प्रथा न्यूनीकरण,
निरूत्साहन र अन्त्य गर्न सबै
नागरिकहरू सक्रियतापूर्वक लागौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## तीन जना पक्राउ

बाँके । नेपालगन्ज उपमहानगरपालिका-४ गणेशपुरबाट कटुवा पेस्तोल १ थान सहित डडुवा गाउँपालिका-४ उचामसाह बस्ने ३२ वर्षीय मेराज अली सैयदलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले सल्यानी बंगलाबाट बसपार्कतर्फ जाँदै गरेको भे.१ स ८३२६ नम्बरको अटोरिक्सा जाँच गर्ने क्रममा रिक्सामा लुकाई छिपाई राखेको उक्त हतियार फेला पारी रिक्सा चालक सैयदलाई पक्राउ गरेको हो । त्यस्तै चितवन, राप्ती नगरपालिका-६ हर्दीबाट मेड इन युएसए लेखिएको अटोमेटिक पेस्तोल १ थान र ५ राउण्ड गोली सहित २ जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा दाङ तुल्सिपुर नगरपालिका-१२ धनोवरी बस्ने ३७ वर्षीय मधुकर केसीर सल्यान रिम गाउँपालिका-५ बस्ने ३३ वर्षीय नारायण बुढाथोकी रहेका छन् । उक्त स्थानमा बा.८५ प ८०८४ नम्बरको मोटरसाइकल रोकी शंकास्पद रूपमा हिँडिरहेका उनीहरूले ईलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीलाई देख्नासाथ भाग्न खोजे पश्चात दुवैलाई नियन्त्रणमा लिई तलासी गर्दा ५ राउण्ड गोली लोड भएको उक्त पेस्तोल फेला पारेको हो ।

## महतोले गरे आत्महत्या

वीरगन्ज । वीरगंज महानगरपालिका वडा नं. ११ नयाँ वस्तीस्थित आँपको रूखमा झुन्डिएर सुब्बा महतोको छोरा बर्ष ३६ को रामा महतोले आत्महत्या गरेका छन् । श्रीपुर, पर्साबाट प्रहरी टोली खटि गई घटनास्थल लाशजाँच मुचुल्का लगायतका प्रारम्भिक अनुसन्धान कार्य गरेको छ । आत्महत्याको कारण अहिलेसम्म खुल्न सकेको छैन ।

मधेश अपडेट

## रौतहटमा सामाचकेवा महोत्सव

रौतहट । रौतहट जिल्लाको उत्कृष्ट मेलाको रूपमा लाग्ने सामाचकेवा महोत्सव संन्तपुरमा बुधबारदेखि शुरू भएको छ । चन्द्रपुर नगरपालिका वडा नं ८ सन्तपुरमा विगत वर्षझैं यस वर्ष समेत मेला लागेको हो । सन्तपुर मेला ४४ औ वर्षमा प्रवेश गरेको मेला आयोजक समितिका अध्यक्ष प्रमोद चौधरीले बताए । थारू समुदायका सामाचकेवा पर्वका अबसरमा हरेक बर्ष मेला लाग्दै आएको छ । मेलाको उद्घाटन रौतहट क्षेत्र नं ४ का संघीय सांसद देव प्रसाद तिमल्सिनाले गरेका हुन् । मेलामा थारू कल्चर डान्स, थारू झाकी, थारू संस्कृति झल्काउने विभिन्न कार्यक्रम हुने मेला समितिका अध्यक्ष प्रमोद चौधरीले बताए । मेलामा मौतका कुवा, पिंग र बालबालिकाका लागि मनोरञ्जनात्मक साधनहरू रहेका छन् ।

## लुम्बिनीमा बढ्दै चिनियाँ पर्यटक

भैरहवा । पछिल्लो समय बुद्ध जन्मस्थल लुम्बिनी भ्रमणमा आउने चिनियाँ र म्यानमारका पर्यटक बढ्दै गएका छन् । अघिल्लो वर्ष भदौ १३ गते म्यानमारका राष्ट्रपति विन मिन्टको लुम्बिनी भ्रमणपछि त्यहाँका नागरिक लुम्बिनी घुम्न अत्यधिक आएका छन् । राष्ट्रपति मिन्टको भ्रमणले म्यानमारेली नागरिकमा लुम्बिनीको महत्व थप बढेको जानकार बताउँछन् । सामान्यरूपमा बढिरहेका चिनियाँ पर्यटक अघिल्लो महिना राष्ट्रपति सी चिनफिङको भ्रमण पछि अझै बढ्ने अपेक्षा गरिएको छ। नेपाल भ्रमणका क्रममा सीले आफ्ना नागरिकलाई नेपाल घुम्न आह्वान गरेका थिए । चिनियाँहरूमा लुम्बिनीप्रतिको मोह विस्तारै बढ्दै गएको देखिन्छ । त्यहाँका राष्ट्रपति सीको नेपाल भ्रमण भइसकेकाले आगामी दिनमा चिनियाँ अझै धेरै आउने अपेक्षा छ ।

## विद्यालय भवन शिलान्याश

वीरगन्ज । सुफ्फह आयडियल एकेडमी (इस्लामिक स्कूल) को नयाँ भवनको शिलान्याश वीरगन्ज महानगरपालिकाको वडा नं. १४ स्थित बहुअरीमा भएको छ । शिलान्याश कार्यक्रमका प्रमुख अतिथि नेकपा वीरगन्जका महानगर अध्यक्ष कमरेड रहबर अन्सारीले सकारात्मक सोचका साथ आफ्नो बालबालिकाहरूलाई पढाऔं जो देशका असल नागरिक बन्न सकोस् भने अभिभावक र शिक्षकहरू तथा व्यवस्थापन पक्षलाई सुझाएका थिए साथै बिना शिक्षाको देश विकाशमा कुनै सहयोग हुन सक्दैन त्यसैले अभिभावक तथा शिक्षकहरूलाई आफ्नो डियुटी मात्र नबुझेर असल नागरिक बनाउनमा सहयोग गर्न बताएका थिए । त्यसैगरी इस्लामिक संघ नेपालका पर्सा जिल्ला अध्यक्ष जमिल अख्तरले इस्लामी शिक्षाबारे प्रकाश पार्दै आजको युगमा आधुनिक शिक्षाको पनि त्यति नै आवश्यकता छ त्यसैले हामी इस्लामिक शिक्षा र सरकारी स्तरका शिक्षालाई समावेश गरिएको व्यहोरा जानकारी गराएका थिए ।

## प्रदेशसभा अवरूद्ध गर्ने चेतावनी

जनकपुरधाम । झण्डै दुई महिनापछि बसेको प्रदेश २ को प्रदेशसभा बैठकमा विपक्षी सांसदहरूले सरकारलाई अगामी बैठकदेखि अनिश्चितकालिन अवरूद्धको चेतावनी दिएका छन् । विशेष समयमा बोल्दै प्रमुख प्रतिपक्ष नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)का सचेतक सुन्दरबहादुर विश्वकर्माले सरकार गत वर्षमा सम्पन्न भएको योजनाको हालसम्म भुक्तानी नगरेको भन्दै आक्रोश पोखे । उनले भुक्तानीका लागि सम्पन्न योजनाको अनुगमन गर्न संसदीय समिति गठन भएपनि दुई महिना बितिसक्दा पनि भुक्तानी गर्ने छाँटकाट नदेखिएको गुनासो गरे । सांसद विश्वकर्माले गत आर्थिक वर्षको अन्तिममा विकास निर्माणको काम सुरू गर्दा ठूलो रकम फ्रिज भएको भन्दै यस आर्थिक वर्षमा छिटोभन्दा छिटो नयाँ कार्यविधी बनाएर विकास निर्माणको काम थालनी गर्न सरकारको ध्यानाकर्षण समेत गराए । उनले अहिले विकास निर्माण गर्ने समय रहेको भन्दै तत्काले कार्यविधि बनाएर काम सुरू गरेमात्र परिणाम राम्रो हुने बताए । उनले सरकार गम्भीर नभए अगामी बैठकबाट सदन चल्न नदिने चेतावनी समेत दिए ।

## समाजवादीले कांग्रेसलाई सघाउने

विराटनगर । मोरङको धनपालथान गाउँपालिका २ मा हुने उपनिर्वाचनमा समाजवादी पार्टीले नेपाली कांग्रेसलाई सघाउने भएको छ । दुई पार्टीबीच हुने चुनावी सहकार्यका बारेमा बुधबार विराटनगरमा पत्रकार सम्मेलन गरेर जानकारी गराइएको हो । कांग्रेस जिल्ला सभापति डिगबहादुर लिम्बूले दुई तिहाइको कम्युनिस्ट सरकारको दम्भ र घमण्ड तोड्न दुवै पार्टी एक भएर निर्वाचनमा होमिएको जानकारी दिए । समाजवादीका जिल्ला अध्यक्ष राजकुमार यादवले आफ्नो पार्टीले वडाको उपनिर्वाचनमा कांगेस उम्मेदवार नारायण साहलाई सहयोग गर्ने बताए । तत्कालीन एमालेका वडाध्यक्ष बलीराम भगतको २०७५ जेठ २४ गते सर्पले डसेर मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको हो । मंसिर १४ गते हुने उपनिर्वाचनमा नेकपाले पंकज मण्डललाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको छ ।

## मुसहर युवा निःशुल्क शिक्षा दिँदै

धनुषा । विदेशबाट आई चारैतिर घुम्ने, राम्रो लुगा लगाउने, खाने, ऐश्वर्य जीवन जिउने प्रायजसोको सोच हुन्छ । तर, धनुषा जिल्ला लक्ष्मिनियाँ गाउँपालिका वडा नं २ सिनुरजोडा निवासी श्रीदेव सदाले विदेशबाट फर्किने लगत्तै आफ्नो टोलमा १३० जना मुसहर, यादव, मण्डल, साह लगायत अन्य जातिको बालबालिकाहरूलाई निःशुल्क शिक्षा दिने काम शुरू गरेका छन् । आफ्नै घरको अगाडी रहेको खाली ठाउँमा साझँको २ घण्टा पढाउने काम गर्ने गरेका छन् । उनी भन्छन्, अरूको जस्तो निःशुल्क शिक्षा दिने नाममा भजाउने, कमाउने उद्देश्य छैन, अनपढ नेपालीले जुन दुःख पीडा विदेशमा गएर भोग्नुपरेका छन् त्यो दुःख पीडा कसैले भोग्नु नपरोस भने उद्देश्यको साथ निःशुल्क शिक्षा दिइरहेको छु । विदेशमा अनपढ व्यक्तिहरूले अपमान, हेला खेप्नुको साथै कडा गर्मीमा भोकै प्यासै कमाएको पैसा घर पठाउने वेलामा केही नजानेकोले पढेलेखेका व्यक्तिलाई पैसाको साथै नास्ता खुवाउने, रिचार्ज कार्ड दिनुपर्ने बाध्यता परिस्थिति झेल्नुपरेका छन् । साथै ठगिएका, कमाएको पैसा पनि नपाएका कति जना भेटिएको कुरा उनले सुनाए ।

## ब्राउन सुगरसहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह चोकबाट दाङ घोराही उपमहानगरपालिका-१५ बस्ने २० वर्षीय आईस न्यौपानेलाई ब्राउन सुगरसहित पक्राउ गरिएको छ । ६ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगरसहित मंगलबार साँझ प्रहरीले उनलाई पक्राउ गरेको हो । साथै न्यौपानेलाई लागूऔषध ओसारपसारमा सहयोग गर्ने गरेको अभियोगमा दाङ घोराही उपमहानगरपालिका-१३ बस्ने २६ वर्षीय जोन भन्ने कुल बहादुर बुढामगरलाई समेत नेपालगंज उपमहानगरपालिका-२ पुष्पलाल चोकबाट प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरोबाट संयुक्त रूपमा खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

## प्रभावकारी बन्दै छोरी बचाऊ कार्यक्रम

विराटनगर । पहिलो सन्तान छोरी भएपछि दोस्रो सन्तान छोरा होस् भन्ने आशाले लिंग परीक्षण गरि छोरी भए भ्रुण हत्या गर्ने क्रम विराटनगर महानगरपालिकामा पछिल्लो समय बढ्दै गएको छ । यस्तो प्रवृत्तिलाई रोक्न विराटनगर महानगरपालिकाका उप-प्रमुख इन्दिरा कार्कीको पहलमा संचालनमा आएको छोरी बचाऊ अभियान प्रभावकारी बन्दै गएको छ । महानगरपालिकाले बनाएको नीतिअनुरूप पहिलो सन्तान छोरी भए दम्पतीलाई नगद पुरस्कार दिने अभियानबाट सुरू भएको उक्त कार्यक्रम प्रभावकारी बनेपछि त्यसलाई बिस्तार गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा दोस्रो सन्तान पनि छोरी हुने दम्पतीलाई प्रोत्साहन स्वरूप छोरीको नाममा मुद्दति खाता खोलेर २५ हजार रूपैयाँ जम्मा गर्ने कार्यक्रम महानगरपालिकाले अगाडि सारेको छ ।

## वनका अध्यक्ष नै काठ चोरीमा संलग्न

रौतहट । जिल्लामा रहेको एक सामुदायीक वनका अध्यक्ष नै काठ चोरीमा संलग्न रहेको पाइएको छ । काठ चोरी तस्करीमा सामुदायिक वनका पदाधिकारी वन कर्मचारीको मिलेमतो रहने गरेको रहस्य खुलेको हो । जंगलसहिया सव वन डिभिजन कार्यालयको मातहतमा रहेको अंजुमन सामुदायिक वनका अध्यक्ष मुन्ना भन्ने सभुन देवान नै काठ चोरीमा संलग्न रहेको वन कार्यालयले पक्राउ गरेकी एक महिलाले रहस्य खोलेकी हुन् । केही दिन पहिला जनजुमन सामुदायिक वनमा काठ चोरी तस्करी गर्न गएका समूह मध्यबाट एकजना महिला पक्राउ परेपछि उनले वन कार्यालयका कर्मचारीलाई दिएको नाम अनुसार सामुदायिक वनका अध्यक्ष देवानसहित अन्य दुई जना काठ चोरी तस्करीमा संलग्न रहेका हुन् ।

## विश्व नेपाली साहित्य महोत्सव हुने

धनगढी । कैलालीको धनगढीमा विश्व नेपाली साहित्य महोत्सव आयोजना हुने भएको छ । सुदुरपश्चिममाञ्चल साहित्य समाजले आउँदो फागुन ६ देखि १२ गतेसम्म विश्व नेपाली साहित्य महोत्सव आयोजना गर्न लागेको छ । नेपाली भाषा, साहित्य र संस्कृतिलाई विश्वभरि चिनाउने उद्देश्यले विश्व नेपाली साहित्य महोत्सव आयोजना गर्ने जमर्को गरेको समाजको अध्यक्ष रामलाल जोशीले बताए । यसले नेपाली भाषाको उद्मस्थलको रूपमा रहेको काली-कर्णाली क्षेत्रको गौरवगाथालाई अझैमाथि उकास्ने छ, उनले भने । यसका साथै पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्नेछ । महोत्सवमा नेपालका र अन्य विभिन्न देशबाट आमन्त्रित बढीमा पाँच सय जनाको सहभागिता रहने आयोजकले पत्रकार सम्मेलन गरी जानकारी दिएका छन् ।

## नगरपालिका सडक मानवमुक्त घोषणा

नेपालगन्ज । बाँकेको कोहलपुर 'सडक मानवमुक्त नगर' बन्नेको छ । कोहलपुर नगरपालिकालाई सोमबार कोहलपुर नगरपालिकामा आयोजित एक औपचारिक कार्यक्रममा सडक मानवमुक्त नगर घोषणा गरिएको हो । नीलसागर आश्रम नेपालगन्जको समन्वय तथा सहजीकरणमा कोहलपुर नगरपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त नगरपालिका घोषणा गरिएको नगरपालिकाका प्रमुख लुटबहादुर रावतले बताए । कोहलपुर नगरपालिका क्षेत्रभित्रका सडकमा रहेका मगन्ते, फकिर, असहाय, बोवारिसे, अनाथ तथा कुनैपनि मनोसामाजिक अवस्थाका मानिसको उद्धार गरिसकिएकाले यस्तो घोषणा गरिएको उनले बताए ।

# पुनर्निर्माणका लागि तीन अर्ब १० करोड प्रदान



काठमाडौं । भारत सरकारको तर्फबाट भारतीय निर्यात-आयात बैंक (एक्जिम) ले नुवाकोट र गोर्खा जिल्लामा आवास निर्माणका लागि भारत सरकारले प्रदान गरेको तेस्रो किस्ताको शोधभर्नाका लागि सहुलियत ऋण व्यवस्थामार्फत ने.रू. ३ अर्ब १० करोड नेपाल सरकारलाई प्रदान गरेको छ । नुवाकोट तथा गोर्खा जिल्लाका ५०,००० निजी घर पुनर्निर्माणका लागि एक्जिम बैंकले ऋण व्यवस्था मार्फत ५० मिलियन अमेरिकी डलर उपलब्ध गराउने वाचा गरेको थियो । यसका अतिरिक्त भारतले यी घरहरूको निर्माणका लागि अनुदानस्वरूप १०० मिलियन अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता गरेको थियो ।

भारतले हालसम्म घरधनीहरूलाई पहिलो र दोस्रो किस्ता गरी ने.रू. ६ अर्ब ९६ करोड (६९.६ मिलियन अमेरिकी डलर) प्रदान गरिसकेको छ । घरधनीहरूलाई नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुरूप भूकम्प प्रतिरोधी घर निर्माण गर्न प्रोत्साहन गर्नका लागि भारत सरकारले सामाजिक-प्राविधिक सहजीकरणको सुविधा प्रदान गर्दै आएको छ । नेपालमा भूकम्प पश्चातको पुनर्निर्माण परियोजना सम्पन्न गर्न नेपाली जनता तथा नेपाल सरकारलाई निरन्तर सहयोग गर्न भारत सरकार प्रतिबद्ध रहेको भारतीय राजदूतावासले जारी गरेको विज्ञप्तिमार्फत जनाएको छ ।

# गुरूनानक जयन्ती मनाइयो



काठमाडौं । सिख धर्मका संस्थापक एवम् प्रथम गुरू गुरूनानक देवको ५५० औं जयन्ती काठमाडौंमा धुमधामका साथ मनाइएको छ । नेपालका सिख समुदायले पनि धुमधामका साथ यो पर्व मनाएको छ । कात्तिक शुक्ल पूर्णिमाका दिन मनाइने गुरूनानक देव जयन्तीलाई प्रकाश पर्व पनि भनिन्छ । गुरूनानक देवले सिख धर्म ग्रन्थ 'गुरू ग्रन्थ साहेव' को रचना गरेका हुन् । उनले जातिवादको अन्त्य गरी मानवतावादी दर्शन स्थापना गरे । गुरूनानक देवलाई अन्य धर्मावलम्बीले सन्तका रूपमा सम्मान गरिन्छ । यस अवसरमा काठमाडौंको पशुपतिस्थित राजराजेश्वरी निर्मल अखाडामा 'गुरू ग्रन्थ साहेव' पाठ गराउनुका साथै साधुसन्तलाई भोजन गराइएको छ । यसैगरी पशुपतिकै भष्मेश्वर, ज्ञानेश्वर र कुपण्डोलस्थित गुरूद्वारामा विविध कार्यक्रम आयोजना गरिएको छ ।

## सीमा विवादबारे कुटनीतिक पहल

काठमाडौं । नेपाल-भारतबीच कालापानी सीमा विवादबारे दुई देशका अधिकारीबीच कूटनीतिक पहल सुरू भएको छ । नयाँदिल्लीस्थित नेपाली राजदूतावासले भारतीय नेतृत्वसँग भारतले आफ्नो नक्सामा राखेको नेपाली भूमिबारे छलफल थालेको छ । राजदूत निलाम्बर आचार्यले भारतीय विदेशसचिव विजय गोख्लेसँग भेट गरेर सीमा विवादबारे कुराकानी गरेका हुन् । 'राजदूत आचार्य र विदेश सचिव गोख्लेबीच गोख्लेकै कार्यकक्षमा भेटवार्ता भयो । वार्ताका क्रममा सीमा विवादलगायत दुई पक्षीय सम्बन्धबारे छलफल भयो,' दूतावासले सोमबार ट्विट गर्दै जानकारी दिएको छ । दूतावासका अनुसार भेटमा राजदूत आचार्यले कालापानी क्षेत्र नेपालको भएको अडान दोहोऱ्याउँदै सीमामा देखिएको समस्या वार्ताबाट तुरून्त हल गर्नु पर्ने धारणा राखेका थिए । अहिले नै जारी प्रक्रिया वा आवश्यक परे नयाँ प्रक्रियाबाट भए पनि विवाद चाँडै समाधान गर्नु पर्नेमा आचार्यले जोड दिए । जम्मु कस्मिरलाई दुई केन्द्रशासित क्षेत्र बनाउन भारतले जारी गरेको नयाँ राजनीतिक नक्सामा नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा पनि समेटेपछि नेपालमा विरोध भइरहेको छ ।




## आर्थिक समाचार

### इन्द्रराजले जिते दुई गुणा बढी रकम

काठमाडौं । दसैंमा आइएमईको डबलको डबलको डबल अफरअन्तर्गत सातौं हप्ताको विजेता इन्द्रराज शेरचन घोषित भएका छन् । शेरचन सिस्टममा आधारित 'लक्की ड्र' मार्फत विजेता घोषित भएका हुन् । सेवाग्राहीले युकेबाट अफर अवधिमा आइएमई मार्फत नेपालमा रहेका आफन्तलाई पैसा पठाएका थिए । वहाँले युके स्थित रिया मनि ट्रान्सफर मार्फत रू ५०,१३७र( नेपालमा पैसा पठाएका थिए र जसको दुई गुणा हुन आउने रकम रू १००,२७४र( जितेका छन् । पुरस्कार राशी सेवाग्राही शेरचनको सिफारिसमा उनका आफन्त चेलीमाया गौचनले ग्रहण गरेकी हुन् । आइएमईले पर्व लक्षित दसैंमा डबलको डबलको डबल अफर सार्वजनिक गरेको थियो । उक्त अफर २०७६ साल भदौ १५ गतेदेखि कार्तिक मसान्त (तद्नुसार सेप्टेम्बर १ देखि नोभेम्बर १६, २०१९) कूल ७७ दिनसम्म कायम रहनेछ ।

### बैंक र हस्पिटलबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. र ब्लू क्रश हस्पिटल प्रा.लि.बीच हस्पिटलले बैंकका ग्राहक तथा कर्मचारीहरूलाई प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिने छुटसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकको बजार तथा व्यवसाय प्रबर्द्धन प्रमुख शान्ता शिवाकोटी र ब्लू क्रश हस्पिटल प्रा.लि.को व्यवस्थापन समितिका सदस्य-सचिव रजत कृष्ण श्रेष्ठले हस्ताक्षर गरेका छन् । सम्झौतापश्चात ब्लू क्रश हस्पिटल, त्रिपुरेश्वरमा उपचार गराउँदा ग्लोबल आइएमई बैंकबाट डेबिट, क्रेडिट, प्रिभिलेज कार्ड लिएका बैंकका ग्राहक तथा ग्लोबल आइएमई बैंकका कर्मचारीले अस्पतालले प्रदान गर्ने विभिन्न सेवामा विशेष सहुलियत पाउने छन् ।

### वाणिज्यको नयाँ शाखा धनगढीमा

कैलाली । राष्ट्रिय वाणिज्य बैंकले कैलालीको धनगढीमा सुदुरपश्चिम प्रादेशिक कार्यालय संचालन गरेको छ । सुदुरपश्चिम प्रादेशिक मुख्यमन्त्री त्रिलोचन भट्टले सोमबार कार्यालयको उद्घाटन गरे । उक्त अवसरमा मुख्यमन्त्री भट्टले सरकारको लगानीमा संचालित संस्थानको कार्यसम्पादन विगतमा सन्तोषजनक नभए पनि हालको समयमा राष्ट्रिय वाणिज्य बैंक उदाहरण बनेको बताए । सेवा प्रवाहमा गुणस्तरीयका लागि सम्पूर्ण ग्रहाकलाई समान व्यवहार गर्नुपर्ने बताउँदै उनले सरल र सहज बैंकिङ सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए, बैंकको सुदुरपश्चिम प्रदेश कार्यालयका प्रादेशिक प्रबन्धक रणबहादुर चन्द नियुक्त भएका छन् ।

### एसपिएससम्बन्धी अन्तर्क्रिया

विराटनगर । खाद्य पदार्थ आयात-निर्यात एवं सेनिटरी एन्ड साइटो-सेनिटरी -एसपिएस) सँग सम्बन्धित सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । मोरङ व्यापार संघ र नेपाल सरकार, खाद्य आयात-निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयय विराटनगरको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा खाद्य आयात-निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय विराटनगरका तर्फबाट एसपिएस सम्झौता र खाद्य पदार्थ आयात-निर्यातसम्बन्धी विद्यमान व्यवस्थाबारे कार्यपत्र पस्तुत गरिएको थियो । कार्यक्रममा व्यवसायीले हाल भोगिरहेका समस्याबारे चर्चा गरेका थिए ।

### एनसेलको "अल नेट भ्वाइस प्याक"

काठमाडौं । एनसेलका प्रिपेड ग्राहकहरूले अब देश भित्र अन्य नेटवर्कमा रहेका आफ्ना साथीभाइ र आफन्तजनहरूसँग सुलभ दरमा कुरा गर्न सक्नेछन् । एनसेल प्राईभेट लिमिटेडले 'अल नेटवर्क भ्वाइस प्याक' अफर संचालनमा ल्याएको छ । यसअन्तर्गत ग्राकहले कर बाहेक प्रतिमिनेट रू १ को दरमा देश भित्रको सम्पूर्ण नेटवर्कमा कल गर्न सक्छन् । यो अफर बाहेक विद्यमान शुल्कअनुसार एनसेलका ग्राहकले अन्य सेवाप्रदायकको नेटवर्कमा कल गर्दा कर बाहेक प्रतिमिनेट रू १.९९ लाग्दछ । यो अल नेट भ्वाइस प्याक मंगलबारदेखि संचालनमा आएको छ । यस प्याकअन्तर्गत ग्राकहले २० मिनेटको अल नेटवर्क टक टाइम (देशका अन्य कुनै पनि टेलिकम सेवा प्रदायकको नेटवर्कमा कल गर्न मिल्ने) कर बाहेक रू २० (कर सहित रू २५.५४) मा लिन सक्छन् । यसरी देश भित्रको अन्य नेटवर्कमा सुलभ दरमा कल गर्न सकिने अफर ल्याइएको यो पहिलो पटक हो । यो प्याक सुचारू गर्न चाहने एनसेलका ग्राहकले एष्ट्रिक्स १७११८ एष्ट्रिक्स ७ ह्यास डायल गर्न सक्छन् । प्याक सुचारू गरेपछि २४ घण्टाका लागि मान्य हुनेछ । यो प्याकले ग्राकहलाई थप मुल्य प्रदान गर्ने र अन्य नेटवर्कमा रहेका आफ्ना साथीभाई र आफन्तजनहरूसँग सुलभ दरमा सम्पर्कमा रहि रहन मद्दत गर्ने विश्वास एनसेलले लिएको छ । यो अफर माघ २६ गतेसम्म संचालनमा रहने छ ।

## विवादलाई अन्तर्राष्ट्रियकरण नगरौं : दाहाल

काठमाडौं । सत्तासीन नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले भारतले मिचेको भनिएको नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुराको विषयलाई तत्काल अन्तर्राष्ट्रियकरण नगर्न सुझाव दिएका छन् । भारतले नेपालको सीमा मिचेको बारेमा संघीय संसदको राज्यव्यवस्था समितिले डाकेको छलफलमा बोल्दै अध्यक्ष दाहालले भने, 'अहिले यसलाई अन्तर्राष्ट्रियकरण नगरौं ।' पूर्व प्रधानमन्त्रीसमेत रहेका दाहालले भने, 'यदि गम्भीर वार्ता गर्दा पनि समाधान नभए पछि हेरौंला ।' समितिले बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत बोलाइए पनि उनी उपस्थित भएनन् । ऐतिहासिक तथ्य, प्रमाण र दस्तावेज लिएर भारतसँग प्रस्ट कुरा गर्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिए । महाकाली नदीको मुहान लिम्पियाधुरा भएको स्पष्ट दस्तावेज रहेकाले लिम्पियाधुरा पूर्वको क्षेत्र नेपाल र पश्चिम क्षेत्र भारत रहेको विषयमा कुनै अन्योल नरहेको दाहालको भनाई थियो । विगतमा स्थिरसरकार नहुँदा यस्ता समस्या देखिएको उल्लेख गर्दै अध्यक्ष दाहालले भारतसँग गम्भीर वार्ता गर्ने उपयुक्त समय अहिले नै भएको बताए ।

## सीमा विवादको...

मनबाट हटाउनुपर्छ । राष्ट्रको सीमा भनेको संवेदनशील तत्व हो । देशको सानो-तिनो भाग मिचिदै गयो भने अन्ततोगत्वा देशको सीमा नै नरहन सक्छ । देश नै विखण्डन हुनपुग्छ । सीमा समस्या तथा अतिक्रमणजस्ता राष्ट्रिय मुद्दालाई संवेदनशील विषयका रूपमा लिनु पर्छ । यसलाई ओझेलमा पार्नु हुँदैन ।

सीमा समस्या समाधानका निम्ति दुवैतर्फको उत्तिकै मात्रामा सहभागिता रहनु पर्छ । किनकि सीमा भनेको दुवै देशको साझा कुरो हो । यसैले एकअर्काको धारणा बुझ्ने-बुझाउने सुन्ने-सुनाउने विषयवस्तुमा उत्सुकता र तदारूकता रहनु पर्छ । यिनै परिप्रेक्षमा नेपाल र भारतबीचको सीमा मामिला आपसी समन्वय, सद्भाव र सकारात्मकतामा सदाका लागि समाधान गर्नु पर्छ । दुवै देशबीच दौत्य सम्बन्ध अझ सुदृढ र प्रगाढ पार्ने हो भने सकेसम्म आपसी वार्ता, विश्वास, समझदारी र समन्वयमा मामिला समाधान गरिनु पर्छ ।

## सुदृढ समाजवादको...

अधिकार भएको समान अवसर प्राप्त भएको लोकतन्त्र नै समावेशी लोकतन्त्र हो ।

समाजवादमा समानता सँगसँगै सम्पन्नता पनि चाहिन्छ । गरिबहरूको बीचमा हुने असमानताले समाजवाद ल्याउँदैन । जातीय, वर्गीय र लैगिंक असमानता अन्त्य भएको समाज निर्माण गर्नु नै वास्तवमा समाजवादी हो । यस दिशा तर्फ जानका लागि संघीयतालाई संस्थागत गर्नु आवश्यक छ । संघीयता संविधानमा त लेखियो तर संघीयताको गुणहरूलाई संविधानले समेट्न सकेन । पञ्चायत कालमा निर्दलीय प्रजातन्त्र भने झैं अहिले संघीयता भन्ने तर त्यसमा पहिचान, प्रादेशिक स्वायत्तता, समानतालाई हटाइदिने ? यो संघीयतालाई कसरी समृद्ध बनाउने त्यसको लागि अहिलेको संविधानलाई संशोधन गर्नुपर्ने छ ।

हाम्रो जस्तो बहुभाषिक, बहुसांस्कृतिक, बहुभाषिक विविधता भएको मुलुकमा यी सबैको साझेदारी र प्रतिनिधित्व बिनाको राजनीतिक प्रणालीले यो मुलुकको भविष्य छैन । यी सबैको समावेशीता, पहिचान, भाषा संस्कृतिको मान्यता सहितको लोकतन्त्र नै समावेशी लोकतन्त्र हो । यो लोकतन्त्र अधिकारको रूपमा पनि समावेशी हुने, अल्पसंख्यक समुदायहरूको अधिकारलाई कसरी सम्बोधन गर्ने भन्ने विषयहरू अहिलेको संविधानमा सम्बोधन हुन सकेको छैन । विभेदसहितको समाजवाद सम्भव छैन । विभेद र असमानतालाई बोकेर लोकतन्त्रको कुनै भविष्य हुँदैन । त्यसैले अहिले हामीले ल्याएको एक खालको राजनीतिक लोकतन्त्र हो, संघीयता तर्फ डोऱ्याएको प्रणाली हो तर सामाजिक लोकतन्त्र बिना राजनीतिक लोकतन्त्रको कुनै अर्थ छैन । लोकतन्त्रको सामाजिक स्वरूप र लोकतन्त्रको आर्थिक न्यायसँग जोडिनुपर्छ । आज नेपालमा प्रत्येक विपन्न वर्गले राज्यको अनुभूति गर्न सकेको छैन । जसको कोही पनि छैन त्योसँग राज्य हुनुपर्दछ र त्यसलाई हामी सामाजिक न्यायको रूपमा व्याख्या गर्दछौं ।

अहिले पनि दुईतिहाई भन्दा बढी जनसंख्या भएको समुदाय मुलधारबाट राज्यको नीति, निर्माण लगायतका अवसरबाट बञ्चित भइरहेको जस्तो देखिन्छ । सामाजिक, आर्थिक, राजनीतिक बहिष्करणमा परेको समुदायलाई मुलप्रवाहमा नल्याएसम्म हाम्रो देश समिृद्ध बन्न सक्दैन ।

हामी प्राकृतिक रूपमा धेरै धनी छौं । जलस्रोतमा विश्वको दोस्रो ठूलो देश, पर्यटकीय दृष्टिले विशाल सम्भावनाहरू छ, यति राम्रो हिमाल, पहाड र तराई छ हामीसँग । हामी कहाँ सांस्कृतिक विविधता छ तर यति हुँदाहुँदै पनि नेपाल संसारको गरिब मुलुक मध्येको एक हो किन ? दुई तिहाईभन्दा बढी जनसंख्या भएको समुदायलाई राज्यद्धारा शदिऔंदेखि बहिष्करण र उत्पीडनमा पारिएको कारणले नै नेपाल पछाडि परेको हो । यस्तो विभेद र असमानता रहिरहने हो भने हामी गरिब देश सुचीबाट माथि उठ्न सक्दैनौं । जातको आधारमा हुने विभेदलाई अन्त्य नगरिकन समाज अगाडि बढ्दैन ।

*('नेपालको सन्दर्भमा समाजवादी लोकतन्त्र' पुस्तक विमोचन कार्यक्रममा यादवले गरेको सम्बोधनको सम्पादित अंश)*




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं